# कोशी पहाडी जिल्लाहरूमा वन स्रोत, वन उद्यम, तथा स्थानीय जीविकोपार्जन :

## *तीनजुरे हाते कागज उद्योगको अनुभवमा आधारित एक विश्लेषण*

जैलबकुमार राई
टिकाराम दाहाल



# कोशी पहाडी जिल्लाहरूमा वन स्रोत, वन उद्यम, तथा स्थानीय जीविकोपार्जनः

## *तीनजुरे हाते कागज उद्योगको अनुभवमा आधारित एक विश्लेषण*

जैलबकुमार राई
टिकाराम दाहाल

**प्रकाशन**:

कोशी पहाडी जिल्लाहरूमा वन स्रोत, वन उद्यम, तथा स्थानीय जीविकोपार्जन : *तीनजुरे हाते कागज उद्योगको अनुभवमा आधारित एक विश्लेषण*

**लेखक**:

जैलबकुमार राई, टिकाराम दाहाल

**प्रकाशक**:

फरेष्टएक्सन नेपाल

**सर्वाधिकार**:

फरेष्टएक्सन नेपाल

**भाषा सम्पादन**:

मुक्तिनाथ घिमिरे

**डिजाइन तथा ले-आउट**:

सञ्जीववीर बज्राचार्य

**फोटो क्रेडिट**:

जैलबकुमार राई

**उपलब्ध हुने स्थान**:

प्रकाशक संस्थाका कार्यालय, काठमाडौं, नेपाल

**प्रकाशन मिति**:

असार, २०७३ (जुलाई २०१६)

**ISBN:**

978-9937-0-1233-1

**स्रोत सन्दर्भ**

राई, जैलबकुमार, दाहाल, टिकाराम । २०७३ । *कोशी पहाडी जिल्लाहरूमा वन स्रोत, वन उद्यम, तथा स्थानीय जीविकोपार्जन : तीनजुरे हाते कागज उद्योगको अनुभवमा आधारित एक विश्लेषण* । फरेष्टएक्सन नेपाल, काठमाडौं ।

# दुई शब्द

नेपाल वन क्षेत्र तथा  स्रोत उपलब्धताका हिसाबले सम्पन्न छ । कोशी पहाडी जिल्लाहरू पनि वन क्षेत्र तथा वन स्रोत उपलब्धताको हिसाबले सम्पन्न छ । तर उक्त वन क्षेत्रमा उपलब्ध स्रोतहरूको दिगो व्यवस्थापन तथा उपयोग गरी अधिकतम आर्थिक लाभ लिने कुरामा नेपाल र हामी नेपाली पछाडि परेका छौँ । यसका लागि के र कसरी गर्ने भन्ने कुरा वन क्षेत्रका सबै सरोकारवालाहरूको चासोको विषय बनेको छ । विगत डेढ दुई दशकदेखि वन स्रोतमा आधारित वन उद्यमहरूको विकास गरी वन स्रोतबाट प्राप्त हुन सक्ने सम्भावित लाभको वृद्धि गर्ने कुरामा वन क्षेत्रका सबै सरोकारवालाहरूको मतऐक्यता छ ।

नेपालमा वन स्रोतबाट प्राप्त आर्थिक लाभको अभिवृद्धि गर्ने उद्देश्यले थुप्रै वन परियोजनाहरू सञ्चालन भइसकेका छन् । यही सिलसिलामा विगत तीन वर्ष (२०६९ देखि २०७३) देखि नेपालका बहुसङ्ख्यक जिल्लाहरूमा बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भएको छ । वन स्रोतको दिगो व्यवस्थापन गरी वनमा आश्रित गरिब तथा विपन्न घरधुरीहरूको आय आर्जनमा सुधार गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो । यसका लागि विभिन्न प्रकारका क्रियाकलापहरू सञ्चालन गरिएका छन् । जसमध्ये वन स्रोतमा आधारित उद्यमहरूको स्थापना तथा सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने काम एक प्रमुख कार्यक्रम हो । कोशी पहाडी चार जिल्ला (धनकुटा, तेह्रथुम, भोजपुर र सङ्खुवासभा) मा पनि बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत कूल १२० वन उद्यमलाई आवश्यकता अनुसार सहयोग गरी स्थानीय आय आर्जनमा सुधार गर्ने प्रयास गरिएको छ । यो पुस्तिका ती उद्यमहरूमध्ये एउटा उद्यमको विस्तृत विवरण तथा विश्लेषणमा आधारित भई समग्र कोशी पहाडी जिल्लाहरूमा वन उद्यमको चुनौती तथा सम्भावनाहरूको दस्तावेजीकरणको एक प्रयास हो ।

यस महत्त्वपूर्ण पुस्तिकाको लेखनमा संलग्न जैलबकुमार राई तथा उहाँलाई सङ्खुवासभा जिल्लाको तामाफोक गाविसको टुटे देउराली स्थित तीनजुरे नेपाली हाते कागज उद्योगको विस्तृत विवरण तयार गर्न सहयोग गर्ने टीकाराम दाहाललाई धन्यवाद दिन चाहन्छु । यस पुस्तिकाको लेखन प्रक्रियामा आवश्यक ज्ञान, अनुभव तथा सिकाइहरू प्रदान गर्नुहुने बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भइरहेका चार जिल्लाका स्थानीय स्रोत व्यक्तिहरू, स्थानीय वन समूहका कार्य समितिका सदस्य तथा उपभोक्ताहरू, वन उद्यमीहरू, आरआरएन बहुसरोकारवाला वन कार्यक्रमका कर्मचारीहरू सबैलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु । यस पुस्तिकाको भाषा सम्पादन गर्नुहुने मुक्तिनाथ घिमिरे, पुस्तिकाको डिजाइन तथा लेआउट गर्नुहुने सञ्जीबबीर बज्राचार्य र प्रकाशन लगायत अन्य प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु हुने सबैलाई धन्यवाद । अन्त्यमा, यस पुस्तिका प्रकाशन गर्न आर्थिक सहयोग प्रदान गर्ने बहुसरोकारवाला वन कार्यक्रमलाई धन्यवाद दिन चाहन्छु ।

**डा. कृष्णप्रसाद पौडेल**
कार्यकारी संयोजक
फरेष्टएक्सन नेपाल

# लेखकीय सारांश

नेपाल वन क्षेत्र तथा  स्रोत उपलब्धताका हिसाबले सम्पन्न भए पनि उक्त स्रोतबाट देश तथा जनताले पाएको लाभ तुलनात्मक रूपले निकै कम देखिन्छ । कोशी पहाडी जिल्लाहरू ( धनकुटा, तेह्रथुम, भोजपुर, र सङ्खुवासभा) मा पनि अवस्था उस्तै देखिन्छ । वन स्रोतको दिगो व्यवस्थापन गर्दै अधिकतम आर्थिक लाभ कसरी लिने भन्ने कुरा वन क्षेत्रका सबै सरोकारवालाहरूको चासोको विषय बनेको छ । यसका लागि वन स्रोतमा आधारित उद्यमहरूको स्थापना तथा विकासको कुरा सबै सरोकारवालाहरूको प्राथमिकताको विषय बनेको छ ।

वन उद्यमको विकास गरी वन स्रोतमा आश्रित गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जनको अवस्था सुधार गर्ने काम वन क्षेत्रका सरोकारवाला निकाय तथा वन परियोजनाहरूको प्राथमिकताको विषय बनेको छ । नेपालमा विगत तीन वर्षको समयावधि (२०६९ देखि २०७३)मा सञ्चालन भएका बहुसरोकारवाला वन कार्यक्रमले पनि वन उद्यमको विकास गरी वन स्रोतमा आश्रित गरिब तथा विपन्न घरधुरीहरूको आय आर्जन सुधार गर्ने प्रयास गरेको छ । कोशी पहाडी जिल्लाहरूमा पनि बहुसरोकारवाला वन कार्यक्रमका माध्यमबाट कूल ११९ वन उद्यमलाई आवश्यकता अनुसार सहयोग तथा सहजीकरण गरी स्थानीय आय आर्जनमा सुधार गर्ने प्रयास भएको छ ।

यो पुस्तिकामा तीन प्रकारका तथ्याङ्कहरूको विश्लेषणमा आधारित छ । पहिलो, नेपालमा वन क्षेत्र, वन स्रोत तथा वन उद्यमको अवस्था तथा उपलब्धता । दोस्रो, कोशी पहाडी जिल्लाहरूमा वन क्षेत्र,  स्रोत तथा  उद्यमको अवस्था तथा उपलब्धता । र तेस्रो, बहुसरोकारवाला वन कार्यक्रमले सहयोग तथा सहजीकरण गरेका कूल १२० वन उद्यममध्ये सङ्खुवासभा जिल्ला तामाफोक गाविसको टुटे देउराली स्थित तीन जुरे नेपाली हाते कागज उद्योगको स्थापना देखि हाल (२०७३)सम्म भएको उपलब्धि तथा चुनौतीहरूको विस्तृत विवरणको विश्लेषण । पहिलो दुई प्रकारका तथ्याङ्कहरू सम्बन्धित सरकारी निकायहरूद्वारा प्रकाशित तथ्याङ्कहरूमा आधारित छ भने तेस्रो प्रकारको विश्लेषण सम्बन्धित उद्योगको प्रशासनबाट प्राप्त तथ्याङ्कहरूमा आधारित छ । कोशी पहाडी जिल्लाहरूमा बहुसरोकारवाला वन कार्यक्रम सञ्चालनको समयमा यस क्षेत्रमा रहेका केही वन उद्यमहरूको स्थलगत अध्ययन, अवलोकन तथा वन उद्यमी तथा विभिन्न सरोकारवालाहरूसँगको छलफल तथा अन्तरक्रियाबाट प्राप्त भएको ज्ञान, सिकाइ तथा अनुभव पनि यस पुस्तिकाको लेखन तथा विश्लेषणका लागि महत्त्वपूर्ण स्रोत बनेको छ । यसका साथै, यस विषयसँग सम्बन्धित केही लेख रचना, अध्ययन प्रतिवेदन, तथा बहुसरोकारवाला वन कार्यक्रमसँग सम्बन्धित वार्षिक तथा त्रैमासिक प्रगति प्रतिवेदनहरूको पनि समीक्षा गरिएको छ ।

यस पुस्तिकामा विश्लेषण गरिएको तथ्याङ्कले के देखाएको छ भने कोशी पहाडी जिल्लाहरूमा रहेका वन उद्यमहरूको स्थापना तथा सञ्चालनका लागि विभिन्न वन परियोजनाहरूको आर्थिक तथा प्राविधिक सहयोग  निकै महत्त्वपूर्ण छ । तर वन परियोजनाहरूको सहयोग तथा सहजीकरणबाट स्थापना तथा सञ्चालन भएका वन उद्यमहरूको सफलता भने न्यून रहेको देखिन्छ । यसका प्रमुख दुई कारणहरू छन् । पहिलो, नेपालमा विद्यमान वन नीति तथा

कानूनहरूले स्थानीय स्तरमा वन उद्यमहरूको स्थापना तथा सञ्चालनमा सहजीकरण गर्ने भन्दा प्रशासनिक तथा प्राविधिक मापदण्डहरूका माध्यमबाट नियन्त्रणमुखी व्यवहार देखाउने गरेको छ । दोस्रो, नेपालका ग्रामीण स्तरमा रहेका समुदायका व्यक्ति तथा वन समूहका उपभोक्ताहरूमा उद्यम सञ्चालन गर्ने आधारभूत क्षमता, सीप, तथा दक्षताको अभाव देखिन्छ जसले गर्दा विभिन्न वन परियोजनाहरूले सहयोग गरी स्थापना भएका कैयौं वन उद्यमहरू असफल भएका छन् । अझ समुदायमा आधारित वन उद्यमहरूको स्थापनाको विधि, सञ्चालन गर्ने संरचना तथा प्रक्रिया र लगानीको अवस्था जस्ता कुराहरूमा उल्लिखित कारणहरू अझ बाधक बनेका छन् । यसका लागि वन उद्यमका प्रशासनिक प्रावधानहरूलाई सहज तथा सरल बनाउनु सबैभन्दा महत्त्वपूर्ण देखिन्छ । यसका साथै, पेशाप्रति प्रतिबद्ध उद्यमीहरूको छनौट गर्ने र त्यस्ता उद्यमीहरूलाई व्यवहारिक आवश्यकता अनुसार सहयोग तथा सहजीकरण गर्न मद्दत गर्ने जस्ता कुराहरूले नेपालमा वन उद्यमको विकासलाई अपेक्षा गरे अनुसारको तहमा पुऱ्याउँदछ ।

# विषय सूचि

दुई शब्द
लेखकीय सारांश
लालिकाको सूचि
चित्रको सूचि

**भाग १**
**परिचय**

अध्ययनको पृष्ठभूमि २
नेपालमा वन स्रोतको व्यवस्थापन, वन उद्यम तथा स्थानीय जीविकोपार्जन ३

**भाग २**
**नेपालमा वन स्रोत तथा उद्यम**

नेपालमा वन स्रोतको अवस्था ८
*वन स्रोतको सङ्कलन तथा बिक्री वितरण* ९
*वन स्रोतको बिक्री वितरणबाट सङ्कलन भएको राजस्व* १२
नेपालमा वन उद्यमको अवस्था १६

**भाग ३**
**कोशी पहाडी जिल्लाहरूमा वन स्रोत तथा वन उद्यम**

कोशी पहाडी जिल्लाहरूमा भूउपयोगको अवस्था २०
कोशी पहाडी जिल्लाहरूमा वन स्रोतको अवस्था २३
*कोशी पहाडी जिल्लाहरूमा वन स्रोतको बिक्री वितरण* २४
*कोशी पहाडी जिल्लाहरूमा वन स्रोतबाट सङ्कलन भएको राजस्व* २९
कोशी पहाडी जिल्लाहरूमा वन उद्यमको अवस्था ३४

**भाग ४**
**तीनजुरे हाते कागज उद्योग र स्थानीय जीविकोपार्जन : एक विश्लेषण**

परिचय : नेपाली हाते कागजको उत्पादन तथा प्रयोग ४२
नेपाली हाते कागज उत्पादन प्रक्रियाको छोटो परिचय ४३
तीनजुरे हाते कागज उद्योगको विगत तथा वर्तमान ४७
*परिचय* ४७
*लगानीको अवस्था* ४८
*विभिन्न निकायहरूबाट प्राप्त सहयोगको अवस्था* ५०
*उद्योगले हालसम्म उत्पादन गरेको कागजको मात्रा* ५३
*उद्योगले हालसम्म खरिद गरेको कच्चा पदार्थको मात्रा* ५४
*उद्योगका माध्यमबाट सिर्जना भएको रोजगारीको अवस्था* ५५
उद्योग सञ्चालनका व्यावहारिक समस्या तथा चुनौतीहरू ५९
उद्योगका सम्भावनाहरू ६५

**भाग ५**
**छलफल तथा निष्कर्ष**

नेपालमा वन स्रोत तथा वन उद्यमको अवस्था र सम्भाव्यता ७०
कोशी पहाडी जिल्लामा वन उद्यमको सम्भाव्यता ७१
तीन जुरे हाते कागज उद्योगको स्थापना तथा सञ्चालनबाट भएको सिकाई ७२
निष्कर्ष ७४
सन्दर्भ सामग्रीहरू ७७

# तालिकाको सूचि


तालिका १ नेपालमा समुदायमा आधारित वनको अवस्था ८

तालिका २ घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका उद्योगहरूको प्रकार तथा सङ्ख्या १७

तालिका ३ कोशी पहाडी जिल्लाहरूमा विगत एघार वर्षभित्र बिक्री वितरण भएका वन पैदावारहरू २३

तालिका ४ कोशी पहाडी जिल्लाहरूमा एघार वर्षभित्र बिक्री वितरण भएका वन पैदावारहरूको मात्रा २४

तालिका ५ कोशी पहाडी जिल्लाहरूमा एघार वर्षभित्र बिक्री वितरण भएको गैह्र काष्ठ वन पैदावारको मात्रा २५

तालिका ६ कोशी पहाडी जिल्लाहरूमा एघार वर्षभित्र बिक्री वितरण भएको जडिबुटीको मात्रा २७

तालिका ७ कोशी पहाडी जिल्लाहरूमा अद्यावधिक रहेका उद्योगहरूको स्वामित्वको अवस्था ३८

तालिका ८ कोशी पहाडी जिल्लाहरूमा अद्यावधिक रहेका उद्योगहरूको प्रकारहरू ३८

तालिका ९ कोशी पहाडी जिल्लाहरूमा वन उद्यम तथा लघु उद्यमको सङ्ख्या तथा अनुमानित रोजगार ३९

तालिका १० आर्थिक वर्ष २०७० मा दर्ता भएका उद्योगहरूको प्रस्तावित रोजगारी, उद्यमी सङ्ख्या तथा आम्दान ४०

तालिका ११ तीनजुरे हाते कागज उद्योगमा रहेको लगानीको अवस्था ४८

तालिका १२ तीनजुरे हाते कागज उद्योगमा शेयर लगानी गर्ने सामुदायिक वन समूहहरूको विवरण ४९

तालिका १३ तीनजुरे हाते कागज उद्योगले हालसम्म प्राप्त गरेको आर्थिक सहयोग ५१

तालिका १४ तीनजुरे हाते कागज उद्योगले हालसम्म प्राप्त गरेको आर्थिक सहयोगका शीर्षकहरू ५२

तालिका १५ तीनजुरे हाते कागज उद्योगले हालसम्म उत्पादन गरेको कागजको कूल परिमाण (कोरी) ५३

तालिका १६ तीनजुरे हाते कागज उद्योगले हालसम्म खरिद गरेको कच्चा पदार्थको तथ्याङ् ५४

तालिका १७ तीनजुरे हाते कागज उद्योगले कच्चा पदार्थ खरिदबाट सिर्जना गरेको रोजगारीको अनुमानित आँकडा ५६

तालिका १८ तीनजुरे हाते कागज उद्योगले सिर्जना गरेको स्थानीय रोजगारीको अनुमानित आँकडा ५७

तालिका १९ उत्पादित कागजबाट अन्य वस्तुहरू बनाउँदा सिर्जना भएका रोजगारीको आँकलन ५८

# चित्रको सूचि


| | | |
|---|---|---|
| चित्र १ | एघार वर्षभित्र नेपालमा बिक्री वितरण भएको सम्पूर्ण वन स्रोतको थपघटको अवस्था | ९ |
| चित्र २ | एघार वर्षभित्र नेपालमा बिक्री वितरण भएको काठ दाउराको मात्रा | १० |
| चित्र ३ | एघार वर्षभित्र नेपालमा बिक्री वितरण भएको गैह्र काष्ठ वन पैदावारको मात्रा | १० |
| चित्र ४ | सात वर्षभित्र नेपालमा बिक्री वितरण भएको जडिबुटीको मात्रा | ११ |
| चित्र ५ | एघार वर्षमा वन स्रोतको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा | १२ |
| चित्र ६ | एघार वर्षमा काठ दाउराको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा | १३ |
| चित्र ७ | एघार वर्षमा काठ दाउराको बिक्री वितरणबाट पहाड तथा तराईमा सङ्कलन भएको राजस्वको मात्रा | १३ |
| चित्र ८ | एघार वर्षमा गैरकाष्ठ वन पैदावारको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्र | १४ |
| चित्र ९ | एघार वर्षमा जडिबुटीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा | १४ |
| चित्र १० | एघार वर्षमा तीन प्रकारका वन स्रोतको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्र | १५ |
| चित्र ११ | नेपालमा आर्थिक वर्ष २०७० सम्म दर्ता भएका उद्योगहरू | १६ |
| चित्र १२ | कोशी पहाडी जिल्लाहरूमा भूउपयोगको अवस्था | २० |
| चित्र १३ | कोशी पहाडी जिल्लाहरूमा भूउपयोगको अवस्था (प्रतिशतमा) | २१ |
| चित्र १४ | कोशी पहाडी जिल्लाहरूमा वन व्यवस्थापनको अवस्था (क्षेत्रफल) | २१ |
| चित्र १५ | कोशी पहाडी जिल्लाहरूमा वन व्यवस्थापनको अवस्था (प्रतिशतमा) | २२ |
| चित्र १६ | कोशी पहाडी जिल्लाहरूमा एघार वर्षहरूमा गैह्र काष्ठ वन पैदावार बिक्री वितरणको मात्रा | २६ |
| चित्र १७ | कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा जडिबुटी बिक्री वितरणको मात्रा | २६ |
| चित्र १८ | कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा बिक्री वितरण भएका वन पैदावारको कूल मात्रा | २८ |
| चित्र १९ | कोशी पहाडी जिल्लाहरूमा काठ दाउराको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा | २९ |
| चित्र २० | कोशी पहाडी जिल्लाहरूमा गैह्र काष्ठ वन पैदावारको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा | ३० |
| चित्र २१ | कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा गैह्र काष्ठ वन पैदावारको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको कूल मात्रा | ३० |
| चित्र २२ | कोशी पहाडी जिल्लाहरूमा जडिबुटीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा | ३१ |
| चित्र २३ | कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा जडिबुटीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको कूल मात्रा | ३२ |

चित्र २४ कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा सङ्कलन भएको राजस्वको कूल मात्रा ३३
चित्र २५ कोशी पहाडी जिल्लाहरूमा काठ दाउराको बिक्री विवतरणबाट सङ्कलन भएको राजस्वको मात्रा ३३
चित्र २६ कोशी पहाडी जिल्लाहरूमा आर्थिक छ वर्षहरूमा दर्ता भएका नयाँ उद्योगहरूको सङ्ख्य ३४
चित्र २७ कोशी पहाडी जिल्लाहरूमा आर्थिक छ वर्षहरूमा बढ्दै गएको उद्योगहरूको सङ्ख्या ३५
चित्र २८ कोशी पहाडी जिल्लाहरूमा विभिन्न आर्थिक वर्षमा दर्ता भएका उद्योगहरूको जिल्लागत सङ्ख्या ३६
चित्र २९ कोशी पहाडी जिल्लाहरूमा विभिन्न आर्थिक वर्षमा दर्ता भएका उद्योगहरूको सङ्ख्या ३७

# भाग १
# परिचय

# अध्ययनको पृष्ठभूमि

वन स्रोत उपलब्धताका हिसाबले कोशी पहाडी जिल्लाहरू(धनकुटा, तेह्रथुम, भोजपुर र सङ्खुवासभा) सम्पन्न जिल्लामा पर्दछन् । भौगोलिक बनावट, पर्यावरणीय विविधता तथा हावापानीका कारण यी जिल्लाहरू वन स्रोतको विविधता तथा उपलब्धतामा नेपालकै राम्रा जिल्लाको दर्जामा पर्दछन् । तर यी जिल्लाहरूमा उत्पादन हुने तथा उत्पादन गर्न सकिने वन स्रोतहरूको अवस्था कस्तो छ ? र ती स्रोतहरूले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा के कति र कसरी योगदान पु¥याइरहेका छन् ? भन्ने प्रश्नहरूको उत्तर खोजी गर्ने हो भने एकातिर उत्तरविहीन थप प्रश्नहरू जन्मन सक्दछन् भने अर्कोतिर अनगिन्ती सम्भावनाहरू  पनि देख्न सकिन्छ । यस लेखमा उपलब्ध तथ्याङ्क तथा सङ्खुवासभाको तामाफोक गाविसको टुटे देउराली स्थित एक हाते कागज उत्पादन गर्ने उद्यमको व्यवहारिक अनुभवको विश्लेषणका आधारमा उल्लिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

वन स्रोतहरूको उपलब्धताको सामान्य विश्लेषण गर्न सजिलो भए पनि ती स्रोतहरूले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पु¥याएको योगदानको विश्लेषण भने कठिन छ । सामान्यतयाः वन स्रोतहरूले अर्थतन्त्रमा पु¥याएको योगदानलाई ती स्रोतहरूको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्राको आधारमा मात्रै गर्न सकिन्छ । तर उपलब्ध वन स्रोतहरूको आर्थिक सम्भावनाहरूको मापन गर्ने एक आधार भनेको उपलब्ध वन स्रोतहरूका आधारमा स्थापना तथा सञ्चालन गर्न सकिने वन उद्यमको अवस्था नै हो । यसका लागि उक्त उद्यमका माध्यमबाट सिर्जना हुन सक्ने रोजगारीको अवसर, ती व्यक्तिहरूको व्यक्तिगत आय आर्जनमा हुन सक्ने वृद्धि र उत्पादित सामग्रीको बिक्री वितरणबाट हुन सक्ने आर्थिक आम्दानीहरू आर्थिक विकास तथा योगदानका प्रमुख सूचकहरू हुन् ।

यसको अर्थ के हो भने वन स्रोतको महत्त्व अथवा मूल्य भनेकै उक्त स्रोतले के कति लाभ वा आम्दानी गरेको छ र गर्न सक्दछ भन्ने कुरामा निर्भर हुन्छ । यसका लागि हाल स्थापना भएका वन उद्यमहरूको सङ्ख्या र ती उद्यमहरूले सिर्जना गरेको रोजगारीको अवस्थाका आधारमा वन स्रोतको आर्थिक योगदानको मूल्याङ्कन गर्ने प्रचलन विस्तारै स्थापित हुन थालेको देखिन्छ । यसकारण वन क्षेत्रमा काम गर्ने सङ्घ संस्था, दातृ निकाय तथा सरकारी निकाय लगायत सबै सरोकारवालाहरूले वन उद्यमको स्थापना तथा यसको विकास गरी यी उद्यमहरूका माध्यमबाट स्थानीय रोजगारीको सिर्जना गर्ने कामलाई प्राथमिकताको विषय बनाउँदै आएको देखिन्छ ।

नेपालमा थुप्रै वन उद्यमहरू स्थापना भइसकेका छन् । ती उद्यमहरूमध्ये के कति सफल रूपमा सञ्चालन भइरहेका छन् र कति असफल छन् भन्ने यकिन तथ्याङ्कको अभाव कायमै छ । यद्यपि केही अध्ययन, अनुसन्धान तथा स्थलगत अवलोकनका आधारमा हेर्दा कैयौं वन उद्यमहरू विभिन्न कारणहरूले बन्द भइसकेको छन् भने केही उद्यमहरू सफल रूरूपमा नै सञ्चालन भइरहेका छन् । केही उद्यमहरू सफल रूपमा सञ्चालन भइरहने र केही बन्द हुनुका पछाडि विभिन्न कारणहरू छन् । सफल हुने

विभिन्न कारणहरूमध्ये केही प्रमुख कारणहरू भनेको वन स्रोत वा कच्चा पदार्थको उपलब्धता, उद्यमीको मिहिनेत तथा लगनशीलता, बाह्य सहयोगको निरन्तरता तथा विकासका आधारभूत पूर्वाधारहरूको उपलब्धता पर्दछन् । यसै गरी नियन्त्रणमुखी वन नीति तथा कानूनी प्रावधानहरू र ती प्रावधानहरूका कारण उद्यम सञ्चालनका विभिन्न तहहरूमा सिर्जना हुने विभिन्न अप्ठ्याराहरू(जस्तैः– कच्चा पदार्थ सङ्कलन गर्ने, उत्पादन भएका वस्तुहरूको बिक्री वितरण गर्ने, बजारीकरण गर्ने लगायत ओसारपसार तथा ढुवानी गर्दा हुने विभिन्न खालका अदृश्य तथा अवैधानिक व्यवधानहरू), उद्यमीहरूमा आवश्यक उद्यमशीलताको ज्ञानको अभाव हुनु तथा विकास निर्माणका आधारभूत सेवा तथा सुविधाहरू नहुनु जस्ता कुराहरू भने असफलताका प्रमुख कारणहरू हुन् । यी अप्ठ्याराहरूलाई सरल तथा सहज बनाई उपलब्ध स्रोतहरूका आधारमा वन उद्यमहरूको स्थापना तथा सञ्चालन गर्न सकेको खण्डमा कोशी पहाडी जिल्लामा उपलब्ध वन स्रोतले स्थानीय देखि राष्ट्रिय अर्थतन्त्रमा थप योगदान पुऱ्याउने कुरा पक्का छ । तर उक्त कुरा अनेकौं प्रयासहरूका बाबजुद पनि अहिलेसम्म सफल हुन सकेको छैन ।

यो पुस्तिकामा नेपाल र कोशी पहाडी जिल्लाहरूमा भएको समग्र वन स्रोतको अवस्था तथा ती स्रोतहरूबाट सङ्कलन भएको राजस्वका बीच तुलना गर्ने प्रयास गरिएको छ । यसका लागि सन् २०१३ मार्चदेखि २०१६ जुलाइ सम्ममा नेपालका कोशी पहाडी जिल्लाहरूमा सञ्चालन भएका बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत वन उद्यमहरूको स्थापना गर्ने र स्थापित भइसकेका केही उद्यमहरूलाई सहयोग गरी स्थानीय रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ सञ्चालन भएका क्रियाकलापहरूलाई विश्लेषणको प्रमुख आधार बनाइएको छ । यो लेख यी चारवटा जिल्लामा रहेका वन उद्यमहरूको पहिचान गर्ने र ती उद्यमहरूमध्ये केही उद्यमहरूलाई सहयोग गरी त्यसैका माध्यमबाट स्थानीय रोजगारीको सिर्जना गर्ने सिलसिलामा भएको अनुभव तथा सिकाइका आधारमा तयार गरिएको छ । पहिचान गरी सहयोग गरिएका केही उद्यमहरूको स्थलगत भ्रमण, उद्यमीहरूसँगको अन्तरक्रिया, बहुसरोकारवाला वन कार्यक्रमका अन्य कर्मचारीहरूसँगको छलफल, सम्बन्धित जिल्लामा रहेका सरकारी कर्मचारी, अन्य सङ्घ संस्थाका प्रतिनिधिहरू तथा राष्ट्रिय स्तरमा रहेका वन उद्यमी तथा सरोकारवालाहरूसँग भएका केही छलफल र अन्तरक्रियाहरूलाई पनि लेखन तथा विश्लेषणको आधार मानिएको छ ।

# नेपालमा वन स्रोतको व्यवस्थापन, वन उद्यम तथा स्थानीय जीविकोपार्जन

नेपालमा समुदायमा आधारित वन व्यवस्थापनको अभ्यासलाई समग्र वन व्यवस्थापनको सफलताको एक प्रमुख कारकका रूपमा विश्लेषण गरिन्छ । र, समुदायमा आधारित वन व्यवस्थापनको सफल अभ्यास भनेकै सामुदायिक वन उपभोक्ता समूहहरूको अभ्यास हो भन्ने कुरा पनि सामान्य रूपमा सर्वस्वीकार्य

बनिसकेको छ । सामुदायिक वन उपभोक्ता समूहको अवधारणाको विकास तथा अभ्यासले के कस्ता क्षेत्रमा के कति फाइदा वा योगदान पुऱ्याइरहेको छ भन्ने विषयको अध्ययन, अनुसन्धान तथा विश्लेषणहरू पनि थुप्रै भइसकेका छन् । तर, यसका बारेमा यकिन वैज्ञानिक तथ्याङ्कको अभाव भने अझै छँदै छ । वनस्रोतको दिगो व्यवस्थापन, वन स्रोतमा आश्रित समुदायका गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जन सुधारमा योगदान पुऱ्याउनुका साथै सामाजिक सशक्तीकरण गर्दै स्थानीय लोकतन्त्रको अभ्यासलाई बलियो बनाउने काममा समुदायमा आधारित वन व्यवस्थापनको अभ्यासले महत्त्वपूर्ण भूमिका  निर्वाह गरेको छ भन्ने विचार बलियो गरी स्थापित भएको छ ।

सामुदायिक वनको अवधारणा र अभ्यासको दायरा सुरुआतको अवस्थाबाट विस्तारै परिमार्जित तथा बृहत् बन्दै आएको छ । वन विनाशको तिब्र गतिलाई कसरी रोक्न सकिन्छ भन्ने प्रश्नको सैद्धान्तिक तथा व्यवहारिक अभ्यासका रूपमा सुरुआत भएको समुदायमा आधारित वन व्यवस्थापनको अवधारणा विस्तारै वन स्रोतमा आश्रित गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जन सुधारको आधार कसरी बनाउन सकिन्छ भन्ने विषयतिर केन्द्रित हुन थालेको छ । यही क्रममा विगत एक डेढ दशकदेखि नेपालको समुदायमा आधारित वन व्यवस्थापनलाई स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने एक महत्त्वपूर्ण स्रोतको रूपमा हेर्न थालिएको छ । जसका लागि वन स्रोतमा आधारित वा वनस्रोतसँग सम्बन्धित उद्यमहरूको स्थापना गरी रोजगारीको सिर्जना गर्ने र स्थानीय तथा राष्ट्रिय आम्दानी बढाउने विषय सबै सरोकारवालाहरूको प्राथमिकताको विषय बनेको छ ।

नेपालमा वन उद्यमको स्थापना तथा विकासलाई एक प्राथमिक कार्यक्रमको रूपमा लिन थालिए तापनि अहिलेसम्म अपेक्षा अनुसारको सफलता हासिल हुन सकेको छैन । यस विषयमा थुप्रै अध्ययन, अनुसन्धान तथा छलफलहरू भइसकेका छन् । अपेक्षा अनुसारको सफलता हासिल नहुनुका मुख्य कारणहरू के के हुन भन्ने विषयमा विभिन्न सरोकारवालाहरूका विभिन्न खालका मतहरू रहेको देखिन्छ । जस्तैः– केही सरोकारवालाहरूले वन उद्यमलाई प्रवर्धन गर्ने खालको राज्यको नीति नै छैन भन्ने मत राखेको देखिन्छ भने केही सरोकारवालाहरूले हालसम्म स्थापित भई सञ्चालन भएका वन उद्यमहरूको व्यवस्थापनको संरचना नै बेठिक भएको तर्क राखेको देखिन्छ । यस्ता थुप्रै तर्कहरू विभिन्न तहका व्यक्ति तथा सरोकारवालाहरूको मुखबाट सुन्न सकिन्छ ।

देशको कूल भूभागको  धेरै  क्षेत्र (करिब ४५ प्रतिशत) वनले ओगट्नु, भौगोलिक तथा पर्यावरणीय विविधताका कारण वनजन्य उत्पादन वा वन पैदावारहरूको उपलब्धतामा विविधता हुनु, ग्रामीण समाजका बहुसङ्ख्यक जनसङ्ख्या वा घरधुरीहरू वनस्रोतमा आश्रित वा निर्भर हुनु जस्ता कारणहरूले गर्दा वन उद्यमको विकास प्राथमिकताको विषय बन्नैपर्ने देखिन्छ । तर, वन उद्यमका बारेमा अहिलेसम्म भएका अनुभव, सिकाइ तथा उपलब्धिहरूले के वन उद्यम नेपालमा सम्भव छैन त भन्ने गहन प्रश्न जन्माएको छ । खासगरी वन उद्यम स्थापना गर्ने विषयमा वन क्षेत्रबाट दर्ता हुने उद्योगको दुरीको

विद्यमान नीतिगत प्रावधान, कच्चा पदार्थ सङ्कलनका लागि स्थानीय वन कार्यालयबाट लिनुपर्ने अनुमतिको प्रावधान र प्रशोधन वा उत्पादन भएको वस्तुको बिक्री वितरण गर्नका लागि पुऱ्याउनु पर्ने कानूनी तथा कागजी प्रावधानहरू वन उद्यमीहरूका लागि समस्याको विषय बन्दै आएको छ । जस्तैः– वन उद्योग सामुदायिक वन क्षेत्रभन्दा तीन किलोमिटर टाढा हुनुपर्ने पुरानो प्रावधानलाई वि.सं.२०७१ साल असोज ६ गते प्रकाशन भएको राजपत्रको निर्णयले उद्यमको अवस्था हेरी ०.५ देखि ३ किलोमिटरसम्मको दुरीमा रहन सक्ने गरी केही लचकता अपनाएको जस्तो *(नेपाल सरकार, २०७१)* देखिए पनि उद्यम स्थापनाको निर्णायक अधिकार वन कर्मचारीकै मातहतमा राखेको छ । कच्चा पदार्थ सङ्कलनको विषयमा पनि जिल्ला वन कार्यालयको पूर्व स्विकृति लिनुपर्ने र प्रशोधन भएका वस्तुहरूको बिक्री वितरणका लागि विभिन्न प्रकारका कर तथा शुल्कहरू तिर्नुपर्ने र बिक्री वितरण गर्नका लागि पनि जिल्ला वन कार्यालयबाट बिक्री वितरण गर्नका लागि अनुमति लिई सकेपछि तोकेको समय अवधिभित्र बिक्री वितरण गरी सक्नुपर्ने कानूनी प्रावधानहरूले वन उद्यम सञ्चालनको विषयलाई जटिल बनाएको छ ।

करिब तीन दशक अघि (आठौं पञ्चवर्षीय योजना)देखि नेपाल सरकारले गरिबी न्यूनीकरणको विषयलाई राज्यको एक प्रमुख उद्देश्यका रूपमा लिँदै आएको छ । यस विषयमा पनि अपेक्षा गरे अनुसारका उपलब्धिहरू हासिल हुन सकेको छैन । यही सिलसिलामा यति ठूलो भूक्षेत्र ओगटेको वन स्रोतले देशको गरिबी न्यूनीकरण गर्ने काममा के कति योगदान पुऱ्याएको छ भन्ने विषयले नेपालको समग्र वन व्यवस्थापनमा प्रश्न जन्माएको छ । यही कारणले पनि वन क्षेत्रका सरोकारवालाहरूले अब वन स्रोतमा आधारित उद्यमहरूको विकास गरी स्थानीय रोजगारी सिर्जना गर्ने र वन स्रोतको उपयोगलाई आर्थिक तथा राष्ट्रिय अर्थतन्त्रको एक महत्त्वपूर्ण आधार बनाउनु पर्ने कुरालाई प्राथमिकताको कार्यक्रम बनाउन थालेको छन् ।

त्यस्तैगरी हाल जलवायु परिवर्तनबाट प्रभावित समुदायका गरिब तथा विपन्न घरधुरीहरूलाई जलवायु परिवर्तनको प्रभावबाट बच्नका लागि के कसरी उनीहरूको क्षमताको विकास गर्न सकिन्छ भन्ने कुरा पनि वन व्यवस्थापनमा छलफलको प्रमुख विषय बन्न थालेको छ । यसका लागि पनि वन उद्यमका माध्यमबाट स्थानीय रोजगारी सिर्जना गर्ने र समुदायका गरिब तथा विपन्न घरधुरीहरूको आय आर्जनमा वृद्धि गर्ने कुरा सबै सरोकारवालाहरूको प्राथमिकताको विषयका रूपमा स्थापित हुँदै गएको छ । तर विद्यमान वन नीति तथा कानूनी प्रावधानहरूको यथावत अवस्थामा भने सोचे अनुसारका उपलब्धिहरू हासिल गर्न नसकिने कुरा पक्का छ । यसको बाबजुद पनि देशका विभिन्न ठाउँहरूमा कैयौ वन उद्यमहरू स्थापना भई केही वन उद्यमहरू सफल रूपमा सञ्चालन भइरहेका छन् भने कैयौ उद्यमहरू विभिन्न कारणहरूले असफल भएका उदाहरणहरू भेटिन्छन् । अर्को सत्य कुरा के हो भने अहिलेसम्म पहाडी ग्रामीण क्षेत्रमा वन स्रोतमा आधारित कुनै पनि उद्यमहरूले साँच्चै ठूलो उद्योगको रूप लिन

सकेको देखिदैन । त्यस्तै यस क्षेत्रमा धेरै जसो वन उद्यमहरू स्वतःस्फूर्त रूपमा स्थापना हुने भन्दा पनि विभिन्न सहयोगी सङ्घ-संस्था वा निकायहरूको आर्थिक तथा प्राविधिक सहयोगहरू माध्यमबाट स्थापना भई सञ्चालन हुँदै आएको देखिन्छ । यी अवस्थाहरूले गर्दा नेपालमा वन उद्योगहरूको स्थापना तथा विकास गरी देशको अर्थतन्त्रमा यसको योगदानलाई बढाउने कुरा सम्भावित तर निकै चुनौतीपूर्ण बनेको छ ।

वन उद्यमहरूको स्थापना किन गर्ने ? कसरी गर्ने ? स्थापना भएका उद्यमहरू किन सफल वा असफल भए ? वा वन उद्यम स्थापना तथा सञ्चालन गर्न के कस्ता नीतिगत तथा व्यवहारिक कठिनाइहरू छन् ? भन्ने विषयहरूमा प्रशस्तै बहस, छलफल तथा अध्ययन अनुसन्धानहरू भइसकेका छन् । यस विषयको व्यवहारिक ज्ञानका लागि सङ्खुवासभा जिल्लाको तामाफोक गाविसको टुटे देउरालीमा सञ्चालन भइरहेको तीनजुरे हाते कागज प्राइभेट लिमिटेड (अबदेखि तीनजुरे हाते कागज) को सकारात्मक तथा नकारात्मक अनुभवबाट के सिक्न सकिन्छ भन्ने कुराको विश्लेषण गर्ने प्रयास गरिएको छ । उक्त उद्योगको अनुभवको विश्लेषण गर्नका लागि उक्त उद्योग के कसरी स्थापना भयो, कसरी सञ्चालन भइरहेको छ र उक्त उद्योगले के कसरी र कति मात्रामा स्थानीय रोजगारीको सिर्जना गरेको छ भन्ने कुराहरूको विश्लेषण गरिएको छ । यसका साथै उक्त उद्योगले स्थानीय अर्थतन्त्रमा के कसरी र कति मात्रामा योगदान पुऱ्याई रहेको छ भन्ने कुराको मोटामोटी आँकलन गर्ने प्रयास गरिएको छ । यस उद्योग स्थापना भएदेखि हालसम्म भएका विभिन्न सकारात्मक तथा नकारात्मक अनुभवलाई सामान्य छलफल तथा अवलोकनका साथै उक्त उद्योग सम्बन्धी उपलब्ध तथ्य तथ्याङ्कहरूलाई विश्लेषणको आधार बनाइएको छ ।

------✂------

# भाग २
# नेपालमा वन स्रोत तथा उद्यम

# नेपालमा वन स्रोतको अवस्था

नेपालमा कूल भूभागको लगभग ४५ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ *(DFRS, 2015)* । उक्त वन क्षेत्रमध्ये समुदायमा आधारित वनको क्षेत्रफल के कति छ भन्ने कुराको यकिन तथ्याङ्क यस लेखमा समावेश गर्न नसकिए तापनि सामान्य रूपमा आँकलन गर्दा समुदायमा आधारित वनको क्षेत्रफल तुलनात्मक रूपमा धेरै हुनु पर्दछ । वन ऐन, २०४९ मा उल्लेख भए अनुसार सामुदायिक, कबुलियती, साझेदारी, संरक्षित तथा धार्मिक वनहरूलाई समुदायमा आधारित वनका रूपमा लिन सकिन्छ ।

**तालिका १: नेपालमा समुदायमा आधारित वनको अवस्था**

| | | **सङ्ख्या** | **संलग्न घरधुरीहरू** | **क्षेत्रफल (हे.)** |
|---|---|---|---|---|
| १ | सामुदायिक वन | १८,१३३ | २,२३७,१९५ | १,७००,०४८ |
| २ | साझेदारी वन | २० | | ५६,६३७ |
| ३ | कबुलियती वन | ७,४१३ | ७४,९५० | ४२,७७३ |
| ४ | संरक्षित वन | ८ | | १,३३,७५८ |


*स्रोत: MoFSC/GoN, 2014*

समग्रमा हेर्दा सामुदायिक वनको क्षेत्रफल समुदायमा आधारित अन्य प्रकारका व्यवस्थापनहरूको तुलनामा धेरै छ । यसका साथै सामुदायिक वनमा आबद्ध घरधुरीहरूको सङ्ख्या पनि तुलनात्मक रूपमा निकै धेरै छ । यसको अर्थ नेपालमा वन स्रोतको व्यवस्थापन र स्थानीय जीविकोपार्जनको सुधार गर्ने विषयका लागि सामुदायिक वनको व्यवस्थापन निकै महत्त्वपूर्ण छ । तर यति धेरै क्षेत्र ओगटेको वनले १० प्रतिशत भन्दा कम मात्रै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याइरहेको छ *(MoFSC, 2013)* । यो तथ्याङ्क वन क्षेत्रका सरोकारवाला तथा सहयोगी निकायहरूका लागि चिन्ताको विषय बनेको छ । सामुदायिक वनको क्षेत्रमा काम गर्ने सरोकारवाला निकाय तथा सहयोगी निकायहरूका लागि त यो कुरा थप चासोको विषय बनेको छ । यस तथ्याङ्कले के नेपालको वन क्षेत्रको व्यवस्थापन समुदायमा आधारित भएकै कारणले गर्दा आर्थिक योगदान कम भएको हो त भन्ने प्रश्न पनि जन्माएको छ । तर यस लेखले सामुदायिक वनसँग सम्बन्धित यस विषयमा नभई समुदायमा आधारित वन उद्यमहरूले के, कसरी र कति मात्रामा स्थानीय जीविकोपार्जनको सुधारमा योगदान पुऱ्याइरहेको छ भन्ने कुराका बारेमा मात्रै विश्लेषण गर्ने छ ।

## वन स्रोतको सङ्कलन तथा बिक्री वितरण

वन तथा भूसंरक्षण मन्त्रालयको वन विभागले प्रकाशन गर्ने “हाम्रो वन” पत्रिकाको तथ्याङ्कलाई हेर्दा समग्र वन स्रोतको आर्थिक योगदानलाई सामान्यतयाः तीन प्रकार (काठ/दाउरा, गैह्र काष्ठ वन पैदावार र जडिबुटी)मा विभाजन गरिएको छ । यी तीन खालका स्रोतको बिक्री वितरणको मात्रालाई विगत एघार आर्थिक वर्षभित्र भएको (वि. सं. २०६० देखि २०७०) थपघटलाई हेर्दा विभिन्न आर्थिक वर्षहरूहरूमा उतारचढाव भएको देखिन्छ ।

**चित्र १: एघार वर्षभित्र नेपालमा बिक्री वितरण भएको सम्पूर्ण वन स्रोतको थपघटको अवस्था**





*स्रोत: MoFSC 2060 – 2070 (BS)*

विगत दश वर्षभित्र बिक्री वितरण भएको वन स्रोतको मात्रा सामान्यतयाः घटेको देखिन्छ । उक्त घट्दो मात्राले केही प्रश्नहरू जन्माएको छ । पहिलो, के नेपालमा बिक्री वितरण गर्न सकिने वन स्रोतको मात्रा घटेको हो त ? दोस्रो, यदि स्रोतको मात्रा घटेको होइन भने के वनक्षेत्रमा स्रोतको मौजाद बढ्दै गएको छ त ? तेस्रो, वन क्षेत्रमा वन स्रोतको मात्रा पनि घटेको होइन र मौजाद पनि बढेको छैन भने के वन स्रोतहरूको बिक्री वितरणको तथ्याङ्क मात्रै सङ्कलन नभएको हो त ? यस लेखमा यी प्रश्नहरूको उत्तर खोज्न नसकिए पनि यसरी घट्दो तथ्याङ्कले वन स्रोतमा आधारित उद्यमको आवश्यकतालाई सङ्केत गरेको हो भन्न सकिन्छ । किनभने उद्यम सञ्चालनले सामान्यतयाः स्रोतको सङ्कलन तथा बिक्री वितरणलाई विस्तारै पारदर्शी बनाउँदै लैजान सक्दछ ।

विगत दश वर्षको तथ्याङ्क हेर्दा तीनै प्रकारका वन स्रोतहरूको बिक्री वितरणको मात्रा विस्तारै घट्दै गएको देखिन्छ । जस्तैः– काठ दाउरा बिक्री वितरणको मात्रा आर्थिक वर्ष २०५९/६० मा २२ लाखबाट घटेर आर्थिक वर्ष २०६९/७० मा आठ लाखमा झरेको छ । यसरी घट्दो तथ्याङ्कले गम्भीर प्रश्न जन्माएको छ ।


**चित्र २: एघार वर्षभित्र नेपालमा बिक्री वितरण भएको काठ दाउराको मात्रा**




*स्रोतः MoFSC 2060 – 2070 (BS)*

नेपालमा काठ दाउराको सङ्कलन तथा बिक्री वितरणको मात्रा आर्थिक वर्ष २०५९/०६० र २०६९/०७० का बीचमा तीन गुणाभन्दा बढीको अन्तर भएको देखिन्छ । किन घट्यो भन्ने प्रश्नको उत्तर निकै महत्त्वपूर्ण भए पनि यसको उत्तर खोज्ने काम यस लेखमा गरिएको छैन । तर यस तथ्याङ्कले नेपालमा काठ उद्योगहरूका स्थापना तथा सञ्चालनका विषयमा समस्याहरू भएको कुरा औंल्याएको छ ।


**चित्र ३: एघार वर्षभित्र नेपालमा बिक्री वितरण भएको गैह्र काष्ठ वन पैदावारको मात्रा**




*स्रोतः MoFSC 2060 – 2070 (BS)*

काठ दाउराका साथै गैह्र काष्ठ वन पैदावार[1] बिक्री वितरणको मात्रामा पनि विगत एघार वर्षमा निकै थपघट भएको देखिन्छ । गैह्र काष्ठ वन पैदावारको मात्रा आर्थिक वर्ष २०६० र २०७० का बीचमा तुलना गर्दा लगभग बराबरीकै हाराहारी (५ लाखदेखि १० लाख केजीकै बीच) मा रहेको देखिन्छ । तर आर्थिक वर्ष २०६५ मा उक्त मात्रा तुलनात्मक रूपमा निकै बढेको देखिन्छ । उक्त वृद्धि प्रत्येक वर्ष विस्तारै घट्दै १० वर्ष अघिकै हाराहारीमा आइपुगेको छ । यसरी अनपेक्षित रूपमा बढ्ने तथा घट्ने क्रमले विभिन्न खालका प्रश्नहरू जन्माएको छ । जस्तैः– वन स्रोतको दोहन अनियमित भएको हो ? वा तथ्याङ्क गलत हो ? वा अवैधानिक रूपमा सङ्कलन तथा बिक्री वितरण हुन थालेको हो ? अथवा वन स्रोत नै घटेको हो ?

**चित्र ४: सात वर्षभित्र नेपालमा बिक्री वितरण भएको जडिबुटीको मात्रा**




*स्रोतः MoFSC 2060 – 2070 (BS)*

वन विभागले जडिबुटी (कूल १६४ प्रकार र अन्य गरी १६५ प्रकार) बिक्री वितरणको मात्राको छुट्टै तथ्याङ्क चाहिँ विगत सात वर्ष (आर्थिक वर्ष २०६४) देखि मात्रै तयार गरेको हुनाले अरू जस्तै एघार वर्षको तथ्याङ्क यस लेखमा प्रस्तुत गरिएको छैन । यद्यपि, विगत सात वर्षको तथ्याङ्कलाई हेर्दा जडिबुटी बिक्री वितरणको मात्रा पनि माथि चर्चा गरिएका अन्य दुई प्रकारका वन स्रोतहरूको जस्तै घटेकै देखिन्छ । तर गैह्र काष्ठ वन पैदावरको बिक्री वितरण बीचका वर्षहरूमा भने अनपेक्षित रूपमा बढेको र पछिल्ला वर्षहरूमा फेरि अचानक घटेको देखिन्छ । उक्त तथ्याङ्कले पनि गैह्र काष्ठ वन पैदावारका विषयमा भनिए झैँ थुप्रै प्रश्नहरू जन्माएको छ ।


[1] लौठ सल्ला, खोटो, अर्घेली, अल्लो, लोक्ता, खयर, मैन, बाँबियो र खर, मह, भोर्लाको पात, निगालो, अम्रिसो, ढुङ्गा, बालुवा, ग्राभेल आदि ।

वन स्रोत बिक्री वितरणको मात्रा नेपालमा किन घटेको हो भन्ने प्रश्नको उत्तर खोज्न सजिलो भने पक्कै छैन । यद्यपि, केही सम्भावित कारणहरूको भने चर्चा गर्न सकिन्छ । तीमध्ये एक सम्भावित कारण भनेको सामुदायिक वनहरूको स्थापना हो भने दोस्रो सम्भावित कारण भने अवैधानिक रूपमा सङ्कलन तथा बिक्री वितरण हुने चलनको वृद्धि हुँदै गएको हुन सक्दछ । कारणहरू जे भए पनि बिक्री वितरणको मात्रा घट्नु दिगो आर्थिक विकास तथा स्थानीय जीविकोपार्जनका दृष्टिले एक महत्त्वपूर्ण चुनौती हो ।

## वन स्रोतको बिक्री वितरणबाट सङ्कलन भएको राजस्व

वन स्रोतहरूको बिक्री वितरणबाट सङ्कलन हुने राजस्वको मात्रा पनि केही आर्थिक वर्षहरूमा बढेको तथा केही वर्षहरूमा घटेको देखिन्छ । यसरी राजस्वको मात्रामा हुने अनपेक्षित घटबढले नेपालको समग्र वन स्रोतको व्यवस्थापन तथा सुशाशनमा नै गम्भीर प्रश्न जन्माएको छ ।


**चित्र ५:एघार वर्षमा वन स्रोतको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

काठ दाउराबाट सङ्कलन भएको राजस्वको मात्रा हेर्दा विभिन्न वर्षहरूमा धेरै घटबढ भएको देखिन्छ । जस्तैः– आर्थिक वर्ष २०६१ देखि २०६८ को समयावधिमा काठ दाउराको सङ्कलन तथा बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा क्रमिक रूपमा घटेको देखिन्छ भने त्यसपछिका दुई वर्षहरूमा अनपेक्षित रूपमा बढेर गएको देखिन्छ ।


### चित्र ६: एघार वर्षमा काठ दाउराको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

काठ दाउराको सङ्कलन तथा बिक्री वितरणबाट विभिन्न आर्थिक वर्षहरूमा राजस्व सङ्कलनको मात्रा घटबढ हुने समस्याको अलावा उक्त मात्रा तराई क्षेत्रका जिल्लाहरूको तुलनामा पहाडी जिल्लाहरूमा कम देखिन्छ । यस तथ्याङ्कले नेपालका पहाडी तथा हिमाली जिल्लाहरूमा भएको वन क्षेत्रमा हुने र हुन सक्ने वन स्रोतको मात्रा तथा उत्पादकत्वमा प्रश्न जन्मिएको छ ।


### चित्र ७: एघार वर्षमा काठ दाउराको बिक्री वितरणबाट पहाड तथा तराईमा सङ्कलन भएको राजस्वको मात्रा




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

नेपालमा सङ्कलन तथा बिक्री वितरण भएको गैर काष्ठ वन पैदावारको सङ्कलन तथा बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रालाई विगत एघार वर्षमा तुलना गर्दा घटबढ भएको देखिन्छ । सामान्यतयाः वन व्यवस्थापनमा सुशाशनको दृष्टिले प्रत्येक वर्ष राजस्वको मात्रा बढ्दै जानुपर्ने हो तर कहिले बढ्ने र कहिले घट्ने तथ्याङ्कले यस विषयमा थप अध्ययन तथा अनुसन्धानको आवश्यकता देखिएको छ ।


**चित्र ८ : एघार वर्षमा गैरकाष्ठ वन पैदावारको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

नेपालमा जडिबुटीको सङ्कलन तथा बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा पनि काठ दाउरा तथा गैह्र काष्ठ वन पैदावारबाट सङ्कलनमा जस्तै घटबढ भएको छ । आर्थिक वर्ष २०६७ देखि २०७० को समयावधिमा त राजस्व सङ्कलनको मात्रा अनपेक्षित रूपमा घटेको देखिन्छ ।


**चित्र ९: एघार वर्षमा जडिबुटीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

सङ्कलन भएको राजस्वको ठूलो हिस्सा काठ/दाउराबाट छ भने गैह्र काष्ठ वन पैदावार र जडिबुटीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा तुलनात्मक रूपमा कम छ । यसरी एकातिर समग्र वनस्रोतको सङ्कलन तथा यसको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा घटेको छ भने अर्कोतिर जडिबुटी तथा गैह्र काष्ठ वन पैदावारबाट सङ्कलन हुने राजस्वको मात्रा तुलनात्मक रूपमा निकै कम हुनु र घट्दै जानु वन स्रोतको दिगो व्यवस्थापनका दृष्टिले चुनौतपूर्ण बन्दै गएको सङ्केत हो । यसले के उक्त वन स्रोतहरूबाट आर्थिक वृद्धि गर्न नसकिने नै हो त भन्ने प्रश्न जन्माएको छ ।

**चित्र १० : एघार वर्षमा तीन प्रकारका वन स्रोतको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*


वन विभागको वार्षिक प्रतिवेदन अनुसार नेपालमा कूल १६४ प्रकारका जडिबुटी तथा १२ प्रकारका गैह्र काष्ठ वन पैदावार सङ्कलन भई बिक्री वितरण हुँदै आएको छ । तर विगत दश वर्षमा सङ्कलन भएको राजस्वको तथ्याङ्कलाई हेर्दा यी स्रोतहरूले राष्ट्रिय अर्थतन्त्रमा अपेक्षा अनुसारको आर्थिक योगदान पुऱ्याएको देखिदैन । उक्त तथ्याङ्कले नेपालमा पाइने यी स्रोतहरूको उत्पादन, सङ्कलन तथा बिक्री वितरणले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउन सक्ने योगदानलाई कसरी बढाउन सकिन्छ भन्ने विषयका बारेमा सबै सरोकारवालाहरूगम्भीर हुन बाध्य बनाएको छ ।

# नेपालमा वन उद्यमको अवस्था

देशमा कूल भूभागको लगभग ४५ प्रतिशत भूक्षेत्र वन क्षेत्रले ओगट्नु र यी क्षेत्रहरूमा भौगोलिक तथा पर्यावरणीय विविधता हुनुले नेपालमा स्रोतको विविधतताको प्रचुर सम्भावनालाई सङ्केत गर्दछ । तर नेपालको वन स्रोतले देशको आर्थिक विकास तथा रोगजारी सिर्जना गर्ने काममा पुर्‍याइरहेको योगदानको यकिन तथ्याङ्कको उपलब्धता तथा गहन विश्लेषण हुन सकेको छैन । उक्त कुराको आँकलन गर्न सकिने एउटा आधार भनेको वन स्रोतमा आधारित उद्योगहरूको सङ्ख्या पनि हुन सक्दछ ।

घरेलु तथा साना उद्योग विभागको तथ्याङ्क अनुसार नेपालमा विगत आर्थिक वर्ष २०७० सम्ममा कूल २,०७,१७२ वटा उद्योगहरू दर्ता भएका छन् । यीमध्ये आर्थिक वर्ष २०७० सम्म पुनः नवीकरण दर्ता कायम रहेका उद्योगको सङ्ख्या भने कूल १,६२,११० वटा मात्रै छ । यसको अर्थ अन्य उद्योगहरू (कूल ४५,०५२) दर्ता भए पनि सञ्चालन हुनु नसकेका कारण वा अन्य केही कारणहरूले गर्दा बन्द भएको वा दर्ता खारेजी भएको हुनु पर्दछ । यसरी दर्ता भएका उद्योगहरूलाई सातवटा वर्गमा विभाजन गरिएको छ । यीमध्ये उत्पादनमूलक उद्योगहरूको सङ्ख्या सबैभन्दा बढी देखिन्छ भने सबैभन्दा कम सङ्ख्यामा खनिज पदार्थसँग सम्बन्धित उद्योगहरू छन् । कृषि तथा वनसँग सम्बन्धित उद्योगहरूको सङ्ख्या समग्रमा तुलना गर्दा चौथो ठूलो उद्योगको वर्गमा पर्दछ ।

**चित्र ११ : नेपालमा आर्थिक वर्ष २०७० सम्म दर्ता भएका उद्योगहरू**




*स्रोत : उद्योग मन्त्रालय, २०७०*

घरेलु तथा साना उद्योग विभागको तथ्याङ्कमा समग्र उद्योगहरूमध्ये वन स्रोतमा आधारित उद्योगहरूको यकिन सङ्ख्या के कति छ भन्ने कुरा छुट्याइएको छैन । यद्यपि, समग्र उद्योगहरूको वर्गीकरणलाई केलाएर हेर्दा केही उद्योगहरू वन स्रोतमा आधारित

भई स्थापना तथा सञ्चालन भएको अनुमान गर्न सकिन्छ । जस्तैः– वन कृषि तथा वनजन्य उद्योगहरूका साथै अन्य प्रकारहरूमा राखिएका केही उद्योगहरू, जस्तै उत्पादनमूलक उद्योगको समूहमा राखिएको फर्निचर उद्योग, वन स्रोतसँग सम्बन्धित देखिन्छन् ।

चित्र ११ मा उल्लेख गरिएका सात वर्गका उद्योग भित्र कूल १६४ प्रकारका - उत्पादनमूलक १०४, सेवामूलक ३७, कृषि तथा वनजन्य ९, उर्जामूलक ५, पर्यटन ४, निर्माण ३, र खनिज २) उद्योगहरू छन् । ती सबै प्रकारका उद्योगहरूमध्ये जम्मा १८ प्रकारका उद्योगहरू वन स्रोतमा आधारित वा वन स्रोतसँग सम्बन्धित छन् ।

**तालिका २ : घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका उद्योगहरूको प्रकार तथा सङ्ख्या**

| | | उद्योग दर्ता भएको वर्ष र सङ्ख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **उद्योगको वर्ग** | २०५१ देखि २०६३ | २०६४ | २०६५ | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | कूल |
| **क) उत्पादनमूलक** | | | | | | | | | | |
| १ | सिस्नो पाउडर | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| २ | कत्था | ० | ० | ० | ० | ० | १ | १ | ० | २ |
| ३ | सजिवन तेल | ० | ० | ० | ० | ० | १ | १ | ० | २ |
| ४ | अलैंची | ४ | ० | ० | ० | २ | ० | ० | ० | ६ |
| ५ | उड कार्भिङ | ६ | ० | ० | ० | २ | २ | २ | ० | १२ |
| ६ | भेनियर उद्योग | ० | ० | ० | ० | ० | ८ | ८ | २ | १८ |
| ७ | कागजका कार्टुन बक्स | २१ | ० | ० | ० | ० | ० | ० | ० | २१ |
| ८ | रोजिन एन्ड पेन्ट | ३४ | ३ | ५ | ४ | १ | २ | २ | १ | ५२ |
| ९ | अल्लो प्रशोधन | ३२ | ० | १ | ० | २२ | ० | २ | ० | ५७ |
| १० | अल्लो कपडा | ७७ | ० | ० | ० | १२ | १ | २ | ० | ९२ |
| ११ | औषधी जडीबुटी सङ्कलन, प्रशोधन | १५२ | ६ | ५ | ९ | १८ | ३ | ६ | ९ | २०८ |
| १२ | हातेकागज/कपी | २९७ | ३२ | ३९ | ५८ | ६० | १ | ० | १५ | ५०२ |
| १३ | फर्निचर | ० | ० | ० | ० | ० | २४७ | ३७५ | ४५४ | १०७६ |
| १४ | समिल | १०७३ | ० | ० | ० | ० | ७७ | ८२ | १५६ | १३८८ |
| १५ | बेतबास तथा काठका फर्निचर | ४९४९ | ४२८ | ५११ | ५९१ | ४१९ | ४६ | ८९ | ९६ | ७१२९ |
| ***कूल (क)*** | | *६६४५* | *४६९* | *५६१* | *६६२* | *५३७* | *३८९* | *५७०* | *७३३* | *१०५६६* |

| ख) कृषि तथा वनजन्य | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | जडिबुटी प्रशोधन | ० | ० | ० | ० | ० | ४ | ६ | ३७ | ४७ |
| १७ | चिया खेती | १०० | ३६ | २३ | ३३ | २४ | ३ | ५ | ५२ | २७६ |
| १८ | मौरी पालन | १३१ | २६ | ५६ | ८९ | ११७ | ४ | २५ | १४ | ४६२ |
| १९ | नर्सरी | २६६ | २५ | ५२ | १०४ | ७२ | ३० | ३५ | ९३ | ६७७ |
| ***कूल (ख)*** | | ***४९७*** | ***८७*** | ***१३१*** | ***२२६*** | ***२१३*** | ***४१*** | ***७१*** | ***१९६*** | ***१४६२*** |
| **कूल (क र ख)** | | **७१४२** | **५५६** | **६९२** | **८८८** | **७५०** | **४३०** | **६४१** | **९२९** | **१२०२८** |

*स्रोत : उद्योग मन्त्रालय, २०७०*

देशमा कूल २,०७,१७२ वटा उद्योगमध्ये जम्मा १२,०२८ वटा उद्योग वन स्रोतसँग सम्बन्धित छन् जुन दर्ता भएका कूल उद्योगहरूको ५.८ प्रतिशत हो । यस तथ्याङ्कले देशको लगभग ४५ प्रतिशत भूभाग ओगटेको वन क्षेत्रसँग सम्बन्धित उद्योगहरूको सङ्ख्या तुलनात्मक रूपमा कम भएको अनुमान गर्न सकिन्छ । वन स्रोतसँग सम्बन्धित कूल उद्योगहरूमध्ये सबैभन्दा ठूलो सङ्ख्यामा भने वेतवास र काठका फर्निचरहरू रहेका छन् । अर्को अर्थमा भन्नुपर्दा कम सङ्ख्यामा उद्योगहरू हुनु भनेको सामान्य रूपमा वन स्रोतको प्रयोगले गर्नुपर्ने जति रोजगारी सिर्जना गर्न नसकेको भन्न सकिन्छ ।


# भाग ३

# कोशी पहाडी जिल्लाहरूमा वन स्रोत तथा वन उद्यम

# कोशी पहाडी जिल्लाहरूमा भूउपयोगको अवस्था

कोशी पहाडी जिल्लाहरूमध्ये क्षेत्रफलको हिसाबले सङ्खुवासभा जिल्ला तुलनात्मक रूपमा निकै ठूलो छ भने तेह्रथुम सबैभन्दा सानो छ । सङ्खुवासभा जिल्लाले मात्रै कूल भुभागको ५३.७१ प्रतिशत भूक्षेत्र ओगटेको छ भने सबैभन्दा सानो क्षेत्र भएको तेह्रथुम जिल्लाले १०.४३ प्रतिशत मात्र भूक्षेत्र ओगटेको छ । त्यसैगरी दोस्रो ठूलो क्षेत्र भएको भोजपुर जिल्लाले कूल २३.४४ र तेस्रो ठूलो धनकुटा जिल्लाले १२.७१ प्रतिशत भूक्षेत्र ओगटेको छ ।


**चित्र १२ : कोशी पहाडी जिल्लाहरूमा भूउपयोगको अवस्था**




*स्रोत : DDC, Bhojpur 2069 BS; DADO, Tehrathum 2011; District Forest Office Sankhuwasabha 2012/13; District Forest Office Dhankuta 2012/13 cited in DVN and NPRMS 2013*

कोशी पहाडी जिल्लाहरूमा कूल वन क्षेत्रको अवस्था ३९.४१ प्रतिशत छ तर उक्त वन क्षेत्र जिल्लागत हिसाबले हेर्दा फरक फरक हुन्छ । जिल्लाको कूल भूभागमध्ये सबैभन्दा बढी वन क्षेत्र भोजपुरमा छ भने सबैभन्दा कम धनकुटा जिल्लामा छ । तर खेतीयोग्य जमिनको हिसाबले चाहिँ धनकुटा जिल्ला सबैभन्दा अगाडि छ भने सङ्खुवासभा जिल्ला सबैभन्दा कममा पर्दछ ।


**चित्र १३ : कोशी पहाडी जिल्लाहरूमा भूउपयोगको अवस्था (प्रतिशतमा)**




*स्रोत: DDC, Bhojpur 2069 BS; DADO, Tehrathum 2011; District Forest Office Sankhuwasabha 2012/13; District Forest Office Dhankuta 2012/13 cited in DVN and NPRMS 2013*

वन उद्यमको मेरुदण्ड भनेकै वन स्रोतको उपलब्धता हो । वन स्रोतको उपलब्धता वन क्षेत्रको मात्रा, उक्त क्षेत्रको भौगोलिक अवस्था तथा पर्यावरणीय अवस्थाले निर्धारण गरेको हुन्छ । कोशी पहाडी क्षेत्रका जिल्लाहरूमा भएका वन क्षेत्रले ओगटेका क्षेत्र तथा यी जिल्लाहरूको भौगोलिक बनावट तथा हावापानीको अवस्था हेर्दा वन स्रोतको विविधता तथा उपलब्धताको प्रचुर सम्भावना भएको क्षेत्र हो भन्न सकिन्छ । वन स्रोतबाट भएको आर्थिक योगदानको विश्लेषण गर्दा ती वन क्षेत्रहरू कसरी व्यवस्थापन भएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।


**चित्र १४: कोशी पहाडी जिल्लाहरूमा वन व्यवस्थापनको अवस्था (क्षेत्रफल)**




*स्रोत : DDC, Bhojpur 2069 BS; DADO, Tehrathum 2011; District Forest Office Sankhuwasabha 2012/13; District Forest Office Dhankuta 2012/13 cited in DVN and NPRMS 2013*

वनको वास्तविक क्षेत्रफलका आधारमा सङ्खुवासभा जिल्ला सबैभन्दा धेरै क्षेत्रफल हुने जिल्ला हो भने कम हुनेमा तेह्रथुम पर्दछ । उक्त वन क्षेत्रमध्ये पनि सामुदायिक वन क्षेत्रको हिसावले भोजपुर जिल्ला अगाडि छ भने सबैभन्दा कम तेह्रथुम जिल्लामा छ । तर उक्त वन क्षेत्रलाई जिल्लागत प्रतिशतको हिसाबले भने यो भन्दा फरक हुन्छ । वन क्षेत्रको व्यवस्थापनको अवस्था हेर्दा सङ्खुवासभा जिल्ला बाहेक अन्य जिल्लाहरूमा वन क्षेत्रको ठूलो हिस्सा सामुदायिक वनका रूपमा व्यवस्थापन भएको देखिन्छ । सङ्खुवासभा जिल्लामा भने ठूलो भूक्षेत्र संरक्षित क्षेत्र वा राष्ट्रिय निकुञ्ज(मकालु वरुण राष्ट्रिय निकुञ्ज) को  रूपमा रहेको कारण जिल्लाको समग्र भूभागको तुलनामा सामुदायिक वन क्षेत्रले ओगटेको भूक्षेत्र कम देखिएको हो ।

**चित्र १५: कोशी पहाडी जिल्लाहरूमा वन व्यवस्थापनको अवस्था (प्रतिशतमा)**




*स्रोत : DDC, Bhojpur 2069 BS; DADO, Tehrathum 2011; District Forest Office Sankhuwasabha 2012/13; District Forest Office Dhankuta 2012/13 cited in DVN and NPRMS 2013*

कोशी पहाडी चार जिल्लामा सङ्खुवासभा बाहेक अन्य तीन जिल्लामा सामुदायिक वन क्षेत्रको प्रतिशत अरू प्रकारका वनहरूभन्दा  धेरै छ । यी चार जिल्लामध्ये धनकुटा जिल्लामा सामुदायिक वन क्षेत्रको प्रतिशत झण्डै शत प्रतिशत देखिन्छ । भौगोलिक वनावट तथा पर्यावरणीय अवस्था (पहाडदेखि उच्च पहाडी क्षेत्र), कूल भूक्षेत्रको ठूलो भूभाग (लगभग ३९.४१ प्रतिशत) वन क्षेत्रको रूपमा रहनु र कूल वन क्षेत्रहरूमध्ये पनि  धेरै  क्षेत्र (५०.० प्रतिशत) सामुदायिक वनका रूपमा व्यवस्थापन हुनुले यी जिल्लाहरूमा समुदायमा आधारित वन उद्यमको राम्रो सम्भावना रहेको अनुमान गर्न सकिन्छ । यद्यपि यस क्षेत्रमा के कस्ता वन स्रोतहरू के, कति मात्रामा उपलब्ध छन् र के कति सङ्ख्यामा समुदायमा आधारित वन उद्यमहरू छन् भन्ने कुराको यकिन तथ्याङ्क भने उपलब्ध छैन ।

# कोशी पहाडी जिल्लाहरूमा वन स्रोतको अवस्था

कोशी पहाडी जिल्लाहरूमा के कति प्रकारका वन स्रोतहरू कति परिमाणमा छन् भन्ने यकिन तथ्याङ्क यस लेखमा प्रस्तुत गर्न सकिएको छैन । यद्यपि, वन विभागको तथ्याङ्क अनुसार यस क्षेत्रमा विगत एघार आर्थिक वर्षमा काठ दाउराका साथै कूल आठ प्रकारका गैह्रकाष्ठ वन पैदावार र १६ प्रकारका जडिबुटीहरू मात्रै सङ्कलन भई बिक्री वितरण भएको देखिन्छ ।

**तालिका ३ : कोशी पहाडी जिल्लाहरूमा विगत एघार वर्षभित्र बिक्री वितरण भएका वन पैदावारहरू**

| जिल्लाहरू | विगत दश वर्षभित्र बिक्री वितरण भएका गैह्र काष्ठ वन पैदावार | | विगत दश वर्षभित्र बिक्री वितरण भएका जडिबुटी | |
|---|---|---|---|---|
| | प्रकार | नाम | प्रकार | नाम |
| **सङ्खुवासभा** | ५ | मह, अर्घेली, लोक्ता, खयर, लौठ सल्ला | ६ | सतुवा, नागबेलीको पाउडर, रक्तचन्दन, नागबेलीको लहरा, चिराइतो, रुद्राक्ष |
| **तेह्रथुम** | २ | अल्लो, लोक्ता | ८ | चावो, सतुवा, रिठा, झ्याउ, नागबेलीको लहरा, नागबेलीको पाउडर, मजिठो, चिराइतो |
| **भोजपुर** | २ | खयर, लोक्ता | ३ | मजिठो, रिठा, चिराइतो |
| **धनकुटा** | ३ | लोक्ता, खोटो, खयर | १५ | गुर्नो, रुद्राक्ष, कुरिलो, चुत्रो, जीवन्ती, झ्याउ, सल्लाको सिम्टा, नागबेलीको लहरा र पाउडर, सतुवा, जीवन्ती, रक्तचन्दन, दारुहल्दी, चिराइतो, मजिठो, रिठा, अन्य विविध |

*स्रोत : MoFSC 2060 – 2070 (BS)*

कूल १२ प्रकारका गैह्रकाष्ठ वन पैदावार र १६४ प्रकारका जडीबुटीमध्ये आठ प्रकारका गैह्रकाष्ठ वन पैदावार र १६ प्रकारका जडिबुटी मात्रै सङ्कलन तथा बिक्री वितरण भएको तथ्याङ्कले के कोशी पहाडी जिल्लाहरूमा वन स्रोतका प्रकारहरूको उपलब्धता कम नै भएको हो त भन्ने प्रश्न जन्माएको छ । यस तथ्याङ्कलाई आधार मान्दा कोशी पहाडी जिल्लाहरूमा वन स्रोत उपलब्धताका प्रकारहरू यस तथ्याङ्कमा उल्लेख भए भन्दा निकै बढी छ । यसको अर्थ के ती वन स्रोतहरू सङ्कलन नै भएका छैनन् ? वा सङ्कलन भए पनि ती सङ्कलित स्रोतहरू तथ्याङ्कमा आउन नसकेको हो ? भन्ने प्रश्न उठेको छ ।

## कोशी पहाडी जिल्लाहरूमा वन स्रोतको बिक्री वितरण

कोशी पहाडी जिल्लाहरूमा काठ तथा दाउराको सङ्कलन तथा बिक्री वितरणको मात्रा सामान्यतया: घटबढ भएको देखिन्छ । अझ आर्थिक वर्ष २०६७/०६८ मा त सबै जिल्लाहरूमा सङ्कलनको मात्रा शून्य रहेको कुरा तथ्याङ्कले देखाएको छ । यसैगरी केही जिल्लाहरूमा अन्य केही आर्थिक वर्षहरूमा सङ्कलन तथा बिक्री वितरण शून्य रहेको देखिन्छ ।

**तालिका ४: कोशी पहाडी जिल्लाहरूमा एघार वर्षभित्र बिक्री वितरण भएका वन पैदावारहरूको मात्रा**

| जिल्ला | काठ तथा दाउरा सङ्कलन तथा बिक्री वितरण भएका आर्थिक वर्षहरू (२०५९ देखि २०७० सम्म) | | | | | | | | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६ | ६६/६७ | ६७/६८ | ६८/६९ | ६९/७० | |
| धनकुटा | १८१३ | १०५७३७ | ९५५६९ | ३२५८३ | १५५१००३ | १२५९४३ | ४८६०७९ | १२५५४९५५ | ० | ९३४११९ | १०५११९२ | १६९३९७९५ |
| सङ्खुवासभा | ० | ४९०६ | ३ | ० | ० | ० | २५६८४ | ६०६१७ | ० | १०००४७९ | २६७४७१ | १३५९१५९ |
| तेह्रथुम | ० | ३४५२३ | ८८५५५ | ३६४५२ | ९४७७ | २९३१५ | ७५०६४ | २७४४६२ | ० | ३७३३९५ | ० | ९२१२४३ |
| भोजपुर | ० | ७९९ | १५० | ४०१ | ० | ८९५७ | ० | ० | ० | ० | ० | १०३०७ |
| कूल | १८१३ | १४५९६५ | १८४२७६ | ६९४३६ | १५६०४८० | १६४२१६ | ५८६८२६ | १२८९००३५ | ० | २३०७९९३ | १३१९४६३ | १९२३०५०३ |

*स्रोत : MoFSC 2060 – 2070 (BS)*

विगत ११ वर्षमा सङ्कलन तथा बिक्री वितरण भएको काठ दाउराको मात्रालाई हेर्दा धनकुटा जिल्लामा अन्य जिल्लाहरूको तुलनामा निकै बढी देखिन्छ भने भोजपुरमा निकै कम देखिन्छ । कोशी पहाडी जिल्लाहरूमा वन क्षेत्रको जिल्लागत अवस्था तथा काठ दाउरा सङ्कलन तथा बिक्री वितरणको मात्रालाई हेर्दा यी दुई विषयहरूका बीचमा अन्तरसम्बन्ध नभएको देखिन्छ । किनभने भोजपुर जिल्लामा समग्र वनको क्षेत्रफल, सामुदायिक वनको क्षेत्रफल तथा सङ्ख्या निकै धेरै भए पनि काठ दाउराको सङ्कलन तथा बिक्री वितरण कम हुनुले यो कुराको पुष्टि गरेको छ ।


**तालिका ५: कोशी पहाडी जिल्लाहरूमा एघार वर्षभित्र बिक्री वितरण भएको गैह्र काष्ठ वन पैदावारको मात्रा**

| क्र.सं | गैह्र काष्ठ वन पैदावारको नाम | जिल्ला तथा एघार वर्षभित्र सङ्कलन भएको मात्रा (केजी) | | | | *कूल* |
|---|---|---|---|---|---|---|
| | | धनकुटा | तेहथुम | भोजपुर | सङ्खुवासभा | |
| १ | मैन | ० | ० | ० | ० | *०* |
| २ | वाबियो खर | ० | ० | ० | ० | *०* |
| ३ | भोर्ला पात | ० | ० | ० | ० | *०* |
| ४ | निगालो गोटा | ० | ० | ० | ० | *०* |
| ५ | अम्रिसो | ० | ० | ० | ० | *०* |
| ६ | मह | ० | ० | ० | ४०५ | *४०५* |
| ७ | अल्लो | ० | १३२० | ० | ० | *१३२०* |
| ८ | अर्घेली | ० | ० | ० | ३००० | *३०००* |
| ९ | लोक्ता | ४००० | १०४८५ | २००० | ७३९० | *२३८७५* |
| १० | खोटो | ३९२२१ | ० | ० | ० | *३९२२१* |
| ११ | खयर | ८९२४६ | ० | ० | १७६०३ | *१०६८४८* |
| १२ | लौठ सल्ला | ० | ० | ० | ११५५०३ | *११५५०३* |
| | अन्य | ० | ० | ० | ० | *०* |
| | **कूल** | १३२४६७ | ११८०५ | २००० | १४३९०१ | *२९०१७२* |

*स्रोत : MoFSC 2060 – 2070 (BS)*

उपलब्ध तथ्याङ्कलाई आधार मान्दा कोशी पहाडी जिल्लाहरूमा एकातिर सङ्कलन तथा बिक्री वितरण भइरहेका केही गैह्र काष्ठ वन पैदावारहरू जस्तैः– अम्रिसो, को मात्रा तथ्याङ्कमा देखिदैन भने बिक्री वितरण भएको मात्रा पनि वास्तविक भन्दा निकै कम देखिन्छ ।


**चित्र १६: कोशी पहाडी जिल्लाहरूमा एघार वर्षहरूमा गैह्र काष्ठ वन पैदावार बिक्री वितरणको मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

विगत ११ आर्थिक वर्षमा सङ्कलन तथा बिक्री वितरण भएको गैह्र काष्ठ वन पैदावारको मात्रा एकातिर विभिन्न वर्षहरूमा अनपेक्षित रूपमा थपघट भएको छ भने अर्कोतिर केही आर्थिक वर्षहरूमा शून्य नै रहेको छ । यसैगरी बिक्री वितरण भएको जडिबुटीहरूको मात्रा पनि विभिन्न आर्थिक वर्षहरूमा अनपेक्षित रूपमा थपघट भएको देखिन्छ ।

**चित्र १७ : कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा जडिबुटी बिक्री वितरणको मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

एकातिर विभिन्न आर्थिक वर्षहरूमा सङ्कलन तथा बिक्री वितरण भएको जडिबुटीको मात्रा प्रत्येक वर्षमा थपघट भएको छ भने अर्कोतिर समग्रमा सङ्कलन तथा बिक्री वितरण भएको मात्रा घट्दो क्रममा छ । उक्त तथ्याङ्कले कोशी पहाडी जिल्लाहरूमा जडिबुटी वन स्रोतको उपलब्धता, उत्पादकत्व तथा यसले स्थानीय अर्थतन्त्रमा पुऱ्याएको तथा पुऱ्याउन सक्ने योगदानका विषयमा गम्भीर प्रश्नहरू जन्माएको छ ।


**तालिका ६: कोशी पहाडी जिल्लाहरूमा एघार वर्षभित्र बिक्री वितरण भएको जडिबुटीको मात्रा**

| क्र. सं. | बिक्री वितरण भएका जडिबटीहरू | जिल्ला तथा एघार वर्षभित्र सङ्कलन भएको मात्रा (केजी) | | | | *कूल* |
|---|---|---|---|---|---|---|
| | | धनकुटा | तेह्रथुम | भोजपुर | सङ्खुवासभा | |
| १ | गुर्जो | १०० | ० | ० | ० | *१००* |
| २ | चावो | ० | १४० | ० | ० | *१४०* |
| ३ | कुरिलो | १७५ | ० | ० | ० | *१७५* |
| ४ | चुत्रो | २५० | ० | ० | ० | *२५०* |
| ५ | सतुवा | ० | ३०० | ० | १०० | *४००* |
| ६ | जीवन्ती | १०१८ | ० | ० | ० | *१०१८* |
| ७ | सल्लाको सिम्टा | २००० | ० | ० | ० | *२०००* |
| ८ | रक्तचन्दन | ० | ० | ० | २७०० | *२७००* |
| ९ | झ्याउ | १९०० | १८०० | ० | ० | *३७००* |
| १० | दारुहल्दी | ३९०३ | ० | ० | ० | *३९०३* |
| ११ | नागबेलीको लहरा | २२९५ | २५७० | ० | २७०० | *७५६५* |
| १२ | नागबेलीको पाउडर | ० | ४००० | ० | ४००० | *८०००* |
| १३ | रिठा | ४१०३५ | १६२१ | १८०० | ० | *४४४५६* |
| १४ | मजिठो | १५४०० | ३०९७० | ७०० | ० | *४७०७०* |
| १५ | चिराइतो | १५१२४ | ७८१२१ | ३४०५ | ४३८१८ | *१४०४६८* |
| १६ | रुद्राक्ष | १०० | ० | ० | १६२७५५ | *१६२८५५* |
| | अन्य विविध | ५०० | ० | ० | ० | *५००* |
| | **कूल** | *८३८००* | *११९५२२* | *५९०५* | *२१६०७३* | *४२५३००* |

*स्रोत : MoFSC 2060 – 2070 (BS)*

विगत एघार वर्षमा नेपालमा सङ्कलन तथा बिक्री वितरण भएका कूल १६४ प्रकारका जडिबुटीहरूमध्ये कोशी पहाडी जिल्लाहरूमा जम्मा १६ प्रकारका जडीवुटीहरू मात्रै सङ्कलन तथा बिक्री वितरण भएको देखिन्छ । यस तथ्याङ्कले के यस क्षेत्रमा १६ प्रकारका जडिबुटिहरू मात्रै उत्पादित वा उपलब्ध छन् त भन्ने प्रश्न जन्माएको छ । तर यी जिल्लाहरूमा भएको वन क्षेत्रको मात्रा, भौगोलिक विविधता तथा सरोकारवालाहरूसँगको छलफललाई आधार मान्दा उक्त तथ्याङ्कमा उल्लेख भएको भन्दा अन्य धेरै प्रकारका वन स्रोतहरू यी जिल्लाहरूमा उत्पादन, सङ्कलन तथा बिक्री वितरण हुने गरेको छ । यसको अर्थ उत्पादन, सङ्कलन तथा बिक्री वितरण भएका कति वन स्रोतहरू तथ्याङ्कमा नआएका हुन् भन्न सकिन्छ ।

**चित्र १८: कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा बिक्री वितरण भएका वन पैदावारको कूल मात्रा**





*स्रोत : MoFSC 2060 – 2070 (BS)*

कोशी पहाडी चार जिल्लामा विगत एघार वर्षमा सङ्कलन भई बिक्री वितरण भएका वन पैदावारहरूको मात्रा नेपाल भरि सङ्कलन भएको कूल मात्रा (१८२६७६०७७.४३ केजी) को ०.२२ प्रतिशत मात्र (४०६०३५.६ केजी) रहेको छ । उक्त तथ्याङ्कले एकातिर यस क्षेत्रमा भएको वन स्रोतको आर्थिक सम्भाव्यतामा प्रश्न जन्माएको छ भने अर्कोतिर धनकुटा जिल्लामा तुलनात्मक रूपमा अन्य जिल्लाहरूमा भन्दा बढी सङ्कलन तथा बिक्री वितरण हुनु र भोजपुर जस्तो वनको क्षेत्रफल धेरै ठूलो भएको र स्रोतयुक्त वन क्षेत्र भएको जिल्लामा वन स्रोतको बिक्री वितरण कम भएको तथ्याङ्कले प्रश्नहरू जन्माएको छ ।

## कोशी पहाडी जिल्लाहरूमा वन स्रोतबाट सङ्कलन भएको राजस्व

कोशी पहाडी जिल्लाहरूमा वन स्रोत बिक्री वितरणको मात्रा मात्रै नभई उक्त बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा पनि विगत ११ वर्षमा क्रमिक रूपमा घट्दै गएको कुरा तथ्याङ्कले स्पष्ट देखाएको छ । विगत एघार वर्षमा कोशी पहाडी जिल्लाहरूमा वन स्रोतको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको कूल मात्रा ( ६२००८३०.१ रूपैंयाँ) देशमा सङ्कलन भएको कूल राजस्वको (४२८४९०८३८.०३ रूपैयाँ) मात्राको करिब १.४८ प्रतिशत मात्र हुन आउँदछ । उक्त मात्रा वास्तवमा कोशी पहाडी जिल्लाहरूमा रहेको वनको क्षेत्रफल, उपलब्ध हुने वन स्रोतहरूको प्रकार, तथा पर्यावरणीय अवस्थाका आधारमा अनुमान गर्दा निकै कम हो । उक्त तथ्याङ्कले यस क्षेत्रका जिल्लाहरूमा गैह्र काष्ठ वन पैदावारको बिक्री वितरण हुँदै नभएको हो कि भएर पनि तथ्याङ्कमा मात्रै नआएको हो भन्ने कुराको खोजी गरिनुपर्ने आवश्यकता औंल्याएको छ ।


**चित्र १९: कोशी पहाडी जिल्लाहरूमा काठ दाउराको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

विगत एघार वर्षको तथ्याङ्क हेर्दा कोशी पहाडी जिल्लाहरूमा काठ दाउराको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा क्रमिक रूपमा बढ्दै गएको कुरा तथ्याङ्कले देखाएको छ । उक्त तथ्याङ्कले यस क्षेत्रमा काठ दाउराको बिक्री वितरण तुलनात्मक रूपमा राम्रो भएको सङ्केत गर्दछ । तर गैह्र काष्ठ वन पैदावारको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रामा भने अनपेक्षित थपघट भएको देखिन्छ ।


**चित्र २० : कोशी पहाडी जिल्लाहरूमा गैह्र काष्ठ वन पैदावारको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

कोशी पहाडी जिल्लाहरूमा विगत एघार वर्षहरूमा गैह्र काष्ठ वन पैदावारको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा सरसर्ती हेर्दा के साँच्चै उक्त तथ्याङ्क सही हो त भन्ने प्रश्न उठ्दछ । किनभने कूल ११ वर्षमध्ये केही आर्थिक वर्षहरूमा त राजस्व सङ्कलनको मात्रा शून्य रहेको देखिन्छ । र सङ्कलन भएको राजस्वको ठूलो हिस्सा भने खयरको बिक्री वितरणबाट मात्रै भएको देखिन्छ ।


**चित्र २१ : कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा गैह्र काष्ठ वन पैदावारको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको कूल मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

गैह्र काष्ठ वन पैदावार मात्रै हैन कोशी पहाडी जिल्लाहरूमा विगत ११ वर्षमा जडिबुटीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा पनि अनपेक्षित रूपमा घटेको र केही आर्थिक वर्षहरूमा शून्य नै भएको कुरा तथ्याङ्कले देखाएको छ ।


**चित्र २२: कोशी पहाडी जिल्लाहरूमा जडिबुटीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

जडिबुटीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रामध्ये चिराइतोको बिक्री वितरणबाट सङ्कलन हुने राजस्वको मात्रा तुलनात्मक रूपमा निकै ठूलो देखिएको छ । यसको पहिलो अर्थ चिराइतो यस क्षेत्रमा आम्दानीको हिसाबले सबैभन्दा महत्त्वपूर्ण जडिबुटी हो भने दोस्रो अर्थ अन्य सम्भावित जडिबुटीहरूको बिक्री वितरण कम भएको वा बिक्री वितरण हुन नसकेको पनि हुन सक्दछ ।


**चित्र २३ : कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा जडिबुटीको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको कूल मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

कोशी पहाडी जिल्लाहरूमा जडीबुटीको बिक्री वितरणबाट सङ्कलित राजस्वको मात्रा पनि जिल्लागत रूपमा फरक फरक रहेको कुरा तथ्याङ्कले देखाउँदछ । नेपालभरि बिक्री वितरण भएका कूल १६४ प्रकारका जडिबुटीमध्ये जम्मा १६ प्रकारका जडिबुटीको मात्र (अन्य वा नाम नखुलेको बाहेक) बिक्री वितरण भएको कुरा तथ्याङ्कले देखाएको छ । नेपाल राज्यभित्र विगत एघार वर्षभित्र बिक्री वितरण भएको जडिबुटीको कूल मात्रा (७५०९९८२२.९५ केजी) को ०.५७ प्रतिशत मात्र (४२५३००.० केजी) बिक्री वितरण हुनु र राजस्वको हिसाबले कूल मात्रा (३७५५७४३६६.६८ रूपैयाँ) को ०.५३ प्रतिशत मात्र (२००५८०६.५ रूपैयाँ) राजस्व सङ्कलन हुनु तुलनात्मक रूपमा निकै कम हो ।


**चित्र २४: कोशी पहाडी जिल्लाहरूमा एघार वर्षमा सङ्कलन भएको राजस्वको कूल मात्रा**




*स्रोत : MoFSC 2060 – 2070 (BS)*

कोशी पहाडी जिल्लाहरूमा विगत ११ वर्षमा समग्र वन स्रोतको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको कूल मात्रा धनकुटा जिल्लामा सबैभन्दा बढी छ भने भोजपुर जिल्लामा सबैभन्दा कम छ । तर जडीबुटी तथा गैह्र काष्ठ वन पैदावारको बिक्री वितरणबाट सङ्कलन भएको राजस्व भने सङ्खुवासभा जिल्लामा सबैभन्दा बढी छ । भोजपुर जिल्लामा वनको क्षेत्रफल धेरै भए पनि वन स्रोतको बिक्री वितरण कम भएको कारण राजस्व पनि सबैभन्दा कम सङ्कलन भएको छ । यसकारण कोशी पहाडी जिल्लाहरूमा एघार आर्थिक वर्षहरूमा सङ्कलन भएको राजस्वको कूल मात्रामा भएको धेरथोरले समग्र वन स्रोतको उपयोग तथा आर्थिक लाभको मात्रालाई पनि सङ्केत गरेको छ ।

**चित्र २५: कोशी पहाडी जिल्लाहरूमा काठ दाउराको बिक्री विवतरणबाट सङ्कलन भएको राजस्वको मात्रा**





*स्रोत : MoFSC 2060 – 2070 (BS)*

चित्र २५ ले कोशी पहाडी जिल्लाहरूमा बिक्री वितरण भएको काठ दाउराबाट सङ्कलन भएको राजस्वको मात्रा देखाएको छ । उक्त तथ्याङ्कलाई हेर्दा सामुदायिक वन समूहहरूको सङ्ख्या तथा उक्त वनले ओगटेको क्षेत्रफल ठूलो भए पनि उक्त क्षेत्रमा भएको वनको काठ तथा दाउराको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा तुलनात्मक रूपमा कम भएको तथ्याङ्कले यी वन क्षेत्रको व्यवस्थापनले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानको विषयमा प्रश्नहरू जन्माएको छ । तर निजी वन क्षेत्रहरू कम भए पनि ती क्षेत्रहरूमा भएको काठ दाउराको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्रा तुलनात्मक रूपमा निकै बढी भएको देखिन्छ । अझ महत्त्वपूर्ण कुरा त के छ भने निजी वनहरूबाट बिक्री वितरण भएको काठ दाउराको मात्रा प्रत्येक वर्ष क्रमिक रूपमा बढ्दै गएको छ भने सामुदायिक वन क्षेत्र तथा राष्ट्रिय वनहरूबाट सङ्कलन भएको राजस्वको मात्रा भने घट्दै गएको छ । उक्त तथ्याङ्कले कोशी पहाडी जिल्लाहरूमा कूल वन क्षेत्रको ५० प्रतिशत भन्दा बढी क्षेत्र ओगटेको सामुदायिक वन क्षेत्रको राजस्व सङ्कलन कम हुनुले कोशी पहाडी जिल्लाहरूमा वन उद्यमको स्थापना तथा विकासको मुद्दालाई एक महत्त्वपूर्ण छलफलको विषय बनाइनुपर्ने आवश्यकताको सङ्केत गरेको छ ।

# कोशी पहाडी जिल्लाहरूमा वन उद्यमको अवस्था

नेपालमा आर्थिक वर्ष २०७० सालसम्म घरेलु तथा साना उद्योगमा कूल २,०७,१७२ उद्योग दर्ता भएका थिए । जसमध्ये कोशी पहाडी जिल्लाहरूमा कूल ३,३७५ (१.६३%) उद्योगहरू रहेका छन् । सङ्ख्यात्मक तुलना गर्दा कोशी पहाडी जिल्लाहरूमा दर्ता भएका उद्योगहरूको सङ्ख्या न्यून देखिन्छ । यद्यपि, कोशी पहाडी जिल्लाहरूमा आर्थिक वर्ष २०६४/०६५ देखि २०६९/०७० का बीचमा भने उद्योगहरूको सङ्ख्या क्रमिक रूपमा बढ्दै गएको छ ।


**चित्र २६: कोशी पहाडी जिल्लाहरूमा आर्थिक छ वर्षहरूमा दर्ता भएका नयाँ उद्योगहरूको सङ्ख्या**




*स्रोत : उद्योग मन्त्रालय २०७०*

कोशी पहाडी जिल्लाहरूमा आर्थिक वर्ष २०६४/२०६५ साल सम्म कूल २,२५४ वटा उद्योग दर्ता भएका थिए । उक्त सङ्ख्या प्रत्येक आर्थिक वर्षहरूमा बढ्दै गई २०७० मा कूल ३,३७५ पुगेको छ । यसरी उद्योगहरूको सङ्ख्या बढ्दै जानु आफैंमा सकारात्मक पक्ष हो ।


**चित्र २७: कोशी पहाडी जिल्लाहरूमा आर्थिक छ वर्षहरूमा बढ्दै गएको उद्योगहरूको सङ्ख्या**




*स्रोत : उद्योग मन्त्रालय २०७०*

कोशी पहाडी जिल्लाहरूमा दर्ता भएका यी उद्योगहरूलाई जिल्लागत रूपमा हेर्दा धनकुटा जिल्लामा तुलनात्मक रूपमा सबैभन्दा बढी छ भने भोजपुर जिल्लामा सबैभन्दा कम छ । माथि चर्चा गरे अनुसार भोजपुर र सङ्खुवासभा जिल्ला वनको क्षेत्रफल तथा वन स्रोतको उपलब्धता धेरै भएका जिल्लाहरू भए पनि ती जिल्लाहरूमा उद्योगको सङ्ख्या भने कम छ । यसको प्रमुख कारण भनेको विकास निर्माण, खासगरी यातायात तथा विद्युतको उपलब्धता हो ।


**चित्र २८: कोशी पहाडी जिल्लाहरूमा विभिन्न आर्थिक वर्षमा दर्ता भएका उद्योगहरूको जिल्लागत सङ्ख्या**




*स्रोत : उद्योग मन्त्रालय २०७०*

आर्थिक वर्ष २०५१/०५२ बाट दर्ता सुरु हुन थालेका उद्योगहरूको सङ्ख्या आर्थिक वर्ष २०७० मा आइपुग्दा कूल ३,३७५ भए पनि दर्ता भएका यी उद्योगहरू सबै सञ्चालनमा छैनन् । आर्थिक वर्ष २०७० को तथ्याङ्क अनुसार कूल २,२३३ वटा उद्योगहरू मात्रै अद्यावधिक रूपमा नवीकरण भएका छन् । उक्त तथ्याङ्क अनुसार दर्ता भएर पनि विभिन्न कारणले सञ्चालनमा आउन नसकेका उद्योगहरूको सङ्ख्या कूल १,१४२ (३३७५-२२३३=११४२) रहेको देखिन्छ । दर्ता भएर पनि सञ्चालन नभएका यी उद्योगहरूको सङ्ख्याले दर्ता भएपछि ती उद्योगहरू किन सञ्चालन हुन सक्दैनन् भन्ने प्रश्न जन्माएको छ । यद्यपि, नवीकरण भएका उद्योगहरू मात्रै पनि सञ्चालन हुने हो भने यी उद्योगहरूबाट सिर्जना हुने रोजगारी तथा जीविकोपार्जनमा पुऱ्याउने योगदान उल्लेख्य हुने निश्चित छ ।

**चित्र २९: कोशी पहाडी जिल्लाहरूमा विभिन्न आर्थिक वर्षमा दर्ता भएका उद्योगहरूको सङ्ख्या**




*स्रोत : उद्योग मन्त्रालय २०७०*

कोशी पहाडी जिल्लाहरूमध्ये भोजपुर जिल्लामा दर्ता भएको उद्योगको कूल सङ्ख्या कम भए पनि आर्थिक वर्ष २०६५ देखि २०७० का बीचमा दर्ता भएका उद्योगहरूको सङ्ख्या क्रमिक रूपमा बढ्दै गएको देखिन्छ । तर अन्य तीन जिल्लाहरूमा भने उक्त क्रम विभिन्न वर्षहरूमा थपघट भएको देखिन्छ ।

अद्यावधिक रहेका कूल २,२३३ वटा उद्योगहरूको प्रकारका हिसाबले सेवामूलक उद्योगहरूको सङ्ख्या (१,२५८ वटा) बढी छ भने पर्यटनसँग सम्बन्धित उद्योगहरूको सङ्ख्या तुलनात्मक रूपमा निकै कम (१० वटा मात्रै) देखिन्छ । र, कृषि तथा वन स्रोतसँग सम्बन्धित उद्योगहरूको कूल सङ्ख्या तेस्रोमा पर्दछ । उक्त तथ्याङ्कले वन उद्यम प्राथमिकताकै विषय बनेको कुरा अनुमान लगाउन सकिन्छ । तर वास्तवमा वन स्रोतसँग सम्बन्धित उद्योगहरूको सङ्ख्या एकातिर निकै कम छ भने दर्ता भएका उद्योगहरू सञ्चालन हुनका लागि पनि थुप्रै चुनौतीहरू रहेको कुरा कोशी पहाडी जिल्लामा रहेका केही वन उद्यमहरूको स्थलगत अवलोकन तथा सरोकारवालाहरूसँगको छलफबाट अनुमान गरिएको छ ।

**तालिका ७: कोशी पहाडी जिल्लाहरूमा अद्यावधिक रहेका उद्योगहरूको स्वामित्वको अवस्था**

| *जिल्ला* | घरेलु उद्योग | | | | साना उद्योग | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|
| | *प्रा. फ.* | *सा. फ.* | *प्रा. लि.* | *कूल* | *प्रा. फ* | *सा. फ* | *प्रा. लि.* | *कूल* | |
| भोजपुर | ११५ | ३ | ० | ११८ | २६५ | १५ | १ | २८१ | ३९९ |
| तेह्रथुम | १६५ | १२ | ० | १७७ | ३२४ | २० | १४ | ३५८ | ५३५ |
| सङ्खुवासभा | ८२ | ३० | ० | ११२ | ४४६ | १० | ७ | ४६३ | ५७५ |
| धनकुटा | १५५ | २१ | ० | १७६ | ४८९ | ३९ | २० | ५४८ | ७२४ |
| *कूल* | ५१७ | ६६ | ० | ५८३ | १५२४ | ८४ | ४२ | १६५० | २२३३ |

*स्रोत : उद्योग मन्त्रालय २०७०*

अद्यावधिक रहेका उद्योगहरूको प्रकार तथा स्वामित्व पनि एक महत्त्वपूर्ण विषय हो । कोशी पहाडी जिल्लाहरूमा दर्ता भई नवीकरण भएका उद्योगहरूमध्ये सङ्ख्यात्मक हिसाबले घरेलुभन्दा साना उद्योगहरूको सङ्ख्या तुलनात्मक हिसाबले निकै बढी देखिन्छ । स्वामित्वको हिसाबले निजी फर्महरूको (प्रा. फ.) सङ्ख्या सामुदायिक फर्म (सा. फ.) र प्राइभेट लिमिटेड (प्रा. लि.) हरूको सङ्ख्या भन्दा निकै बढी रहेको देखिन्छ ।

**तालिका ८: कोशी पहाडी जिल्लाहरूमा अद्यावधिक रहेका उद्योगहरूको प्रकारहरू**

| जिल्ला | कोशी पहाडी जिल्लाहरूमा रहेका उद्योगहरूको प्रकार | | | | | | | *जम्मा* |
|---|---|---|---|---|---|---|---|---|
| | *उत्पादनमूलक* | *ऊर्जामूलक* | *कृषि तथा वनजन्य* | *खनिज* | *पर्यटन* | *सेवामूलक* | *निर्माण* | |
| **भोजपुर** | १११ | ० | ३७ | ० | १ | २४९ | १ | ३९९ |
| **तेह्रथुम** | १२२ | ३ | ७२ | ४ | ० | २७० | ६४ | ५३५ |
| **सङ्खुवासभा** | ११९ | १ | ६९ | १७ | ६ | ३२६ | ३७ | ५७५ |
| **धनकुटा** | १७५ | २ | ९० | ३६ | ३ | ४१३ | ५ | ७२४ |
| *कूल* | ५२७ | ६ | २६८ | ५७ | १० | १२५८ | १०७ | २२३३ |

*स्रोत : उद्योग मन्त्रालय २०७०*

कोशी पहाडी जिल्लाहरूमा आर्थिक वर्ष २०७० सम्म अद्यावधिक रहेका उद्योगहरूमध्ये के कतिको सङख्याका उद्योगहरू वन स्रोतसँग सम्बन्धित छन् भन्ने तथ्याङ्क उपलब्ध छैन । यद्यपि तालिका ८ मा उल्लेख भएका उद्योगका प्रकारहरूमध्ये उत्पादनमूलक, कृषि तथा वनजन्य, पर्यटन, तथा सेवामूलक उद्यमहरू अन्तर्गत रहेका थुप्रै उद्योगहरू

वन स्रोतसँग सम्बन्धित हुन सक्दछन् । बहुसरोकारवाला वन कार्यक्रमका लागि भएको एक अध्ययनका अनुसार कोशी पहाडी ४ जिल्लामा १४४ वन स्रोतमा आधारित उद्यम र २३६ साना लघु उद्यम गरी कूल ३८० वन उद्यम रहेका छन् । र, ती उद्यमहरूले लगभग ३,८४९ जना व्यक्तिलाई रोजगारी दिएको छ *(DVN and NORMS, 2013)* ।

## तालिका ९: कोशी पहाडी जिल्लाहरूमा वन उद्यम तथा लघु उद्यमको सङ्ख्या तथा अनुमानित रोजगारी

| जिल्ला | (क) वन उद्यमका प्रकार तथा सङ्ख्या | | | | | | | (ख) वन स्रोतमा आधारित लघु उद्यम | कूल (क र ख) | कूल रोजगारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | हाते कागज | काठ तथा फर्निचर | अल्लो | जडिबुटी | बाँस तथा बेत बाँस | अन्य | कूल | | | |
| धनकुटा | ० | २१ | ० | ० | ० | १५ | ३६ | ८६ | १२२ | १०४९ |
| भोजपुर | ० | ० | ० | ० | ० | ० | २५ | ५० | ७५ | १००० |
| सङ्खुवासभा | १३ | २० | १९ | २ | ४ | ० | ५८ | ५० | १०८ | ८०० |
| तेह्रथुम | ३ | २२ | ० | ० | ० | ० | २५ | ५० | ७५ | १००० |
| **कूल** | १६ | ६३ | १९ | २ | ४ | १५ | १४४ | २३६ | ३८० | ३८४९ |

*स्रोतः DDC Dhankuta, 2012; DDC Bhojpur, 2012; DFO Sankhuwasabha, 2011/12; DDC Tehrathum, 2012 cited in DVN ad NORMS, 2013*

उद्योग मन्त्रालयको तथ्याङ्कले पनि कोशी पहाडी जिल्लाहरूमा दर्ता भएका उद्योगहरूले हजारौंका सङ्ख्यामा स्थानीय रोजगारीहरू सिर्जना गरेको छ । कोशी पहाडी जिल्लाहरूमा आर्थिक वर्ष २०७० सालमा दर्ता भएका उद्योगहरूले सिर्जना गर्ने स्थानीय रोजगारी, उद्यमीको सङ्ख्या र उद्योगबाट हुने आम्दानीहरूको अपेक्षित लक्ष्य हेर्दा यी उद्यमहरूले यस क्षेत्रको स्थानीय अर्थतन्त्रको विकास तथा स्थानीय जीविकोपार्जनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको अनुमान लगाउन सकिन्छ ।

**तालिका १०: आर्थिक वर्ष २०७० मा दर्ता भएका उद्योगहरूको प्रस्तावित रोजगारी, उद्यमी सङ्ख्या तथा आम्दानी**

| | आर्थिक वर्ष २०७० मा घरेलु तथा साना उद्योगको प्रस्तावित | | | | | | कूल उद्योगहरूका आधारमा अनुमानित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| *जिल्ला* | उद्योग | कूल रोजगारी | औसत रोजगारी | उद्यमीको सङ्ख्या | औसत उद्यमीको सङ्ख्या | वार्षिक आम्दानी (रू.) | उद्योगहरू | रोजगारी | उद्यमी | आम्दानी |
| धनकुटा | ७१ | २४६ | ३.५ | ८० | १.१ | १०९३२२५ | ७२४ | २५०८.५ | ८१५.८ | ७९१४९५१५४.९ |
| भोजपुर | ४७ | १३५ | २.९ | ५३ | १.१ | १६५१४६८ | ३९९ | ११४६.१ | ४४९.९ | ६५८९३५७६६.० |
| सङ्खुवा सभा | ६९ | २४७ | ३.६ | ७४ | १.१ | ११२४९१३ | ५७५ | २०५८.३ | ६१६.७ | ६४६८२५०००.० |
| तेह्रथुम | ६७ | ३८९ | ५.८ | ९४ | १.४ | ११५८४९३ | ५३५ | ३१०६.२ | ७५०.६ | ६१९७९३५०७.५ |
| कूल | २५४ | १०१७ | ४.० | ३०१ | १.२ | ३०५५८७ | २२३३ | ८८१९.१ | २६३३.० | २७१७०४९४२८.३ |

*स्रोत : उद्योग मन्त्रालय २०७०*

कोशी पहाडी जिल्लाहरूमा आर्थिक वर्ष २०७० मा दर्ता भएका उद्योगहरूमा प्रस्ताव गरिएको रोजगारीको सङ्ख्या, उद्यमीको सङ्ख्या तथा ती उद्योगहरूबाट हुने आम्दानीको अनुमानित तथ्याङ्क हेर्दा यी उद्योगहरू स्थानीय अर्थतन्त्र तथा जीविकोपार्जन सुधार गर्ने हिसाबले महत्त्वपूर्ण देखिन्छन् । तर यी उद्योगहरूको प्रस्तावित लक्ष्य हासिल हुन सक्छ कि सक्दैन भन्ने कुरा अर्को महत्त्वपूर्ण विषय हो । तर कोशी पहाडी जिल्लाहरूमा उल्लेख्य सङ्ख्यामा उद्योगहरू रहनु आफैंमा सकारात्मक विषय हो ।

कोशी पहाडी जिल्लाहरूमा स्थलगत अवलोकन, र सरोकारवालाहरूसँगको छलफललाई आधार मान्दा यस क्षेत्रमा स्थापना भएका धेरै वन उद्यमहरू सफल हुन सकेका छैनन् । यसकारण कोशी पहाडी जिल्लाहरूमा उल्लेख गरिए अनुसारका सङ्ख्यामा उद्योगहरू छन् कि छैनन् र ती उद्योगहरूले सिर्जना गरेको रोजगारीको अवस्था के कस्तो छ भन्ने विषय छलफलको विषय बन्न सक्दछ । यसका साथै ती उद्योगहरूको दिगो व्यवस्थापन तथा निरन्तरता तथा दिगोपना अर्को महत्त्वपूर्ण विषय हो ।

------✂------

# भाग ४

# तीनजुरे हाते कागज उद्योग र स्थानीय जीविकोपार्जनः एक विश्लेषण

# परिचय : नेपाली हाते कागजको उत्पादन तथा प्रयोग

नेपाली हाते कागज नेपाल र नेपालीका लागि कुनै नौलो चिज होइन । यसलाई नेपाली प्रायः सबैले देखेको हुनु पर्दछ र बहुसङ्ख्यकले यसको प्रयोग पनि गरेको हुनु पर्दछ । यसको प्रमुख कारण भनेको यो कागज नेपालको सरकारी कामकाजमा लेखापढी गर्नका लागि अनिवार्य रूपमा प्रयोग गरिनु हो । तर यो कागज केबाट, कसरी र कहाँ बनाइन्छ भन्ने कुरा भने निकै कमलाई थाहा होला ।

नेपालमा हाते कागजको उत्पादन कहिलेबाट सुरु भयो भन्ने विषयका बारेमा धेरै चर्चा यस लेखनमा गरिएको छैन । तर केही अध्ययनहरूले देखाए अनुसार लगभग १२ औं शताब्दीतिर नेपालका केही ठाँउहरूमा हाते कागजको उत्पादन गर्न सुरु गरिएको केही प्रमाणहरू भेटिएका छन् *(ANSAB, 2009)*।

नेपाली हाते कागज मुख्यतयाः लोक्ता भन्ने प्रजातिको वनस्पतिको बोक्राबाट बनाइन्छ । यो वनस्पति सामान्यतयाः १,८०० देखि ३,६०० मिटरको उचाइमा पाइन्छ । यो वनस्पति करिब ५/६ मिटर सम्म अग्लो हुन्छ र सामान्यतयाः ५ देखि ७ वर्षसम्ममा परिपक्व हुन्छ । यो वनस्पति सामान्यतयाः पुस महिनादेखि जेठ महिनाका बीचमा फुल्छ र फल लाग्दछ । यो प्रजातिको वनस्पति नेपालको पहाडी तथा हिमाली भेगका सबै ठाउँहरूमा पाइन्छ । नेपाल बाहेक चीन, भुटान, आसाम, सिक्किम, भारतका विभिन्न ठाउँहरूमा पनि यो वनस्पति पाइन्छ *(ANSAB, 2009)*। यो वृक्ष दुई तरिकाबाट वन जङ्गलमा फैलने गर्दछ । पहिलो, यस वनस्पतिको फल वा दानाबाट नयाँ विरुवा उम्रन्छ (लगभग २५ प्रतिशत),र दोस्रो, यस वनस्पतिको जरा वा वुट्यानबाट नयाँ हाँगा पलाएर पनि फैलिदै जान्छ (लगभग ७५ प्रतिशत) *(Jeanrenaud, 1984a)*।

नेपाली हाते कागज उक्त लोक्ताको भित्री बोक्राबाट बनाइन्छ । तर आजभोलि लोक्ताको बोक्राका साथै अन्य वनस्पतिका बोक्रा तथा डाँठहरू पनि मिसाएर नेपाली कागज बनाउन थालिएको छ । जस्तैः– अर्घेली, बाबियो, केराको डाँठ, अलैचीको डाँठ आदि जस्ता वनस्पतिलाई लोक्तासँग मिसाएर पनि नेपाली कागज बनाउन थालिएको छ । जसमध्ये अर्घेली मिसाएर कागज उत्पादन गर्ने काम प्रायः सबै ठाउँहरूहरूमा सामान्य भइसकेको छ भने बाबियो तथा केराको डाँठ मिसाएर बनाउने प्रचलन पनि विस्तारै बढ्दै गएको देखिन्छ । यसरी लोक्ता बाहेक अन्य वनस्पतिहरूको पनि प्रयोग हुनुको पछाडि केही कारणहरू छन् । पहिलो, नेपालको वन जङ्गलमा उपलब्ध लोक्ताको मात्रा विस्तारै कम हुँदै गएको तर बजारमा नेपाली हाते कागजको माग भने बढेर जानु । दोस्रो, शुद्ध लोक्ताको बोक्राबाट मात्रै बनाइएको कागजको माग अन्तराष्ट्रिय बजारमा बढेर जाँदा नेपालको स्थानीय तथा राष्ट्रिय बजारमा भएको नेपाली हाते कागजको माग पूरा हुनु नसक्नु । तेस्रो, समय तथा बजारको माग अनुसार हाते कागज बनाउन प्रयोग गरिने विभिन्न प्रकारका नयाँ प्रविधिहरूको विकास

तथा प्रयोग हुन थाल्नु । जस्तैः– हाल सङ्खुवासभा जिल्लाको टुटे देउराली स्थित तीनजुरे कागज उद्योग लगायत नेपालका विभिन्न ठाउँहरूहरूमा जापानिज प्रविधिको प्रयोग गरी लोक्तासँग अर्घेली, बाबियो र केराको डाँठ जस्ता वस्तुहरूमिसाएर नेपाली कागज बनाउन थालिएको छ ।

शुद्ध लोक्ताको बोक्रा मात्रै प्रयोग गरी बनाइएको कागजको बिक्री वितरणका लागि हालसम्म राष्ट्रिय तथा अन्तराष्ट्रिय दुवै स्तरमा बजारको कुनै समस्या नभएको कुरा नेपाली हाते कागजसँग सम्बन्धित स्थानीय तथा राष्ट्रिय उद्यमीहरूहरू बताउँछन् । त्यसैगरी लोक्तामा अर्घेली मिसाएर (४० प्रतिशत सम्म) बनाइएको कागजको प्रयोग र बिक्री वितरण पनि नेपालको स्थानीय तथा राष्ट्रिय बजारदेखि लिएर अन्तराष्ट्रिय बजारसम्म रहेको छ । तर बाबियो र केराको डाँठ मिसाएर बनाइएको कागजको बिक्री वितरण भने अन्तराष्ट्रिय बजारमा नहुने कुरा सम्बन्धित उद्यमीहरू बताउँछन् ।

शुद्ध लोक्ताको वा केही अर्घेली मिसाएर बनाइएको कागजको उपयोग लेख्ने कामको रूपमा मात्रै नभई अन्य प्रयोजनहरूमा पनि हुँदै आएको छ । जस्तैः– विभिन्न प्रकारका झोला, बक्स, कलमदानी लगायत विभिन्न प्रकारका सजावटका सामग्रीहरू बनाउनका लागि प्रयोग गर्ने गरिएको छ *(Jeanrenaud 1984b)* । तर लेख्ने प्रयोजनका लागि बाहेक अन्य प्रयोजनका लागि बनाइने सामग्रीका लागि भने उक्त कागजमाथि थप मिहिनेत, श्रम, सीप तथा लगानी गरिनु पर्दछ । यसको सकारात्मक पक्ष भनेको यसरी नेपाली हाते कागजबाट अन्य सामग्रीहरू बनाउँदा थप रोजगारीको सिर्जना हुनु हो । त्यसैगरी यस्ता उत्पादनहरूले अन्तराष्ट्रिय बजारमा नेपाली उत्पादन तथा उद्यमीहरूको सम्बन्ध स्थापना गर्नका लागि पनि मद्दत गर्दछ ।

# नेपाली हाते कागज उत्पादन प्रक्रियाको छोटो परिचय

यस लेखनमा नेपाली हाते कागज उत्पादन कसरी गरिन्छ वा हुन्छ भन्ने कुराको जानकारी गर्ने कुरा प्रमुख उद्देश्य होइन । तर यस विषयमा गरिने छलफलले कागज उत्पादन गर्ने विभिन्न चरण तथा प्रक्रियाहरूका माध्यमबाट के, कसरी, र कति मात्रामा स्थानीय रोजगारीहरूको सिर्जना हुन्छ र गर्न सकिन्छ, र उक्त उद्योगको सञ्चालनले स्थानीय जीविकोपार्जनमा के कसरी योगदान पुऱ्याउन मद्दत गर्दछ वा गर्न सक्दछ भन्ने कुराको लेखाजोखा गर्नु हो । यसकारण,यस खण्डमा स्थानीय स्तरमा हाते कागज उत्पादन तथा उक्त हाते कागजबाट स्थानीयदेखि अन्तराष्ट्रिय बजारसम्म पुऱ्याउन सकिने विभिन्न चिज तथा वस्तुहरूको उत्पादन गर्ने प्रक्रियाहरूका बारेमा चर्चा गरौं ।

१) ***कच्चा पदार्थ सङ्कलन गर्ने :*** वन जङ्गलमा भएको लोक्ता वा अर्घेलीलाई परिपक्व भएपछि काटेर त्यसको बोक्रा निकालिन्छ । यसरी निकालिएको बोक्राको बाहिरी पत्र छिलेर फालिन्छ र भित्री पत्रलाई सुकाइन्छ । यसरी तयार भएको लोक्ता र अर्घेलीको बोक्रालाई तथा बाबियो र केराको डाँठ भए तिनीहरूलाई पनि कागज उत्पादन गर्ने ठाउँमा सङ्कलन गरिन्छ ।

२) ***कच्चा पदार्थलाई पानीमा भिजाउने :*** सङ्कलन भएको लोक्ता र अर्घेलीको बोक्रा वा सङ्कलन भएको अन्य कच्चा पदार्थलाई आवश्यकता अनुसारको मात्रामा (सामान्यतयाः एक पटकमा एक जनाले २० देखि २५ केजीको तौल) छुट्याएर पानीमा कम्तीमा ८ देखि १२ घण्टासम्म भिजाएर राखिन्छ । लोक्ता र अर्घेली मिसाउने हो भने सामान्यतयाः ६० प्रतिशत लोक्ता र ४० प्रतिशत अर्घेली मिसाइन्छ । तर फरक फरक प्रकारका कच्चा पदार्थहरूलाई मिसाएर कागज बनाउने हो भने तोकिएको मात्रा मिलाएर भिजाइन्छ ।

३) ***कच्चा पदार्थलाई आगोमा पकाउने :*** यसरी भिजेको लोक्ता, अर्घेली वा अन्य कच्चा पदार्थहरूलाई राम्ररी केलाएर त्यहाँ भएको फोहार पदार्थ, बाहिरी बोक्रा, वा नचाँहिदो डाँठहरूलाई फालिन्छ र फेरि कास्टिक सोडासँग मिसाएर करिब ४ देखि ६ घण्टासम्म भाँडामा राखेर आगोमा पकाइन्छ । फरक फरक प्रकारका कच्चा पदार्थहरूलाई सामान्यतयाः छुट्याएर पकाइन्छ ।

४) ***कच्चा पदार्थलाई धोएर सफा गर्ने :*** यसरी पकाएको लोक्तालाई पानीले कम्तीमा चार पाँच पटक धोएर उक्त कच्चा पदार्थमा भएको कास्टिक सोडा तथा फोहोर मैलाहरू फालिन्छ । यसरी धुँदा पनि उक्त कच्चा पदार्थ सफा नभएमा कहिलेकाँही थप दुई चार घण्टा ब्लिचिङ पाउडरमा राखिन्छ र पानीले फेरि पटक पटक पखालेर सफा गरिन्छ ।

५) ***कच्चा पदार्थलाई मसिनो टुक्रा बनाउने :*** धोएर सफा बनाइएको कच्चा पदार्थलाई काठको टुक्रा वा ढुङ्गाले कुटिन्छ र मसिनो बनाइन्छ ता कि यसरी टुक्रा बनाइएको कच्चा पदार्थ पानीमा मिसाउँदा घोल बन्न सकोस् । आजभोलि उक्त कच्चा पदार्थलाई घोल बनाउनका लागि बिजुलीको प्रयोग वा पानीको फोहोराले चल्ने मेसिन वा बिटर मेसिनको प्रयोग गर्न थालिएको छ । यद्यपि नेपालका ग्रामीण क्षेत्रमा रहेका कैयौँ नेपाली हाते कागज उत्पादकहरूले यस्तो बिटर मेसिनको प्रयोग गर्न सकेका छैनन् । उनीहरू अझै पनि काठ वा ढुङ्गाको टुक्राले कुटेरै घोल बनाउने गर्दछन् ।

६) ***आवश्यकता अनुसारको घोल बनाउने*** : मसिनो टुक्रा पारिएको कच्चा पदार्थलाई निश्चित नाप अनुसारको पानीमा मिसाएर घोल तयार गरिन्छ । तर बिटर मेसिन प्रयोग गरिने ठाउँमा भने पानी र कच्चा पदार्थको मात्रा सुरुआतमा नै मिलाएर बिटर मेसिनमा राखिन्छ । जसले गर्दा आवश्यकता अनुसारको घोल बिटर मेसिनमा टुक्र्याउँदा नै तयार हुन्छ ।

७) ***घोललाई काठको फ्रेममा राखी कागज उतार्ने*** : तयार भएको कच्चा पदार्थको घोललाई आवश्यकता अनुसारको तौल हुने गरी कागज बनाउने फ्रेम जालीमा राखी कागजको रूपमा उतारिन्छ । आवश्यकता अनुसारको तौल (५ ग्राम, १० ग्राम, १५ ग्राम, २० ग्राम, ३० ग्राम, ४० ग्राम आदि) भएको कागज बनाउनका लागि घोलको मात्रामा धेरथोर बनाइन्छ । यसको अर्थ धेरै

घोल फ्रेम जालीमा राखेर कागज उतार्दा उक्त कागजमा धेरै कच्चा पदार्थ खपत हुन्छ र जसले गर्दा कागजको तौल वा कागजको बाक्लो पना बढी हुन्छ भने कम घोलले कागजको तौल र बाक्लो पना कम बनाउदछ । यसरी कागज बनाउने फ्रेमजालीमा घोल राखेर कागजमा उतार्नका लागि कामदारमा सीपको आवश्यकता पर्दछ । यसकारण उत्पादित कागजको गुणस्तरीयता पनि उक्त काम गर्ने कामदारको सीपमा नै निर्भर गर्दछ ।

८) ***फ्रेम जालीमा उतारिएको कागजलाई घाममा सुकाउने :*** कागजका उतारिएको फ्रेम जालीलाई घाममा सुकाइन्छ (करिब १ घण्टादेखि ३ घण्टासम्म) र सुकिसकेपछि उक्त जालीमा टाँसिएको कागजलाई छुट्याए पछि कागजको पत्ता तयार हुन्छ । यसरी तयार भएको कागजको पानालाई २००/२०० पानाको (उक्त २०० पानाको चाङलाई एक कोरी भनी हिसाब गरिन्छ) चाङ बनाई राखिन्छ । तर जापानिज प्रविधिबाट कागज बनाउँदा भने फ्रेम जालीमा उतारिएको घोललाई सुकाउनुभन्दा पहिले केही घण्टासम्म चाङ बनाएर थिचेर राखिन्छ र करिब ३/४ घण्टा थिचेर उक्त घोल फ्रेम जालीमा कसिलो भएपछि टिनको पातामा राखी फ्रेम जाली जस्तै घाममा सुकाइन्छ । यसरी तयार भएको कागज कोरीको हिसाब गरी बजारमा वा फेरि अर्को तहका उद्यमीहरूलाई बिक्री गरिन्छ ।

९) ***कागजलाई आवश्यकता अनुसार रङ्गीन बनाउने :*** उक्त कागजलाई ( सामान्यतयाः राष्ट्रिय स्तरका नेपाली कागज उद्यमी वा उद्योगीहरूले) आवश्यकता अनुसारको रङ लगाई सुकाइन्छ । तर कति कागजहरू भने कुनै रङ नलगाई प्राकृतिक रङकै रूपमा पनि प्रयोग गरिन्छ । रङ लगाउने दुई तरिकाहरू हुन्छ । एउटा तरिका अनुसार कागजलाई माथि भनिएको अनुसार फ्रेम जालीमा राख्नुभन्दा अगाडि घोलमा नै आवश्यकता अनुसारको रङ मिसाएर फ्रेम जालीमा राखिन्छ (जसलाई पल्प वा pulp डाइङ भनिन्छ) भने अर्को तरिका अनुसार फ्रेम जालीमा सुकाएर तयार गरिएको कागजलाई आवश्यकता अनुसार तयार गरिएको रङको घोलमा डुबाएर हल्का गरी निचोरिन्छ र फेरि टिनको पातामा राखेर सुकाइन्छ (यसलाईdip dying/डिप ड्राइङ भनिन्छ) ।

१०) ***कागजलाई चिल्लो बनाउने :*** रङ्गीन बनाइएको कागज वा यदि प्राकृतिक रङलाई नै प्रयोग गर्ने भए उक्त कागजको पत्तालाई एक एक गरी क्यालेन्डरिङ मेसिनमा राखेर चिल्लो बनाइन्छ । यसरी क्यालेन्डरिङ मेसिनमा राखेर कागज चिल्लो बनाउने काम दुई अर्थमा निकै खर्चिलो हुने गर्दछ । एकातिर उक्त क्यालेन्डरिङ मेसिन आफैंमा निकै महङ्गो हुन्छ भने उक्त मेसिन चल्नका लागि बिजुलीको आवश्यकता पर्दछ । त्यसैगरी क्यालेन्डरिङ मेसिन सञ्चालन गर्नका लागि कागजको मात्रा निकै धेरै चाहिन्छ जुन कुरा ग्रामीण स्तरमा हाते कागज उत्पादन गर्ने सामान्य उद्यमीहरूका लागि निकै खर्चिलो तथा असम्भव देखिन्छ ।

***११) चिल्लो पारिएको कागजलाई आवश्यकता अनुसारको आकार तथा प्रकारहरूमा कटिङ गर्ने :*** चिल्लो बनाइएको कागजलाई प्रेस मेसिनमा राखी आवश्यकता अनुसारको आकार प्रकारमा टुक्रा पारिन्छ । तर कति कागजहरू भने बजारको माग अनुसार नटुक्राइकन सग्लै पनि बेचबिखन गरिन्छ ।

***१२) कलात्मक सामग्री बनाउने :*** प्रेस मेसिनबाट कटिङ गरिएका कागजहरूलाई आवश्यकता अनुसार वा बजारको माग अनुसार विभिन्न वस्तु वा चिजहरू, जस्तैः– प्रिन्ट भर्ने, नोट डायरी, विभिन्न आकार प्रकारका बाकसहरू, बत्तीको सेट वा खोलहरू आदि बनाइन्छ । यो तहमा पुगेको कागजमा काम गर्नका लागी तुलनात्मक रूपमा धेरै अनुभवी तथा तालिम प्राप्त कामदारहरूको आवश्यकता हुन्छ । यसका साथै यस स्तरमा काम गर्नका लागि उत्पादनको गुणात्मकता तथा बजारमा पहुँचका हिसाबले निकै ठूलो लगानीको आवश्यकता पर्दछ ।

***१३) उत्पादित वस्तुको बजारीकरण :*** नेपाली हाते कागज तथा कागजबाट बनेका विभिन्न सामग्रीहरूको बिक्री वितरणसँग सम्बन्धित दर्जनौं सफल उद्योग तथा उद्यमीहरू काठमाडौंमा रहेका छन् । उनीहरूले नेपाल राज्यभरि उत्पादन भएका नेपाली हाते कागजहरू खरिद गरी ती कागजबाट विभिन्न खालका कलात्मक वस्तुहरू निर्माण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारहरूहरूमा बिक्री वितरण गर्दै आएका छन् । उनीहरूको उत्पादन तथा बजारीकरणकै कारण युरोप, अमेरिका लगायत एसियाका विभिन्न विकसित मुलुकका व्यापारी तथा खरिद कर्ताहरूसँग राम्रो व्यापारिक सम्बन्धको स्थापना भएको छ । यसकारण यस तहमा उद्यमीहरूका माध्यमबाट उत्पादित वस्तुहरूलाई स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा पुऱ्याउने वा बेच्ने काम गरिन्छ ।

माथि चर्चा गरिएका १३ प्रकारका प्रक्रियागत तहहरूमध्ये आठ प्रकारका क्रियाकलापहरू स्थानीय स्तरमा गरिन्छ भने पाँच प्रकारका क्रियाकलापहरू राष्ट्रिय स्तरका उद्यमीहरूको तहमा गरिन्छ । यसको प्रमुख कारण भनेको उत्पादनका यी तहहरूमा काम गर्नका लागि आवश्यक पर्ने थुप्रै प्रकारका आधारभूत कुराहरू जस्तैः– उद्योग सञ्चालन गर्ने सीप, प्रविधिको ज्ञान तथा पहुँच, लगानीको क्षमता, बजारसँगको निकटता वा सम्बन्ध जस्ता कुराहरूमा स्थानीय स्तरका उद्यमीहरूमा सम्भव नहुनु हो *(Dutta, 1994)* ।

यसरी नेपाली हाते कागजको सुरुदेखि अन्तसम्मका समग्र प्रक्रियामा के कति रोजगारी सिर्जना हुन्छ र उक्त रोजगारीले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा के कति योगदान पुऱ्याई रहेको छ भन्ने कुराको मिहीन विश्लेषण गर्न सजिलो छैन । अर्को महत्त्वपूर्ण पाटो भनेको काठमाडौंमै रहेका केही उद्यमी/उद्योगीहरूले माथि चर्चा गरिएका सबै तहका क्रियाकलाप गर्ने गरेका छन् । जसले गर्दा स्थानीय तहमा लोक्ता वा अर्घेलीको

सङ्कलन गरी कच्चा पदार्थ नै बिक्री वितरण गर्ने तहसम्मको काममा मात्रै स्थानीय समुदाय संलग्न हुन पाउदछन् ।

नेपाली हाते कागज उत्पादन गर्ने प्रविधिमा भएको नयाँ नयाँ विकास, उत्पादित कागजको बढ्दो माग तथा खपत, र गाउँ स्तरमा घट्दै गएको लोक्ताको उत्पादनका कारण लोक्तासँग अन्य रेसाजन्य बोट विरुवाका बोक्रा तथा डाँठहरू मिसाएर कागज बनाउन थालिएको कुरा माथि नै चर्चा गरिएको छ । तीमध्ये पनि अर्घेली साधारणतया: लोक्ता जस्तै जातको वनस्पति भएको, लोक्ताभन्दा चाँडो परिवक्व हुने, सजिलैसँग रोप्न वा खेती गर्न सकिने, लोक्ता भन्दा केही कम उचाइमा (सामान्यतया: १५०० मिटरदेखि माथि खेती गर्न सकिन्छ) पनि हुने र यसलाई लोक्तासँग ४० प्रतिशतसम्म मिसाएर बनाइएको कागजको गुणस्तर अन्तराष्ट्रिय बजारमा पनि बिक्री हुने हुनाले यसको मिसावट सामान्य बन्दै गएको छ । तर अन्य वनस्पतिहरूको रेसाहरू मिसाएर बनाइएको कागज अन्तराष्ट्रिय बजारहरूमा बिक्री गर्न नसकिने र राष्ट्रिय बजारमा पनि यसको किनबेच कम भएको कारण फस्टाउन नसकेको कुरा व्यापारीहरू बताउँछन् ।

# तीनजुरे हाते कागज उद्योगको विगत तथा वर्तमान

## परिचय



सङ्खुवासभा जिल्ला तामाफोक गाविसको टुटे देउराली स्थित तीनजुरे हाते कागज उद्योग स्थापनाको प्रक्रिया, लगानीको अवस्था र स्वरूप र उत्पादनको मात्राको हिसाबले कोशी पहाडी जिल्लामा रहेको नेपाली हाते कागज उत्पादन गर्ने उद्योगहरूमध्ये एक उदाहरण बनेको छ । यो उद्योग वि.सं.२०६३ सालमा जिल्ला स्थित घरेलु तथा साना उद्योग विभागमा "तीन जुरे हाते कागज उद्योग"को नाममा दर्ता भई हाते कागज उत्पादन गर्न थालेको हो । कागज उत्पादनको मात्रा बढ्दै गएपछि उक्त उद्यमलाई कम्पनी रजिस्टार कार्यालयमा वि.सं.२०६५ सालमा "तीनजुरे गैरकाष्ठ वन पैदावर उत्पादन तथा प्रशोधन प्रा.लि."मा परिणत गरी कम्पनीको रूपमा पुनः दर्ता गरियो । यो उद्योग कानूनी रूपमा १० लाख रूपैयाँ स्थिर पुंजी, १० लाख रूपैयाँ चालु पुँजी गरी कुल अधिकृत पुँजी २० लाख रूपैयाँको कारोवार गर्न सक्ने एक कम्पनी बनेको छ ।

## लगानीको अवस्था

यस उद्योगमा शेयर लगानी बाँडफाँडको संरचना हेर्दा तीन खालका लगानी कर्ताहरू छन् । लगानीको अवस्था र संरचनालाई हेर्दा यस उद्योगमा तिनै प्रकारका लगानीकर्ताहरूको अपनत्वमा सन्तुलन ल्याउन खोजिएको छ । यद्यपि तीन खालका लगानीकर्ताहरूमध्ये सामुदायिक वन समूहहरूको लगानी अन्य दुई खालका लगानीकर्ताहरू भन्दा तुलनात्मक रूपमा बढी छ । उक्त लगानीको मात्रालाई उद्योगप्रतिको अपनत्व तथा भूमिकासँग तुलना गरी विश्लेषण गर्दा उक्त उद्योगको सञ्चालनका लागि आवश्यक कच्चा पदार्थको उत्पादन तथा सङ्कलन गर्ने सामुदायिक वन समूहहरूलाई जिम्मेवारी बोध गराउने तथा व्यवहारिक रूपमा उद्योग सञ्चालनका लागि सहयोगी बनाउने प्रयास भएको छ । सामुदायिक वन समूहका विपन्न घरधुरीहरूको लगानीका माध्यमबाट विपन्न घरधुरीहरूलाई उद्योग सञ्चालन गर्न आवश्यक पर्ने कच्चा पदार्थ आफ्नो सामुदायिक वन क्षेत्र तथा निजी वन क्षेत्रबाट सङ्कलन गरी बिक्री वितरण गर्ने र आफ्नो आम्दानीमा पनि वृद्धि गर्न प्रोत्साहन गर्ने उद्देश्य राखिएको छ । यसैगरी अन्य निजी व्यक्तिहरूलाई यस उद्योगमा लगानी गराई उक्त उद्योग सञ्चालन तथा व्यवस्थापनका विभिन्न तहहरूमा सहयोग गर्न प्रोत्साहन गर्ने लक्ष्य राखिएको छ ।

**तालिका ११: तीनजुरे हाते कागज उद्योगमा रहेको लगानीको अवस्था**

| *लगानी कर्ताहरू* | *अवधारणागत रूपमा विनियोजनगरिएको शेयरको मात्रा* | | | *हालसम्म चुक्ता भएको रकम* | *चुक्ता रकम* |
|---|---|---|---|---|---|
| | *सङ्ख्या* | *%* | *शेयर सङ्ख्या* | | |
| सामुदायिक वन | १४ | ४५ | ४५०० | २९९४२० | २८.०२ |
| सावउसका विपन्न घरधुरीहरू | ५६ | २५ | २५२० | ३२२००० | ३०.१३ |
| निजी लगानीकर्ता | ४९ | ३० | ३९८० | ४४७३०० | ४१.८५ |
| कूल | ११९ | १०० | ११००० | १०६८७२० | १००.०० |

*स्रोत: तीन जुरे हाते कागज उद्योग प्रशासन, २०७३*

यस उद्योगमा शेयर लगानी गर्ने जम्मा १४ वटा सामुदायिक वन समूहहरू छन् । ती सामुदायिक वनहरूतीनवटा गाविसहरूमा पर्दछन् । यसको अर्थ तीनवटा गाविसमा रहेका १४ वटा सामुदायिक वनका उपभोक्ताहरू यस उद्योगको सञ्चालन तथा आम्दानीबाट कुनै न कुनै रूपमा लाभान्वित भइरहेका छन् भन्न सकिन्छ । जस्तै यस उद्योगले यी सामुदायिक वन समूहका उपभोक्ताहरूले सङ्कलन गरी बिक्री गरेको कच्चा पदार्थहरूबाट उत्पादन भएको कागजको बिक्रीबाट हालसम्म (आर्थिक वर्ष २०७२ सालसम्म) कूल ६,२८,००० रूपैयाँ नगद मुनाफा आर्जन गरी कम्पनीको शेयर धनी वा लगानीकर्ताहरूलाई वितरण गरी सकेको छ ।

## तालिका १२: तीनजुरे हाते कागज उद्योगमा शेयर लगानी गर्ने सामुदायिक वन समूहहरूको विवरण

| क्र.सं. | संस्था | गा.वि.स. | जिल्ला | वनको क्षेत्रफल (हे) | शेयर सङ्ख्या | कार्ययोजनाको मिति | औसत कच्चा पदार्थको बिक्री (केजी)[२] | औसत अर्धेली बिक्री (केजी) | कार्ययोजना अवधिको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | देवीथान | तामाफोक -९ | सङ्खुवासभा | ५६.१९ | १०० | छ | ७ | ० | २०७४ |
| २. | कालिका | तामाफोक -९ | सङ्खुवासभा | २८३.४२ | ६५० | छ | ११३ | १४३९ | २०७१ |
| ३. | भञ्याङ सन्सारी | तामाफोक -६ | सङ्खुवासभा | ९३.४३ | १०० | सकिएको छ | ३९ | ० | २०६९ |
| ४. | सानो पाताल | तामाफोक -४ | सङ्खुवासभा | ११.७० | १०० | छ | ० | ० | २०६२ |
| ५. | ज्यावले | तामाफोक -९ | सङ्खुवासभा | ७७.७८ | २५० | सकिएको छ | ० | ० | २०७० |
| ६. | जाल्पादेवी | तामाफोक -३ | सङ्खुवासभा | २८२.१५ | १०० | सकिएको छ | ५७१ | १४ | २०७० |
| ७. | चैते | वसन्तपुर १,२,३ | तेह्रथुम | २२६.३८ | ४०० | सकिएको छ | ० | ५८७ | २०७० |
| ८. | आहाले | तामाफोक -८ | सङ्खुवासभा | १४९.६३ | २०० | छ | ० | ० | २०७१ |
| ९. | ओखे | तामाफोक -९ | सङ्खुवासभा | १३२.०० | ४०० | छ | १४७ | १९१ | २०७१ |
| १०. | एकम्भिर | तामाफोक -६ | सङ्खुवासभा | २६५.६३ | १०६ | छ | ४५१ | ० | २०७२ |
| ११. | सिद्धदेउराली | तामाफोक -१ | सङ्खुवासभा | १००.०० | १०० | छ | २०.० | ० | २०७३ |
| १२. | आहालटार | तामाफोक -३ | सङ्खुवासभा | ० | ४४ | सकिएको छ | ० | ० | २०६८ |
| १३. | पाथिभरा | तामाफोक -२ | सङ्खुवासभा | ४२४.९७ | २०० | छ | २१६३ | ० | २०७३ |
| १४. | तीन जुरे | तामाफोक -१ | सङ्खुवासभा | २३४.२६ | २०० | छ | ० | ० | २०७३ |

*स्रोत: तीन जुरे हाते कागज उद्योग प्रशासन, २०७३*

[२] कच्चा पदार्थको औसत सङ्कलनको रूपमा उक्त उद्योगमा उपलब्ध तथ्याङ्क अनुसार गत पाँच आर्थिक वर्ष ( ६७ देखि ७१) मा सङ्कलन गरी बिक्री गरेको कूल मात्राको औसत निकालिएको मात्रा हो ।

यी सामुदायिक वन समूहहरूले आफ्ना उपभोक्ताहरूले सङ्कलन गरेको कच्चा पदार्थलाई खरिद गरी उक्त कच्चा पदार्थ उद्योग व्यवस्थापनलाई बिक्री गर्दछन् । यसरी उपभोक्ताबाट खरिद गर्ने र उद्योगलाई बिक्री गर्ने मूल्यको निर्धारण सम्बन्धित सामुदायिक वनको साधारण सभाबाट गरिन्छ । गत आर्थिक वर्ष (२०७०) मा यी सामुदायिक वन समूहहरूले प्रति किलोग्राम रूपैयाँ ५ देखि १५ सम्म सामुदायिक वन समूहलाई आम्दानी हुने गरी कच्चा पदार्थको बिक्री वितरण गरेको कुरा यस उद्योगको कार्यसमितिले बताएका छन् । यसरी उद्योग सञ्चालनको प्रक्रियामा सामुदायिक वन समूहहरूको भूमिका तथा आम्दानीले यी सामुदायिक वन समूहहरूलाई जीवन्त बनाउने काममा उद्योगको भूमिका रहेको अनुमान गर्न सकिन्छ । यद्यपि यस उद्योगमा शेयर लगानी गर्ने सामुदायिक वन समूहहरूमध्ये केहीले तुलनात्मक रूपमा निकै बढी कच्चा पदार्थ सङ्कलन गरी उद्योगलाई बिक्री गर्दछन् भने केही समूहहरूले कम तथा केही समूहहरूले वन क्षेत्रमा कच्चा पदार्थ नै नभएको कारण सङ्कलन तथा बिक्री नै गर्दैनन् । तर ती सामुदायिक वनहरूको शेयर लगानीका कारण उक्त उद्योगमा अपनत्व बढाउने काम गरेको कुरा उद्योगका व्यवस्थापक बताउँछन् । तर लोक्ता तथा अर्गेली नभएका वन समूह तथा वन समूहका उपभोक्ताहरूले बाबियो सङ्कलन गरी बिक्री गर्न सक्ने सम्भावना भने देखिन्छ ।

यी वन समूहमा रहेका गरिब तथा विपन्न घरधुरीहरूको शेयर लगानीका रूपमा विभिन्न सहयोगी निकाय तथा परियोजनाहरूले अनुदान रकम प्रदान गरेका छन् । साथै, निजी लगानीका रूपमा भने यी सामुदायिक वन समूहका उपभोक्ता घरधुरीहरूमध्ये उद्योगमा लगानी गर्न इच्छुक व्यक्तिहरू तथा यस उद्योगले उत्पादन गर्ने कागज खरिद गर्ने काठमाडौंका व्यापारी तथा कागजको ठेकदारको लगानी रहेको छ ।

## विभिन्न निकायहरूबाट प्राप्त सहयोगको अवस्था



यस हाते कागज उद्योगलाई स्थापना भएदेखि हालसम्म थुपै सङ्घ संस्था तथा सहयोगी निकायहरूले विभिन्न खालका सहयोगहरू प्रदान गरेका छन् । हालसम्म कूल सातवटा सङ्घ संस्था वा निकायहरूले यस उद्योगलाई सहयोग गरेको देखिन्छ । यी सहयोगी निकायहरूले हालसम्म उपलब्ध गरेको आर्थिक सहयोगको कूल रकम रू.१०,०२,५०३ पुगेको छ र ती सहयोगहरू यो उद्योग स्थापना भएको वर्षदेखि हालसम्म प्रत्येक वर्ष निरन्तर रहेको देखिन्छ ।

## तालिका १३: तीनजुरे हाते कागज उद्योगले हालसम्म प्राप्त गरेको आर्थिक सहयोग

| सहयोग गर्ने निकाय तथा संस्थाहरू | प्राप्त भएको सहयोगको रकम तथा वर्ष | | | | | | | | | *कूल* |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०६३ | २०६६ | २०६५ | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ | |
| एलएफपी | ७२००० | ५२००० | ९१०४२ | १००००० | ४५००० | १४२४६१ | | | | ५०२५०३ |
| गाविस कार्यालय, तामाफोक | २५००० | | | | | | | | | २५००० |
| संसद् कोष, सङ्खुवासभा | २५००० | | | | | | | | | २५००० |
| राष्ट्रिय लालिगुँरास संरक्षण समिति | | १८२००० | | | | | | | | १८२००० |
| न्यु इरा | | ४०००० | | | | | | | | ४०००० |
| जिवका /हिमाली प्रोजेक्ट | | | | | | | ८००० | | | ८००० |
| एमएसएफपी | | | | | | | | १५०००० | ७०००० | २२०००० |
| ***कूल*** | *१२२०००* | *२७४०००* | *९१०४२* | *१०००००* | *४५०००* | *१४२४६१* | *८०००* | *१५००००* | *७००००* | *१००२५०३* |

*स्रोत: तीन जुरे हाते कागज उद्योग प्रशासन, २०७३*

यस उद्योगले एलएफपी परियोजनाबाट सबैभन्दा धेरै र निरन्तर आर्थिक सहयोग पाएको देखिन्छ भने दोस्रोमा एमएसएफपी रहेको देखिन्छ । उल्लिखित आर्थिक सहयोगको मात्रालाई सहयोगको शीर्षकहरूका आधारमा हेर्दा आठ प्रकारका क्रियाकलापका लागि सहयोग प्रदान भएको छ । ती शीर्षकहरू मध्ये सबैभन्दा बढी आर्थिक सहयोग यस उद्योगमा आबद्ध भएका सामुदायिक वन समूहका विपन्न वर्गका घरधुरीहरूको शेयर खरिद गर्नका लागि प्रयोग गरिएको छ ।



**तालिका १४: तीनजुरे हाते कागज उद्योगले हालसम्म प्राप्त गरेको आर्थिक सहयोगका शीर्षकहरू**

| सहयोग गर्ने निकाय तथा संस्थाहरू | प्राप्त भएको सहयोगको रकम तथा वर्षहरू | | | | | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|
| | भवन तथा फर्निचर | सरसमान खरिद | बजारीकरण | वृक्षारोपण | नर्सरी | कच्चा पदार्थ खरिद | विपन्नको शेयर खरिद | तालिम | |
| एलएफपी | ७२००० | ९६००० | ४५००० | ३०००० | १०७५०३ | | १५२००० | | ५०२५०३ |
| गाविस कार्यालय, तामाफोक | | | | | | २५००० | | | २५००० |
| संसद् कोष, सङ्खुवासभा | २५००० | | | | | | | | २५००० |
| राष्ट्रिय लालिगुँरास संरक्षण समिति | १२२००० | | | | | | ६०००० | | १८२००० |
| न्यु इरा | | | | | | | ४०००० | | ४०००० |
| जिवका/हिमाली प्रोजेक्ट | | | | | ८००० | | | | ८००० |
| एमएसएफपी | | | | | १००००० | | ७०००० | ५०००० | २२०००० |
| कूल | २१९००० | ९६००० | ४५००० | ३०००० | २१५५०३ | २५००० | ३२२००० | ५०००० | १००२५०३ |

*स्रोतः तीन जुरे हाते कागज उद्योग प्रशासन, २०७३*

यस उद्योगले तालिका १४ मा उल्लेख भएका आठ शीर्षकहरूमा प्राप्त गरेको आर्थिक वा अनुदान सहयोग बाहेक सीपमूलक तालिमहरू पनि प्राप्त गरेको छ । जस्तै लोक्ताको नर्सरी कसरी राख्ने, परिपक्व भएका लोक्ताहरूलाई कसरी काट्ने, तयार भएको कच्चा पदार्थबाट कसरी कागज बनाउने, उत्पादन भएको कागजको बजारीकरण कहाँ र कसरी गर्ने भन्ने जस्ता सीप तथा क्षमतामूलक तालिमहरू प्राप्त गरेको छ । त्यसैगरी जापानिज प्रविधिबाट हाते कागज बनाउने सीपको तालिम यस उद्योग सञ्चालन गर्ने सञ्चालक, व्यवस्थापक तथा कामदारहरूले पाएका छन् ।

यस उद्योगले प्राप्त गरेको आर्थिक तथा प्राविधिक सहयोगले के कस्तो परिणाम वा उपलब्धि ल्यायो भन्ने कुराको विश्लेषण गर्ने धेरै पाटाहरू छन् । जस्तै आर्थिक सहयोगले गर्दा उक्त क्षेत्रमा स्थानीय घरधुरीहरूले आफ्नो वन जङ्गलमा भएको लोक्ता, अर्घेली तथा बाबियो सङ्कलन गरी बेचेर आर्थिक आम्दानी गर्न सफल भएका छन् । उपभोक्ता तथा समुदायका केही व्यक्तिहरूले उक्त उद्योगमा रोजगारी प्राप्त गरेको छन् । यस उद्योगका कारण समुदायका सदस्य, उपभोक्ता समितिका सदस्य तथा उद्योगमा काम गर्ने कामदारहरूले कुनै न कुनै रूपमा आफ्नो सामाजिक सम्बन्ध तथा सामाजिक क्षमताको पनि विकास गरेका छन् । यसका अलावा सामुदायिक वन तथा

निजी जग्गाहरूमा लोक्ता तथा अर्घेलीको वृक्षारोपण गरी वातावरणीय संरक्षणमा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान पुऱ्याउँदै आएका छन् । अझ सबैभन्दा महत्त्वपूर्ण विषय भनेको उक्त उद्योगको सञ्चालनले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा कुनै न कुनै रूपमा योगदान पुऱ्याएको छ ।

## उद्योगले हालसम्म उत्पादन गरेको कागजको मात्रा

यस उद्योगले स्थापनादेखि गत आर्थिक वर्ष (२०७१/७२) सम्म कूल १० वर्ष कागज उत्पादन गरी बिक्री वितरण गरेको छ । यस समय अवधिमा यस उद्योगले कूल ४,८५२ कोरी कागज उत्पादन गरी लगभग ६५ लाख रूपैयाँ बराबरको आर्थिक कारोवार गरेको छ । उक्त कागजमध्ये कूल ३,८७७ कोरी हाते कागज र ६८३ कोरी जापानिज प्रविधिबाट (बाबियो पनि मिसाएर) बनाइएको कागज हो ।

**तालिका १५: तीनजुरे हाते कागज उद्योगले हालसम्म उत्पादन गरेको कागजको कूल परिमाण (कोरी)**

| *आर्थिक वर्षहरू* | *हाते कागज* | *जापानिज प्रविधिको कागज* | *कूल वार्षिक उत्पादन* | *वार्षिक आम्दानी* |
|---|---|---|---|---|
| २०६२/६३ | १६ | – | १६ | १७६०० |
| २०६३/६४ | १६९ | – | १६९ | ९०६१७ |
| २०६४/६५ | १६६ | – | २६६ | २२९३५० |
| २०६५/६६ | ५०४ | – | ५०४ | ७२०३५० |
| २०६६/६७ | ९६८ | १५ | ९८३ | ८३२६३० |
| २०६७/६८ | ३८० | १८६ | ५६६ | ७५८५५५ |
| २०६८/६९ | ४६३ | २३७ | ७०० | ९२९३२६ |
| २०६९/७० | ६३६ | – | ७५६ | ११८७९७० |
| २०७०/७१ | ४५५ | २४५ | ७०० | १६६८८५० |
| २०७१/७२ | १३१ | १६१ | २९२ | १९०७०० |
| ***कूल*** | ***४००८*** | ***८४४*** | ***४८५२*** | ***६६५५९४१*** |

*स्रोत : तीन जुरे हाते कागज उद्योग प्रशासन, २०७३*

यस हाते कागज उद्योगले वार्षिक रूपमा बढाउँदै लगेको कागज उत्पादनको मात्रा र बिक्री वितरणबाट भएको आम्दानीको अवस्थालाई हेर्दा यस उद्योगको सञ्चालनले स्थानीय स्तरमा केही आय आर्जन गर्न मद्दत गरेका देखिन्छ । अर्को भाषामा भन्नुपर्दा यस कागज उत्पादनको सुरुआतले विगत १० वर्षमा करिब ७० लाखको कारोवार गरी स्थानीय जीविकोपार्जनमा केही योगदान पुऱ्याएको छ । तर स्थानीय अर्थतन्त्रमा

पुऱ्याएको योगदानको लेखाजोखा गर्ने काम भने सजिलो छैन । यस लेखमा हाते कागज उत्पादन गर्नका लागि आवश्यक कच्चा पदार्थको सङ्कलन र उक्त कच्चा पदार्थबाट कागज बनाउँदा सिर्जना भएको रोजगारी तथा आम्दानीलाई आधार मानी विश्लेषण गर्ने प्रयास गरिएको छ । तर यस उद्योगले उत्पादन गर्ने कागजको मात्रा भने विगत केही वर्षहरूमा विस्तारै घट्दै गएको देखिन्छ । यस उद्योगको प्रशासन तथा व्यवस्थापकका अनुसार यस आर्थिक वर्ष (२०७२/०७३) मा कागज उत्पादनको मात्रा १०० कोरीको हाराहारीमा मात्रै भएको छ । यस तथ्याङ्कले यस उद्योगमा अहिले केही समस्याहरू सिर्जना हुन थालेको सङ्केत गर्दछ (विभिन्न समस्याहरूका बारेमा तल चर्चा गरिने छ) ।

## उद्योगले हालसम्म खरिद गरेको कच्चा पदार्थको मात्रा

यस उद्योग स्थापना भएदेखि हालसम्म सङ्कलन भएको कच्चा पदार्थ र उक्त कच्चा पदार्थ खरिद गर्दा भएको लगानीको मात्रालाई हेर्दा यस उद्योगको सञ्चालनबाट स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुगेको छ । प्रत्येक वर्ष विभिन्न मूल्य दरमा यस उद्योगले कच्चा पदार्थ खरिद गर्दा भएको लगानीको (हालसम्म कूल ३७,६२,५४८ रूपैंयाँ) करिब ९० प्रतिशत रकम उक्त कच्चा पदार्थ सङ्कलन तथा बिक्री वितरण गर्ने व्यक्ति वा घरधुरीमा पुग्दछ । यसको अर्थ के हो भने कच्चा पदार्थ सङ्कलन गर्ने व्यक्ति वा घरधुरीले उक्त उद्योगका कारण आफ्नो आय आर्जन तथा जीविकोपार्जनमा केही लाभ पाएका छन् ।

**तालिका १६: तीनजुरे हाते कागज उद्योगले हालसम्म खरिद गरेको कच्चा पदार्थको तथ्याङ्क**

| आर्थिक बर्षहरू | उद्योगले खरिद गरेको मात्रा (केजी) | | | | मूल्य दर (रूपैंयाँ) | | | उद्योगले तिरेको कूल मूल्य (रूप्रैयाँ) |
|---|---|---|---|---|---|---|---|---|
| | लोक्ता | अर्घेली | बाबियो | कूल | लोक्ता | अर्घेली | वावियो | |
| २०६२/६३ | १८० | ० | | १८० | ५० | ३० | | ९००० |
| २०६३/६४ | ८५० | ६९० | | १५४० | ५० | ३० | | ६३२०० |
| २०६४/६५ | ३७२७ | ११२३७ | | १४९६४ | ५५ | ३२ | | ५६४५६९ |
| २०६५/६६ | ० | ३३९९ | | ३३९९ | ५५ | ३२ | | १०८७६८ |
| २०६६/६७ | १७२३ | ४७७१ | | ६४९४ | ५५ | ३२ | | २४७४३७ |
| २०६७/६८ | ९५५ | ९५३ | | १९०८ | ६० | ४० | | ९५४२० |
| २०६८/६९ | २८८२ | ११८६ | १०२४ | ५०९२ | ७० | ४५ | १७ | २७२५१८ |
| २०६९/७० | ४२४० | ४९७५ | ० | ९२१५ | १०० | ७० | ० | ७७२२५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७०/७१ | ८००७ | ३५३५ | १३४२ | १२८८४ | ११० | ८० | १८ | ११८७७२६ |
| २०७१/७२ | २५२४ | १५१० | | ४०३४ | १२० | ९० | | 438780 |
| २०७२/७३ | | ३२ | | ३२ | | ९० | | २८८० |
| ***कूल*** | *२५०८८* | *३२२८८* | *२३६६* | *५९७४२* | | | | *३७६२५४८* |

*स्रोतः तीन जुरे हाते कागज उद्योग प्रशासन, २०७३*

यस उद्योगको स्थापना तथा सञ्चालनबाट भएको कूल आर्थिक कारोवारको (रू. ६६,५५,९४१) करिव ५७ प्रतिशत रकम (रू. ३७,६२,५४८) कच्चा पदार्थको खरिदमा लगानी भएको छ । यसरी उद्योगको सञ्चालनका कारण कच्चा पदार्थको खरिदमा भएको लगानीको माध्यमबाट स्थानीय स्तरमा हुन सक्ने वा भएको स्थानीय रोजगारीको सिर्जना अर्को महत्त्वपूर्ण पाटो हो तर यसको यकिन तथ्याङ्क निकाल्न त्यति सजिलो भने छैन । यस उद्योग सञ्चालक समितिको पहिले तथा हालको अध्यक्ष र यस उद्योगका पहिले तथा अहिलेको व्यवस्थापकहरूसँग व्यक्तिगत रूपमा बेग्लाबेग्लै भेटघाट गरी यस उद्योगको बारेमा सोधपुछ गर्दा उनीहरूले विभिन्न खालका प्रतिक्रियाहरू दिएका छन् । ती प्रतिक्रियाहरूलाई आधार मान्दा यस उद्योगमा व्यक्तिगत तथा राजनैतिक विचारधारासँग आबद्ध भएका व्यक्तिहरू बीचको द्वन्द्वले उद्योग सञ्चालनमा विस्तारै समस्या ल्याएको देखिन्छ ।

## उद्योगका माध्यमबाट सिर्जना भएको रोजगारीको अवस्था

यस उद्योगको स्थापना तथा सञ्चालनका माध्यमबाट के कति रोजगारीहरू सिर्जना भएको छ भन्ने कुराको यकिन तथ्याङ्क निकाल्न निकै कठिन छ । यद्यपि, यस उद्योगले कागज उत्पादन गरी बिक्री गर्ने तहसम्म थुप्रै रोजगारीको सिर्जना भएको अनुमान गर्न सकिन्छ । सामान्य विश्लेषण गर्दा हाते कागज उत्पादनले प्रत्यक्ष रूपमा निम्न प्रकारका क्रियाकलापहरूबाट रोजगारी सिर्जना गरेको छ ।

१. कच्चा पदार्थ तयारी गर्ने काम,
२. सङ्कलन भएको कच्चा पदार्थबाट कागज उत्पादन गर्ने काम,
३. कच्चा पदार्थ सङ्कलनदेखि कागज बनाउने कामको व्यवस्थापन र प्रशासनको काम,
४. तयारी भएको कागजबाट अन्य कलात्मक वस्तु वा चिजहरूको उत्पादन गर्ने काम,
५. हाते कागजबाट अन्य वस्तुहरूको उत्पादन गर्दा आवश्यक व्यवस्थापन तथा प्रशासनको काम आदि ।

यी पाँच तहहरूमध्ये तीन जुरे हाते कागजको उत्पादनले पहिलो तीन तहहरूका माध्यमबाट स्थानीय रोजगारी सिर्जना गरेको छ । बाँकी दुई तहका काम भने यस उद्योगले उत्पादन गरेको कागज खरिद गर्ने उद्योगहरू (यस उद्योगको सन्दर्भमा काठमाडौंमा रहेका उद्योग तथा उद्योगीहरू) ले गर्दछन् । यी सबै तहहरूमा सिर्जना भएको रोजगारीको यकिन तथ्याङ्क नभएको कारण स्थानीय स्तरमा उक्त उद्योग सञ्चालनबाट सिर्जना भएको रोजगारीको अनुमानित सङ्ख्या निकाल्ने प्रयास गरिएको छ । उक्त अनुमान उद्योग सञ्चालनका समग्र क्रियाकलापहरूमा भएको लगानी तथा संलग्न व्यक्तिहरूको सङ्ख्यालाई आधार मानी आँकलन गर्ने प्रयास गरिएको छ ।

**तालिका १७: तीनजुरे हाते कागज उद्योगले कच्चा पदार्थ खरिदबाट सिर्जना गरेको रोजगारीको अनुमानित आँकडा**

| वर्ष | उद्योगले खरिद गरेको मात्रा (केजी) | | | | सिर्जना भएको रोजगारी (दिन)[३] | | | कूल रोजगारी (दिन) | कूल रोजगारी (वर्ष/ व्यक्ति)[४] |
|---|---|---|---|---|---|---|---|---|---|
| | लोक्ता | अर्घेली | बाबियो | कूल | लोक्ता | अर्घेली | बाबियो | | |
| २०६२ / ६३ | १८० | ० | | १८० | ३६ | ० | | ३६ | ०.१ |
| २०६३ / ६४ | ८५० | ६९० | | १५४० | १७० | १३८ | | ३०८ | १.१ |
| २०६४ / ६५ | ३७२७ | ११२३७ | | १४९६४ | ७४५ | २२४७ | | २९९३ | ११.१ |
| २०६५ / ६६ | ० | ३३९९ | | ३३९९ | ० | ६८० | | ६८० | २.५ |
| २०६६ / ६७ | १७२३ | ४७७१ | | ६४९४ | ३४५ | ९४५ | | १२९९ | ४.८ |
| २०६७ / ६८ | ९५५ | ९५३ | | १९०८ | १९१ | १९१ | | ३८२ | १.४ |
| २०६८ / ६९ | २८८२ | ११८६ | १०२४ | ५०९२ | ५७६ | २३७ | ५१ | ८६५ | ३.२ |
| २०६९ / ७० | ४२४० | ४९७५ | ० | ९२१५ | ८४८ | ९९५ | | १८४३ | ६.८ |
| २०७० /७१ | ८००७ | ३५३५ | १३४२ | १२८८४ | १६०१ | ७०७ | ६७ | २३७६ | ८.८ |

[३] अनुमानित रोजगारीको सङ्ख्या एक व्यक्तिले एक दिनमा सङ्कलन गर्न सक्ने कूल मात्राको आधारमा गरिएको छ । कच्चा पदार्थ सङ्कलन गर्ने व्यक्ति तथा उद्योग सञ्चालन गर्ने सञ्चालकहरूका अनुसार एक व्यक्तिले एक दिनमा लोक्ता तथा अर्घेली ५ केजी र बाबियो २० केजीसम्म सङ्कलन गर्न सक्दछन् । यसकारण उद्योगले खरिद गरेको कूल कच्चा पदार्थलाई ५ र २० ले भाग गरी अनुमानित रोजगारी आँकलन गरिएको छ ।

[४] अनुमानित वार्षिक पूर्णकालीन कूल रोजगारीको सङ्ख्या निकाल्नका लागि कुनै राष्ट्रिय तथ्याङ्क प्राप्त नभएको कारण वार्षिक रूपमा एक व्यक्तिले २७० दिन काम गर्न सक्ने दिनलाई आधार मानिएको छ । उक्त दिन वर्षको कूल ३६५ दिनमध्ये ५२ दिन शनिवार विदा, २५ दिन वार्षिक चाडपर्व विदा र १९ दिन अन्य विदाको गरी कूल ९५ दिनलाई घटाइएको छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७१ / ७२ | २५२४ | १५१० | | ४०३४ | ५०५ | ३०२ | ० | ८०७ | ३.० |
| २०७२ / ७३ | | ३२ | | ३२ | ० | ६ | ० | ६ | ०.० |
| कूल | *२५०८८* | *३२२८८* | *२३६६* | *५९७४२* | *५०१८* | *६४५८* | *११८* | *११५९४* | *४३.०* |

*स्रोत : तीन जुरे हाते कागज उद्योग प्रशासन, २०७३ तथा अनुमानित आँकडा*

लोक्ता र अर्घेली कच्चा पदार्थ सङ्कलन गर्ने काम सामान्यतयाः तीन महिना (असोजदेखि पुस) भित्र गरिन्छ भने बाबियो चाहिँ असोजदेखि माघ महिनासम्म कूल पाँच महिनाको समयावधिमा गरिन्छ । यसरी कच्चा पदार्थको सङ्कलन गर्ने कामलाई वार्षिक रूपमा हिसाब गरेर हेर्दा उक्त कामले सिर्जना गरेको स्थानीय रोजगारी उल्लेखनीय छ । सामान्य रूपमा हेर्दा हाल यस उद्योगले वार्षिक लगभग ८/९ जना भन्दा बढी पूर्णकालीन रोजगारी सिर्जना गरिरहेको देखिन्छ । तीनजुरे हाते कागज उद्योगले कच्चा पदार्थ खरिदबाट सिर्जना गरेको रोजगारीको अनुमानित अवस्थालाई हेर्दा हालसम्म दिनको हिसाबले कूल लगभग ११,५९४ दिन र वार्षिक पूर्णकालीन व्यक्तिको हिसाबले ४३ जना पूर्णकालीन रोजगारी सिर्जना गर्ने काममा योगदान पुऱ्याएको देखिन्छ भने उक्त उद्योगमा कागज उत्पादन गर्ने कामदार तथा प्रशासनमा संलग्न व्यक्तिहरूको सङ्ख्यालाई जोडेर हेर्दा उक्त सङ्ख्या निकै बढेको देखिन्छ ।

**तालिका १८: तीनजुरे हाते कागज उद्योगले सिर्जना गरेको स्थानीय रोजगारीको अनुमानित आँकडा**

| वर्ष | वार्षिक पूर्णकालीन कुल रोजगारीको सङ्ख्या (व्यक्ति) | | | |
|---|---|---|---|---|
| | कच्चा पदार्थ सङ्कलनबाट | उद्योगमा कामदार | प्रशासन | कूल |
| २०६२/६३ | ०.१ | २ | १ | ३.१ |
| २०६३/६४ | १.१ | ४ | १ | ६.१ |
| २०६४/६५ | ११.१ | ४ | १ | १६.१ |
| २०६५/६६ | २.५ | ६ | १ | ९.५ |
| २०६६/६७ | ४.८ | ८ | २ | १४.८ |
| २०६७/६८ | १.४ | ६ | २ | ९.४ |
| २०६८/६९ | ३.२ | ८ | २ | १३.२ |
| २०६९/७० | ६.८ | ८ | २ | १६.८ |
| २०७०/७१ | ८.८ | १० | २ | २०.८ |
| २०७१/७२ | ३.० | ४ | १ | ८.० |
| २०७२/७३ | ०.० | २ | १ | ३.० |
| **कूल** | ४३ | ६२ | १६ | १२१ |

*स्रोत : तीन जुरे हाते कागज उद्योग प्रशासन, २०७३*

यस हाते कागज उद्योगको सञ्चालनले कच्चा पदार्थ सङ्कलन, कागज उत्पादनमा कामदार, र व्यवस्थापन गरी तीन प्रकारका स्थानीय रोजगारीहरू सिर्जना गरेको छ । यी तिनै खालका रोजगारीहरूको कूल अनुमानित सङ्ख्यालाई हेर्दा यस उद्योगले वार्षिक १० भन्दा बढी पूर्णकालीन रोजगारीहरू सिर्जना गरिरहेको देखिन्छ । यसका अलावा, यस उद्योगले उत्पादन गरेको कागज खरिद गर्ने कागज उद्योगहरूले पनि उक्त कागजहरूबाट अन्य सामान तथा वस्तुहरू बनाउने प्रक्रियामा थप रोजगारी सिर्जना गर्दछन् ।

**तालिका १९: उत्पादित कागजबाट अन्य वस्तुहरू बनाउँदा सिर्जना भएका रोजगारीको आँकलन**

| *आर्थिक वर्ष* | *हाते कागज* | *जापानिज प्रविधिका कागज* | *कूल वार्षिक उत्पादन* | *कागजबाट अन्य वस्तुहरू बनाउँदा सिर्जना हुने अनुमानित रोजगारी*[५] |
|---|---|---|---|---|
| २०६२/६३ | १६ | – | १६ | ०.१ |
| २०६३/६४ | १६९ | – | १६९ | ०.८ |
| २०६४/६५ | १६६ | – | २६६ | १.३ |
| २०६५/६६ | ५०४ | – | ५०४ | २.४ |
| २०६६/६७ | ९६८ | १५ | ९८३ | ४.७ |
| २०६७/६८ | ३८० | १८६ | ५६६ | २.७ |
| २०६८/६९ | ४६३ | २३७ | ७०० | ३.३ |
| २०६९/७० | ६३६ | – | ७५६ | ३.६ |
| २०७०/७१ | ४५५ | २४५ | ७०० | ३.३ |
| २०७१/७२ | १३१ | १६१ | २९२ | १.४ |
| ***कूल*** | *४००८* | *८४४* | *४८५२* | *२३.५* |

*स्रोत : तीनजुरे हाते कागज उद्योग प्रशासन, २०७३*

[५] सामान्यतया १ कोरी कागज रङ लगाउँदा एक जना व्यक्तिलाई २ घण्टा, उक्त रङ लगाएको कागजलाई आवश्यकता अनुसारको आकारमा टुक्रा पार्नका लागि ४ घण्टा र उक्त कागजबाट अन्य वस्तु बनाउँदा औसतमा ४ घण्टा (जस्तैः– ३० वटा नोट बुक बनाउन ४ घण्टा, २०० वटा सानो झोला बनाउन ४ घण्टा, २०० वटा बाकस बनाउन ७ घण्टा र अन्य काममा सरदर २ घण्टा लाग्ने अनुमान काठमाडौं स्थित एक उद्योगसँग बसेर गरियो, जसको औसत ४.२ हुन्छ) गरी १ कोरी कागजले सामान्यतयाः १०.२५ घण्टाको औसत काम सिर्जना गर्ने अनुमानित आँकडा हुन्छ । एक व्यक्तिले एक वर्षमा २७० दिन काम गर्नु भनेको २७० दिन गुणा ८ घण्टा प्रति दिन गुणन गर्दा एक व्यक्तिले एक वर्षमा कूल २१६० घण्टा काम गर्दछ । यही आँकडाका आधारमा एक व्यक्तिलाई एक वर्ष रोजगारी सिर्जना गर्नका लागि २१०.७ कोरी कागज (२१० गुणा १०.२५ बरावर २१६० घण्टा) चाहिन्छ *(राई तथा अन्य, २०७१: ६३)*।

यस उद्योगले उत्पादन गरेको कागज गरिद गरी उक्त कागजबाट अन्य वस्तुहरू बनाउँदा सिर्जना भएको अनुमानित रोजगारीको सङ्ख्या वार्षिक दुई जनाभन्दा बढी (कूल २३.५/११ आथिर्क वर्ष = २.१) हुने देखिन्छ । यसका अलावा यी उद्योगहरूमा प्रशासन तथा व्यवस्थापनमा पनि केही थप रोजगारी सिर्जना हुन्छ ।

## उद्योग सञ्चालनका व्यावहारिक समस्या तथा चुनौतीहरू

तीनजुरे हाते कागज उद्योगले सामुदायिक वनहरूबाट खरिद गर्ने कच्चा पदार्थको मात्रा तथा लगानीको अवस्था, नेपाली हाते कागज उत्पादन गर्ने विधि तथा प्रक्रिया र यस उद्योगले हालसम्म उत्पादन गरेको कागजको मात्रालाई हेर्दा यस हाते कागज उद्योगले स्थानीय समुदायहरूको जीवीकोपार्जन सुधार गर्ने काममा उल्लेखनीय योगदान पुऱ्याइरहेको अनुमान गर्न सकिन्छ । यसका अलावा उक्त कागज खरिद गर्ने उद्योगले (जस्तै काठमाडौंका खरिदकर्ता उद्योगहरू) उक्त कागजबाट अन्य सामान वा चिजबीजहरू बनाउने प्रक्रियामा सिर्जना गर्ने रोजगारी तथा आय आर्जन अझ उल्लेखनीय छ ।

यस उद्योग स्थापना भएदेखि आर्थिक वर्ष २०७२ सम्म उत्पादन गरेको कागजको मात्रा र उक्त उत्पादित कागजको बिक्रीबाट भएको आम्दानी र मुनाफाको परिमाण हेर्दा उद्योगको अवस्था सुरुआतका सबै वर्षहरूहरूमा प्रत्येक वर्ष सुधार हुँदै गएको देखिए पनि विगत दुई वर्ष देखि भने उद्योगको अवस्था खस्कँदै गएको देखिन्छ । यसकारण यस उद्योगले अहिलेसम्म गरेको उपलब्धिलाई निरन्तरता दिनु प्रमुख चुनौती रहेको छ । तर यो उद्योग स्थापना गर्नेदेखि हालसम्मको अवस्थामा ल्याई पुऱ्याउनका लागि विभिन्न सङ्घ संस्था तथा सहयोगी निकायहरूले गरेको आर्थिक, प्राविधिक तथा अन्य प्रकारका सहयोगहरू जस्तैः– तालिम, गोष्ठी तथा भ्रमण आदि हेर्दा सहयोगी सङ्घ संस्था तथा निकायहरूको सहयोगकै कारणले मात्रै यो उद्योगको निरन्तरता भएको हो कि जस्तो पनि देखिन्छ । यी कुराहरूले यस उद्योगको निरन्तरता तथा दिगोपनाका विषयमा चुनौतहिरू रहेको सङ्केत गर्दछ । केही प्रमुख समस्या तथा चुनौतीहरूको चर्चा तल गरिन्छ ।

***क) कच्चा पदार्थको दिगो व्यवस्थापन :*** नेपाली हाते कागज उत्पादनको मेरुदण्ड भनेकै लोक्ताको उपलब्धता हो । किनभने लोक्ता विना नेपाली हाते कागज बनाउन सम्भव नै छैन । नेपाली हाते कागज बनाउन अर्घेली, बाबियो, केराको डाँठ जस्ता अन्य चिजहरू प्रयोग गर्ने प्रविधिको विकास भए यी चिजहरूबाट कागज बनाउनका लागि कम्तीमा ५० देखि ६० प्रतिशत लोक्ता नै चाहिन्छ । तर एकातिर लोक्ता वनस्पति निश्चित उचाइ भएको ठाउँमा मात्रै उत्पादन हुन्छ भने (१८०० मि. देखि ३६०० मि. उचाइ) अर्कोतिर यो वनस्पति परिपक्व हुनका लागि पनि लामो समय लाग्दछ । यसैगरी परिपक्व भएको लोक्तालाई काट्दा तरिका पुऱ्याएर काटिएन भने उक्त जराबाट फेरि अर्को पालुवा अथवा विरुवा पलाउने सम्भावना पनि अन्त हुन्छ । यस सन्दर्भमा महत्त्वपूर्ण कुरा भनेको सामुदायिक वन क्षेत्रहरूमा भएको लोक्ताको दिगो व्यवस्थापनको सुनिश्चितता कसरी गर्ने

भन्ने हो । किनभने यस उद्योगको सञ्चालनका लागि कच्चा पदार्थको सङ्कलन तथा बिक्री वितरणबाट समुदायका सबै व्यक्तिहरू लाभान्वित भएका छैनन् । यसको अर्थ जसले कच्चा पदार्थ सङ्कलन गरी उद्योगलाई बिक्री वितरण गर्दै आएको छन् तिनीहरू मात्रै कच्चा पदार्थको बिक्री वितरणबाट लाभान्वित हुँदै आएका छन् । जसले गर्दा समुदायका सबै व्यक्तिहरूलाई लोक्ताको दिगो व्यवस्थापनमा कसरी सहभागी गराउने र कसरी जिम्मेवार बनाउने भन्ने कुरा चुनौतीको विषय बनेको छ । यसैगरी लोक्ता सङ्कलन गर्ने व्यक्तिहरूलाई पनि यसको सङ्कलन गर्ने प्राविधिक ज्ञान दिने, यसको वृक्षारोपण गर्ने, हेरचाह गर्ने, र आवश्यक व्यवस्थापनका क्रियाकलाहरू गर्ने कामहरूमा सक्रिय बनाउने काम निकै कठिन भएको कुरा स्थानीय समुदाय बताउँछन् ।

ख) ***सामुदायिक वन समूहहरूमा नेतृत्वको परिवर्तन :*** सामुदायिक वन समूहहरूमा सम्बन्धित वन समूहको विधानमा उल्लेख भए अनुसार आवधिक रूपमा नेतृत्व परिवर्तन वा पुनः संरचना हुन्छ (सामान्यता चार र्षमा हुने गरेको छ) । यसरी नेतृत्व परिवर्तन वा पुनः संरचना हुँदा नयाँ नेतृत्वले उक्त सामुदायिक वन र यो उद्योग बीचको सम्बन्धलाई सम्भव भए अझ सुधार गर्ने वा कम्तीमा हालसम्मको सम्बन्धलाई कायम राख्न सक्नु पर्दछ । जसले गर्दा यस उद्योगले प्राप्त गर्दै आएको कच्चा पदार्थ लगायत अन्य खालका सहयोगको निरन्तरता गर्न सक्नु पर्दछ । तर यो कुरा यस उद्योगको प्रमुख चुनौती बनेको छ । किनभने एकातिर सामुदायिक उद्योगहरू सफल हुन सक्दैनन् भन्ने कुरा सार्वजनिक बहसको विषय बन्न थालेको छ भने अर्कोतिर समुदायमा आधारित धेरै उद्योगहरू असफल भएका उदाहरणहरू देखिन्छन् । यसैगरी यो उद्योगमा दुईवटा जिल्लाका १४ वटा सामुदायिक वन समूह, ५६ विपन्न घरधुरी र ४९ जना निजी व्यक्तिको संयुक्त लगानी हुनु व्यवस्थापनको दृष्टिले सजिलो छैन । यस उद्योगमा आबद्ध सामुदायिक वन समूहहरूको नेतृत्वले यस उद्योगको वृद्धि विकासका लागि सही व्यवहार नगरेको खण्डमा सामुदायिक वन तथा उक्त सामुदायिक वन समूहका उपभोक्ताहरूसँग भएको यस उद्योगको सम्बन्धमा समस्या आउन सक्दछ ।

ग) ***कच्चा पदार्थ (लोक्ता) सङ्कलनका कानूनी प्रक्रियाहरू :*** यस उद्योगमा आबद्ध सामुदायिक वन समूहहरूले यस उद्योगलाई वार्षिक के कति कच्चा पदार्थ बेच्न पाउने वा बेच्न सक्छन् भन्ने कुरा उक्त सामुदायिक वनको विधान कार्ययोजना तथा स्रोत अध्ययन मापन (इन्भेन्ट्री) मा उल्लेख गरिए अनुसार हुनु पर्दछ । यस विषयसँग तीनवटा समस्याहरू जोडिएका छन् । पहिलो, सम्बन्धित सावउसको विधान कार्ययोजनामा (सामान्यतया चार वर्ष देखि १० वर्ष अवधिको बनाउने चलन छ तर हाल चार वर्षको मात्रै बनाउनु पर्ने कुरा वन कार्यालयले प्रोत्साहन गर्न थालेको छ) लोक्ता तथा अर्घेलीको स्रोत अध्ययन तथा मापन गराउनु अनिवार्य रहेको छ । तर यसरी सामुदायिक वन समूहले आफ्नो वन क्षेत्रमा स्रोतको अध्ययन तथा मापन गर्नका लागि प्राविधिक ज्ञान वा क्षमता नभएको र लगानी गर्नका लागि आन्तरिक स्रोतको पनि अभाव भएको कारण समयमा मापन

गर्ने र मापनको मिति सकिएको खण्डमा नवीकरण गर्ने काम गर्न सकेका छैनन् । दोस्रो, सम्बन्धित सावउसहरूले आफ्नो विधान कार्ययोजनाको मिति सकिए पछि नवीकरण गर्ने काम समयमा गर्न सकेका छैनन् । जस्तो यस उद्योगसँग आबद्ध १४ वटा सामुदायिक वन समुहहरूमध्ये तीन वटा समूहको मात्रै हाल (२०७२ सालको सूचना अनुसार) विधान कार्ययोजनाको मिति बाँकी छ भने अन्य ११ वटाको मिति सकिएर अब कच्चा पदार्थ भए पनि कानूनी रूपमा सङ्कलन गर्न नमिल्ने अवस्थामा पुगेका छन् । ती ११ वटा समूहमध्ये पाँच वटा वन समूहको विधान कार्ययोजना बल्लबल्ल जिल्ला वन कार्यालयमा पुगेको छ भने पाँच वटा समूहको कार्य योजनाको मिति सकिएको कारण नवीकरणका लागि स्रोत मापन गर्ने प्रक्रिया भर्खर सुरु भएको अवस्था छ । सामुदायिक वन समूहहरूको कार्ययोजनाको नवीकरण गर्न जिल्ला वन कार्यालयले पनि सहज रूपमा नगरेको अनुभव सम्बन्धित वन समूहका प्रतिनिधि तथा उद्योगका कर्मचारीहरू बताउँछन् । तेस्रो, सामुदायिक वन समूहहरूमध्ये केही सामुदायिक वन समूहहरूमा विधान कार्ययोजनामा उल्लेख गरिएको मात्राभन्दा बढी कच्चा पदार्थ सङ्कलन गरेमा उक्त कच्चा पदार्थ अवैधानिक ठहरिन्छ र अन्तमा कानूनी हिसाबले उद्योगले उत्पादन गरेको कागज नै अवैधानिक हुन्छ । अर्को महत्त्वपूर्ण कानूनी जटिलता भनेको समुदायले कच्चा पदार्थ सङ्कलन गर्नुभन्दा अगाडि उक्त कामका लागि सम्बन्धित क्षेत्रका इलाका वन कार्यालयसँग सङ्कलनको अनुमति पत्र लिनु पर्दछ । उक्त अनुमति पत्रमा तोकिएको मिति तथा मात्रामा सीमित भई लोक्ता सङ्कलन गर्नु पर्दछ र यही अनुमति पत्र प्रमाणका आधारमा अन्तमा कागज उद्योगले उत्पादित कागज बिक्री गर्नु पर्दछ ।

घ) ***उद्योगको सुशासन तथा आर्थिक पारदर्शिता :*** कुनै पनि संस्था सञ्चालन गर्नका लागि उक्त संस्थाको आन्तरिक सुशासन राम्रो हुनु नितान्त आवश्यक छ । सुशासन भन्नाले नेपालको सामुदायिक वनको सन्दर्भमा सामान्यतयाः उक्त संस्थामा पारदर्शिता, सहभागिता, जवाफदेहिता, प्रभावकारिता र विधिको शासन गरी जम्मा पाँचवटा तत्त्वहरूको अवस्था राम्रो हुनु हो *(राई र भण्डारी २०७१)* । यो उद्योग समुदाय तथा निजी व्यक्तिहरूको संयुक्त उद्योग भएका कारण उद्योगका के कति कुराहरूलाई पारदर्शी बनाउने र के कति कुराहरू आन्तरिक वा गोप्य राख्ने भन्ने कुरा छलफलको विषय बनेको छ । अर्कोतिर यस उद्योगको स्थापनादेखि हालसम्म धेरै सङ्घ संस्था तथा सहयोगी निकायहरूले आर्थिक अनुदान तथा सहयोगहरू गरिसकेका छन् । जसले गर्दा उद्योग प्रशासनलाई आफ्नो सम्पूर्ण आर्थिक आय व्ययहरू पारदर्शी बनाउनु पर्ने बाध्यता छ भने त्यसैगरी कति कुराहरू पारदर्शी बनाउँदा उद्योगमा धेरै सङ्ख्यामा व्यक्ति तथा समूहहरू लगानीकर्ता भएका कारण व्यावहारिक कठिनाइ हुने कुरा उद्योगका सञ्चालक बताउँछन् । आर्थिक पारदर्शिता कुनै पनि उद्योग वा संस्थाको प्रमुख विषय हो । तर उद्योग र उद्यमीको सन्दर्भमा यो विषय निकै उप्ठ्यारो विषय हो । खासगरी सामुदायिक अभ्यासबाट सञ्चालित उद्योग र निजी तरिकाले सञ्चालित

उद्योगहरूको सन्दर्भमा आर्थिक पारदर्शिताको सैद्धान्तिक परिभाषालाई अभ्यासमा हेर्दा यसले केही समस्याहरू सिर्जना गर्न सक्ने सम्भावना देखिन्छ । किनभने निजी उद्योगहरूमा कुनै पनि विषयमा निर्णय, जस्तैः– खर्च वा लगानीका बारेमा निर्णय गर्न, चाँडो हुन्छ, जसले गर्दा कति अवस्थाहरूमा उद्योग सञ्चालनको काम सहज हुन्छ । तर सामुदायिक उद्योगहरूमा यसो गर्नका लागि सामूहिक विधि तथा प्रक्रियाहरू पुऱ्याउनु पर्ने झञ्झटका कारण अप्ठ्यारो हुने तथा काममा ढिलासुस्ती हुने गर्दछ । त्यसैगरी कैयौं अवस्थाहरूमा आर्थिक कारोबारका विषयहरू गोप्य राख्नुपर्ने भए पनि पारदर्शिताका लागि सार्वजनिक बनाउनु पर्ने अवस्था हुन्छ । यस्तो अवस्थामा गोप्य राख्नुपर्ने सूचनाहरू सार्वजनिक हुने, चाँडो निर्णय गर्नुपर्ने विषय ढिलो हुने र कति अवस्थाहरूमा उद्योग धेरै नाफामा आउँदा स्रोतको कारण आन्तरिक विवादहरू बढ्ने सम्भावना हुन्छ ।

**ङ) *कागज उत्पादन गर्ने कामदारहरूको काममा स्थायित्व :*** नेपाली हाते कागज उद्योगको उत्पादित कागजको गुणस्तरीयता उक्त कागज उद्योगमा काम गर्ने कामदारहरूको सीप तथा अनुभवमा निर्भर हुन्छ । तर यस उद्योगमा कागज उत्पादन गर्ने कामदारहरूको स्थायित्व नहुनु सबैभन्दा ठूलो समस्या भएको कुरा उद्योगका सञ्चालक तथा व्यवस्थापकहरू बताउँछन् । उनीहरूका अनुसार कुनै कामदार केही समय काम गरेर आफ्नो काममा अनुभवी भएपछि वा तालिम लिएर जान्ने भएपछि कि त अन्य उद्योगहरूमा जान्छन् वा उक्त कामै छाडी अन्य पेशामा लाग्ने गरेका छन् । उक्त उद्योगका कामदारहरूसँग यस विषयमा कुरा गर्दा काम गरेको समयमा केही आम्दानी भए पनि काम नभएको बेला (वर्षा तथा हिउँद्को समय) जीविकोपार्जनकै समस्या हुने कुरा बताउँछन् । यसैगरी काम गरे पनि काम गरे वापत् नियमित रूपमा ज्याला नपाइने समस्या कामदारहरू बताउँछन् भने सञ्चालक तथा व्यवस्थापकका अनुसार कति कामदारहरू पेश्की लिएर काम नगरी भागेको अनुभव बताउँछन् । यसको अर्थ यस उद्योगको दीर्घकालीनताका लागि कामदारहरूको काममा स्थायित्व ल्याउने काम एक प्रमुख चुनौती बनेको देखिन्छ ।

**च) *कागज उत्पादन गर्ने ठाउँको मौसमी प्रतिकूलता :*** यस उद्योग रहेको ठाउँ भौगोलिक हिसाबले धेरै चिसो (समुद्री सतहदेखि करिब २,५०० मिटरको उचाइ) र तुलनात्मक रूपमा बढी पानी पर्ने ठाउँमा पर्दछ । जसले गर्दा बढी चिसो महिना तथा वर्षा यामको समयमा कागज उत्पादनको काम बन्द नै हुन्छ । यही कारणले गर्दा एकातिर सङ्कलन भएका सबै कच्चा पदार्थहरूको प्रयोग हुन सकेको छैन भने अर्कोतिर काम गर्ने कामदारहरूले पनि वर्षा याम तथा मौसम धेरै चिसो भएको समयमा काम गर्न नसक्ने अवस्था सिर्जना हुने गरेको छ । उद्योगको उत्पादन बढाउनका लागि कि त प्राकृतिक वातावरणसँग सामना गर्न सकिने भौतिक सुविधा वा प्रविधिको उपयोग गर्नुपर्ने हुन्छ । जस्तैः– जाडो यामको

समयमा सौर्य उर्जाको प्रयोग गरी कागज सुकाउने र वर्षा यामको समयमा प्लास्टिक टनेल भित्र कागज सुकाउने । तर यी दुबै सुविधा आर्थिक तथा प्रशासनिक हिसाबले निकै महङ्गो र कठिन देखिन्छ ।

छ) ***लगानीकर्ताहिरूको फरक फरक उद्देश्य, सोच तथा व्यवहार :*** यस उद्योगमा विभिन्न प्रकारका पृष्ठभूमि भएका निजी व्यक्तिहरू, सामुदायिक वन समूहहरू तथा वन समूहका विपन्न घरधुरीहरू लगानीकर्ताका रूपमा रहेका छन् । जस्तैः– निजी व्यक्तिका रूपमा काठमाडौंका सम्पन्न व्यापारीदेखि सामुदायिक वनका गरिब तथा विपन्न घरधुरीहरू तथा स्रोतयुक्त सामुदायिक वन र कम स्रोत भएका सामुदायिक वनहरू यस उद्योगमा लगानीकर्ताका रूपमा रहेका छन् । यी विविध प्रकारका व्यक्ति तथा समूहहरूको उद्योगमा लगानी गर्नुका पछाडि फरक फरक उद्देश्य, चाहना, आवश्यकता तथा स्वार्थहरू छन् । यी विविधतालाई मनन् गरी सबैको साझा उद्देश्य निर्माण गर्नु नितान्त आवश्यक छ तर त्यत्तिकै कठिन पनि छ । उदाहरणको रूपमा उक्त उद्योगलाई कुनै सङ्घ संस्थाले आर्थिक वा बजारीकरणका काममा सहयोग गर्दा एकातिर उद्योगको व्यवस्थापक अत्यन्त हर्षित भएको अनुभव छ भने अर्कोतिर यस उद्योगमा लगानी गर्ने आर्थिक रूपमा सम्पन्न व्यक्ति वा लगानीकर्ता चाहिँ उक्त सहयोगप्रति आशङ्का व्यक्त गर्ने गरेको कुरा उद्योगका सञ्चालक तथा व्यवस्थापकहरू बताउँछन् ।

ज) ***उद्योगको दिगोपना तथा आत्मनिर्भरता :*** माथि चर्चा गरे अनुसार यस उद्योगले स्थापनादेखि हालसम्मको अवस्थामा आइ पुग्नका लागि विभिन्न सङ्घ संस्था तथा निकायहरूको आर्थिक तथा प्राविधिक सहयोगप्राप्त गरेको छ । एकातिर परियोजनाहरूको आर्थिक सहयोगले सञ्चालन भएका धेरै क्रियाकलापहरू असफल भएका उदाहरणहरू छन् भने अर्कोतिर यस्ता सहयोगले स्थानीय अनुभव, विचार तथा ज्ञानलाई सम्मान गर्नुभन्दा आर्थिक सहयोगसँगै आफ्ना विचारहरू पनि लाद्ने गरेका छन्, जसले गर्दा स्थानीय समुदायहरूमा विकासका नाममा परनिर्भरता बढेको छ । यही सन्दर्भमा यो उद्योगले हालसम्म प्राप्त गरेको सम्पूर्ण आर्थिक तथा प्राविधिक सहयोगहरूसँग दुईवटा प्रश्नहरू चुनौतीको रूपमा देखिएका छन् । पहिलो, यो उद्योग अब बाहिरीय आर्थिक तथा प्राविधिक सहयोग विना सफल, सक्षम र दीर्घकालीन रूपमा आन्तरिक स्रोत, सीप र अनुभवको आधारमा सञ्चालन हुन सक्छ कि सक्दैन । दोस्रो, सङ्घ संस्था वा निकायहरूले दिएका अनुदान सहयोगहरूलाई आफ्नो व्यावहारिक आवश्यकता, सोच र अनुभवका आधारमा प्रयोग गरी उद्योगको संरचना वा पद्धतिमा नवीनता ल्याउने र नयाँ आयाम थपिने काम भएको छ कि छैन ।

झ) ***राजनीतिक आस्था तथा विचारका कारण स्थानीय स्तरमा हुने व्यक्तिगत द्वन्द्व :*** मानिस स्वभावैले राजनीतिक प्राणी हो । यसकारण कुनै पनि व्यक्ति कुनै राजनीतिक आस्थासँग नजिक हुने वा टाढा हुने कुरा सामान्य हो । तर नेपालमा

समुदायका सदस्यहरूको व्यक्तिगत राजनीतिक आस्थाका कारण सामाजिक सम्बन्ध तथा व्यवहारहरूमा पनि विस्तारै खलबल हुने गरेको छ । यस उद्योगको सञ्चालन तथा व्यवस्थापनमा पनि यस उद्योगसँग आबद्ध व्यक्ति तथा लगानीकर्ताहरूको फरक फरक राजनीतिक आस्थाका कारण व्यक्तिगत द्वन्द्वहरू सिर्जना भएको देखिएको छ । खासगरी सञ्चालक समितिका सदस्य तथा नेतृत्वमा रहेका व्यक्तिहरूका बीचमा व्यक्तिगत वैमनस्यता तथा द्वन्द्वहरू सिर्जना भएको देखिएको छ । एकातिर यस उद्योगसँग आबद्ध वन समूह तथा व्यक्तिहरूको सङ्ख्या ठूलो भएका कारण केही व्यक्तिहरूले यस उद्योगसँगको आबद्धता वा नेतृत्वलाई व्यक्तिगत राजनीतिक नेतृत्वको विकास गर्ने खुड्किलोका रूपमा लिने गरेको जस्तो देखिन्छ भने अर्कोतिर आफूभन्दा फरक राजनीतिक विचारसँग निकट व्यक्तिहरूलाई असहयोग गर्ने परिपाटीको विकास गरेको देखिन्छ । परिणाम स्वरूप एक समूहले वा व्यक्तिले अर्को समूह वा व्यक्तिको काम वा विचारलाई यस उद्योगको विकासका लागि ठीक बेठीकको कसीमा राखेरभन्दा राजनीतिक आस्थाका आधारमा समर्थन वा असमर्थन तथा सहयोग वा असहयोग गर्ने परिपाटीको विकास विस्तारै बढ्दै गएको देखिन्छ । उक्त समस्याको समाधान समयमै नगर्ने हो भने यो उद्योग निकट भविष्यमा पूर्ण रूपमा असफल हुने सम्भावना देखिन्छ ।

ञ) ***कागजको गुणस्तरीयता कायम गर्ने :*** उत्पादन भएको कागजको गुणस्तरीयता एक महत्त्वपूर्ण विषय हो । स्थानीय स्तरमा उत्पादन भएका धेरैजसो नेपाली हाते कागजहरूको गुणस्तरीयता कम भएको कारण राम्रो बजार पाउन नसकेको कुरा यस्ता कागज खरिद गर्ने काठमाडौंका उद्यमीहरू बताउँछन् । उनीहरूका अनुसार नेपाली हाते कागज गुणस्तरीय हुनका लागि सात वटा विशेषता वा गुणहरू हुनु पर्दछ । (१) कागजको आकार चार कुना मिलेको हुनुपर्ने, (२) कागजको सतहमा कहीँ बाक्लो तथा कहीँ पातलो हुनु नहुने अथवा कागजको सतह सबैतर एकैनासको हुनुपर्ने, (३) कागजको सतहमा कास्टिक सोडाको मात्रा देखिन नहुने किनभने यसले कागजमा राम्ररी रङ लाग्न दिँदैन, (४) कागजको बाहिरी सतहमा कुनै पनि प्रकारका धुलो, रङ, फोहोर मैला, मसी लागेको, वा अन्य चिजहरू टाँसिएको हुनु नहुने, (५) कागजको तौल तोकिएको भन्दा कम हुनु नहुने, (६) कागजको कुनै पनि छेउ वा सतहमा च्यातिएको वा दुलो परेको तथा लेखिएको हुनु नहुने र (७) कागजको भित्री सतहमा कुनै प्रकारको रेसा वा अनावश्यक वस्तुका टुक्राहरू मिसिएको वा टाँसिएको हुनु नहुने । कागज उत्पादन गर्ने कामदारहरूको नियमितता हुन नसकेको समस्या बेहोरिरहेको यस उद्योगले कागजको गुणस्तरीयता कायम गर्नका लागि उल्लिखित कुराहरूको सुनिश्चितता गर्नु निकै चुनौतीपूर्ण रहेको देखिन्छ ।

## उद्योगका सम्भावनाहरू

माथि चर्चा गरिएका विभिन्न चुनौती तथा समस्याहरूका बाबजुद यस हाते कागज उद्योगले कागज उत्पादनको क्षेत्रमा गरेको परिवर्तन र विकासलाई हेर्दा थप विकासका सम्भावनाहरू रहेको देखिन्छ। केही मुख्य सम्भावनाहरूको चर्चा तल गरिएको छ।

***क) उत्पादनको मात्रा बढ्न सक्ने :*** यो उद्योगसँग आबद्ध भएका सामुदायिक वन समूहहरूको सङ्ख्या निकै ठूलो हुनु र ती वन समूहहरूले ओगटेको वन क्षेत्रहरू लोक्ता तथा अर्घेलीको वृक्षारोपण वा खेती गर्नका लागि नेपालकै एक उपयुक्त ठाउँ हुनु यस उद्योगको भविष्यका लागि सबैभन्दा सकारात्मक पक्ष हो । यी सामुदायिक वनका वन क्षेत्रहरू तथा ती समूहका उपभोक्ताहरूले आफ्ना निजी जमिनहरूमा पनि लोक्ता तथा अर्घेलीको व्यावसायिक खेती गर्ने हो भने यस उद्योगले हालको उत्पादनको मात्रालाई कैयौ गुणा बढाउन सक्ने प्रवल सम्भावना देखिन्छ। लोक्ता तथा अर्घेलीको उत्पादनलाई व्यावसायिक खेतीको रूपमा विकास गर्ने हो भने यस उद्योगमा कागज उत्पादनको मात्रालाई बढाउने तथा दिगो बनाउन सकिने सम्भावना देखिन्छ । तर यसका लागि समयमै आवश्यक क्रियाकलापहरूको पहिचान गरी योजनाबद्ध रूपमा व्यवहारमा उतार्न थाल्नुपर्ने हुन्छ।

***ख) नेपाली हाते कागज बिक्री वितरणका लागि बजारको समस्या नहुनु :*** नेपाली हाते कागजको माग तथा खपत स्थानीय तथा राष्ट्रियदेखि लिएर अन्तराष्ट्रिय बजारसम्म धेरै राम्रो भएको कुरा काठमाडौंमा रहेका हाते कागजका उद्यमीहरू बताउँछन् । तर यसका लागि कागजको गुणस्तरीयता भने कायम हुनु पर्दछ । अन्तराष्ट्रिय बजारका लागि गुणस्तरीयता भन्नाले लोक्ताको मात्रै कागज बनाउने र यदि अन्य कच्चा पदार्थ मिसाउनु परेमा बढीमा ४० प्रतिशतसम्म अर्घेली मात्रै मिसाएर कागज बनाएको हुनु पर्दछ। राष्ट्रिय बजारमा भने अन्य चिजहरू पनि मिसाएर बनाएको कागज बिक्री वितरण हुन्छ तर कागजको मूल्य भने लोक्ताको मात्रा तथा कागजको गुणस्तरीयतामा निर्भर गर्दछ। यस उद्योगकै अनुभव हेर्दा पनि कागज उत्पादन सुरु गरेको वर्ष बाहेक अन्य वर्षहरूमा उत्पादन भएका कागजको बिक्री वितरण गर्न समस्या नभएको अनुभव यस उद्योगका सञ्चालक तथा व्यवस्थापकहरू बताउँछन् । पहिलो वर्ष बजारको समस्या हुनुको प्रमुख कारण भनेको उत्पादन भएको कागजको गुणस्तर तथा बजारसँगको सम्बन्धको विकास नहुन हो । यसकारण यस उद्योगले जति धेरै कागज उत्पादन गरे पनि बजारको समस्या नभएको कारण यो उद्योगको भविष्य सम्भावनायुक्त देखिन्छ । तर उत्पादन गरिने कागजको गुणस्तरीयता भने कायम राखिएको हुनु पर्दछ।

ग) ***सहयोगी सङ्घ संस्था तथा निकायहरूको अभाव नहुने :*** आर्थिक उन्नति नेपालको विकास तथा परिवर्तनको एक प्रमुख लक्ष्य हो । यसका लागि राज्य मात्रै नभएर अन्य गैर सरकारी सङ्घ संस्था तथा दातृ निकायहरू पनि सहयोग तथा लगानी गर्न तयार छन् । अझ महत्त्वपूर्ण कुरा त नेपालमा कुनै सम्भावित उद्योगमा लगानी गर्नका लागि लगानीकर्ताहरूको अभाव नै छैन । यस उद्योगले स्थापनाकालदेखि अहिलेसम्म प्राप्त गरेको आर्थिक तथा प्राविधिक सहयोगलाई यस उद्योगको सफलता तथा उदाहरणीय कामको प्रतीकका रूपमा लिन सकिन्छ । यस दृष्टिकोणले हेर्दा यस उद्योगले अझै पनि थुप्रै सहयोगहरू प्राप्त गरी यस उद्योगको सञ्चालन वा उत्पादनको विधि, प्रक्रिया, तथा बजारीकरणमा नयाँ आयाम तथा नवीनता ल्याउने सम्भावना बलियो देखिन्छ । यसका लागि यस उद्योग सञ्चालन समिति तथा नेतृत्वले आवश्यक पहल गर्नु नितान्त आवश्यक छ ।

घ) ***स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान :*** यो उद्योग स्थापनादेखि २०७२ सालसम्मको तथ्याङ्कलाई हेर्दा यस उद्योगको सञ्चालनले स्थानीय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । जस्तैः– उद्योग सञ्चालन गर्नका लागि खरिद गरिएको कच्चा पदार्थको मूल्यलाई हेर्दा कागज उत्पादन गरेर प्राप्त गरिएको आम्दानीको ठूलो हिस्सा स्थानीय समुदायका घरधुरीहरूमा पुगेको कुरा प्रष्ट हुन्छ । एकातिर कच्चा पदार्थ सङ्कलन गरी बिक्री गर्दा स्थानीय समुदायले रोजगारी प्राप्त गरेका छन् भने अर्कोतिर सङ्कलित कच्चा पदार्थबाट कागज बनाउँदा सिर्जना भएको रोजगारी महत्त्वपूर्ण छ । स्थानीय व्यक्तिहरूले रोजगारी प्राप्त गर्दा उनीहरूको आय आर्जनको वृद्धिमा सहयोग पुगेको छ । त्यस्तैगरी उत्पादन भएको कागज काठमाडौं स्थित राष्ट्रिय उद्यमीहरूले खरिद गरी विभिन्न सामग्रीहरू बनाई राष्ट्रियदेखि लिएर अन्तराष्ट्रिय बजारसम्म बिक्री गर्दै आएका छन् र उक्त प्रक्रियामा पनि थुप्रै रोजगारीहरू सिर्जना हुँदै आएको छ । यसरी स्थानीय देखि राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याइ रहेको उद्योगको थप विकास गरी उक्त योगदान बढाउने ठूलो सम्भावना छ ।

ङ) ***सामूहिक सहभागिता र सक्रियताको आधार :*** यो उद्योगको मेरुदण्ड भनेकै सामुदायिक वनहरूको सक्रियता तथा सहभागिता हो । सामुदायिक वनहरूको सक्रियता तथा सहभागिताको प्रमुख आधार भनेको यस उद्योगको माध्यमबाट प्राप्त गर्ने आर्थिक आम्दानी हो । उद्योगले वन समूहका व्यक्ति वा घरधुरीहरूले सङ्कलन गरेको कच्चा पदार्थ सम्बन्धित सामुदायिक वनको समितिबाट खरिद गर्दछ । सम्बन्धित सामुदायिक वन समितिले समूहका उपभोक्ताहरूले सङ्कलन गरेको कच्चा पदार्थ उनीहरूबाट खरिद गरी उद्योगलाई बिक्री गर्ने काम गर्दछ ।

यसो गरे वापत उक्त सामुदायिक वनले समूहको साधारण सभाले तोके बमोजिमको मुनाफा (प्रति केजी रूपयाँ ५ देखि १५ सम्म) सामुदायिक वनको खातामा जम्मा गदर्छ । यस्तो पद्धतिले एकातिर सामुदायिक वनहरूको आम्दानी भएको छ भने अर्कोतिर आफ्नो वन समूहका उपभोक्ता घरधुरी र समूह बीचको सम्बन्ध पनि जीवन्त बनेको छ । अझ महत्त्वपूर्ण कुरा भनेको त उक्त प्रक्रियाले सम्बन्धित सामुदायिक वन समितिको कोषलाई नियमित तथा सक्रिय बनाई राख्न मद्दत पुऱ्याउँछ । जसले गर्दा सामुदायिक वनको आर्थिक क्षमता, अनुभव तथा पारदर्शिता कायम राख्ने काममा योगदान पुग्दछ । यस उद्योगले समाजका सबै वर्ग, क्षेत्र तथा तहका व्यक्तिहरूको प्रतिनिधित्वलाई बढाउने र सबैमा अपनत्वको विकास गर्ने काममा समेत टेवा पुऱ्याई रहेको छ । जस्तैः– यस उद्योगलाई चाहिने कच्चा पदार्थको सङ्कलन, उद्योग व्यवस्थापन समितिको गठन, लगानीकर्ताहरूहरूको संरचना तथा लगानीको अवस्था र मुनाफा वितरणको अवस्थालाई हेर्दा १४ वटा सामुदायिक वनका प्रतिनिधिहरू, निजी लगानीकर्ताहरू, सामुदायिक वन समूहका विपन्न वर्गका प्रतिनिधिहरूका साथै सहयोग गर्ने सङ्घसंस्था तथा निकायहरूका पदाधिकारीहरू बीचको सम्बन्ध, संवाद तथा अन्तरक्रियालाई जीवन्त बनाउने काममा मद्दत पुऱ्याइरहेको छ । यसका अलावा यही उद्योगका कारण जिल्ला वन कार्यालयका कर्मचारीहरूसँगको सम्बन्ध तथा चिनजानलाई समेत राम्रो बनाउने काममा मद्दत पुऱ्याएको देखिन्छ ।

***छ) हाते कागजको स्थानीय बजारमा भएको माग तथा आवश्यकता :*** नेपालका सम्पूर्ण सरकारी कार्यालयहरूमा सरकारी कामकाजमा नेपाली हाते कागजको अनिवार्य आवश्यकता हुन्छ । तर सामान्यतयाः सरकारी स्तरमा प्रयोग हुने सम्पूर्ण कागजहरू राष्ट्रिय स्तरको बोलपत्रको माध्यमबाट सेवाकर्ताको छनौट गरी केन्द्रबाटै आवश्यकता अनुसार स्थानीय स्तरमा आपूर्ति गरिन्छ । यसकारण जिल्लाका सरकारी निकायहरूमा प्रयोग हुने कागजलाई नीतिगत रूपमै निर्णय गरी स्थानीय उत्पादनलाई स्थानीय स्तरमा नै आपूर्ति गर्न सकिएमा उद्योग तथा उपभोक्ता दुवै लाभान्वित हुनुका साथै सेवा पनि प्रभावकारी हुने सम्भावना छ । त्यसैगरी निजी तथा व्यक्तिगत रूपमा सरकारी कार्यालय तथा सरकारी कामकाजमा प्रयोग हुने कागजको मागलाई सम्बोधन गर्नका लागि पनि थुप्रै हाते कागज स्थानीय स्तरमा खपत हुन सक्दछ । यस उद्योगले जापानिज प्रविधिबाट लोक्ता, अर्गेली र बाबियो मिसाएर कागज उत्पादन गर्दै आएको छ । उक्त कागजले राष्ट्रिय बजारमा राम्रो मूल्य पाउन सकेको छैन । यसकारण केन्द्रका उद्यमीमार्फत सजिलो गरी बिक्री हुन नसकेको जापानिज प्रविधिबाट बनाइएको कागजलाई विभिन्न उपयोगी वस्तुहरू बनाई (स्केलिङ गर्ने वा चिल्याउने, कटिङ

गर्ने वा टुक्र्याउने, अन्य तरिकाबाट उपयोग गर्ने र डायरी, प्रिन्टिङ कागज आदि जस्ता अन्य वस्तुहरूको निर्माण गर्ने) थप रोजगारी तथा बजार सिर्जना गर्न सक्ने सम्भावना प्रवल देखिन्छ । यसको लागि यस उद्योगले सम्भावित लगानीको मात्रा र बजारको मागको अध्ययन गर्नु पर्दछ ।

***ज) खाली तथा बाँझो जग्गाहरूको बहु उपयोग :*** यस उद्योग सञ्चालनको सम्पूर्ण प्रक्रियाबाट यस क्षेत्रमा भएका वन क्षेत्र तथा निजी रूपमा रहेका बाँझो, खाली तथा अन्य प्रयोगका लागी उपयुक्त नभएका जग्गाहरूको उपयोग गरी पर्यावरणीय अवस्था सुधार गर्ने, समुदायमा थप आय आर्जन बढाउने, तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने काममा मद्दत पुऱ्याएको छ । यस उद्योगको स्थापना सँगसँगै लोक्ता तथा अर्घेलीको नर्सरी राख्ने, खाली जग्गाहरूमा (निजी तथा सामुदायिक दुवै) यसको वृक्षारोपण गर्ने कामहरू प्रशस्तै भएको छ । लोक्ता तथा अर्घेली बाहेक अन्य खालका बिरुवाहरूको नर्सरी राखी सामुदायिक वनहरूमा वृक्षारोपण गर्ने काम पनि गरिएको छ । यसकारण यस उद्योगको सञ्चालनले वनको अवस्था सुधार गर्ने र उक्त क्षेत्रमा रहेका खाली, बाँझो तथा प्रयोग नभएका जग्गाको प्रयोग गर्ने काममा मद्दत पुऱ्याएको छ ।



------✻------

# भाग ५

# छलफल तथा निष्कर्ष

# नेपालमा वन स्रोत तथा वन उद्यमको अवस्था र सम्भाव्यता

नेपालमा कूल भूभागको करिब ४५ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ । वनको उक्त क्षेत्रफलले नेपालमा वन स्रोत राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधार भएको कुरा पुष्टि गर्दछ । उक्त स्रोतले देशको कूल ग्राहस्थ उत्पादन (जिडिपी) को करिब १० प्रतिशत मात्रै योगदान पुऱ्याएको अनुमान गरिएको छ । उक्त योगदान एकातिर वनको कूल क्षेत्रफलको तुलनामा निकै कम हो भने अर्कोतिर देशको वन क्षेत्रले के कति योगदान पुऱ्याउन सक्दछ भन्ने कुराको अध्ययन तथा वैज्ञानिक आँकलनको पनि अभाव छ । नेपालमा काठ दाउरासँगै कूल १२ प्रकारका गैह्र काष्ठ वन पैदावार र १६४ प्रकारका जडिबुटीको बिक्री वितरण भई अरबौंको राजस्व सङ्कलन हुँदै आएको तथ्याङ्क वन स्रोतको आर्थिक सम्भावनाको महत्त्वपूर्ण सूचक हो । तर ती स्रोतहरूबाट विगत ११ वर्ष (२०५९ देखि २०७०) मा सङ्कलन भएको राजस्वको मात्रामा भएको अनपेक्षित थपघटले नेपालमा वन स्रोतको व्यवस्थापनमा बृहत् सुधारको आवश्यकता सङ्केत गरेको छ ।

यति ठूलो भूक्षेत्र ओगटेको वन स्रोतको आर्थिक योगदानलाई कसरी बढाउन सकिन्छ भन्ने कुरा अध्ययन तथा छलफलको विषय बनेको छ तर अहिलेसम्म स्पष्ट नीतिगत व्यवस्था तथा व्यावहारिक प्रयासको सुरुआत हुन सकेको छैन । तर आजभोलि उद्यमशीलताको विकास गर्दै वन उद्यमहरूको माध्यमबाट वन स्रोतको आर्थिक योगदान बढाउने प्रयास हुन थालेको छ । घरेलु तथा साना उद्योगको २०७० साल सम्मको तथ्याङ्कलाई हेर्दा कूल २,०७,१७२ उद्योगहरूमध्ये जम्मा १२,०२८ उद्योगहरू वन स्रोतसँग सम्बन्धित देखिन्छन् । उक्त सङ्ख्या कूल उद्योगहरूको ५.८ हो । तर ती उद्योगहरूमध्ये के कति उद्योगहरू सफल रूपमा सञ्चालन भइरहेका छन् र ती उद्योगहरूले के कति मात्रामा आर्थिक योगदान पुऱ्याएका छन् भन्ने विषयमा यकिन तथ्याङ्कको अभाव छ ।

घरेलु तथा साना उद्योगको तथ्याङ्कलाई हेर्दा नेपालमा हाल लगभग तीन लाखभन्दा बढी व्यक्तिहरू उद्योगी वा उद्यमी बनेको अनुमान गरिन्छ । वन स्रोतसँग सम्बन्धित उद्यम तथा उद्यमीको सङ्ख्या हेर्दा करिब १९ हजार भन्दा बढी व्यक्तिहरू वन उद्यमी बनेको अनुमान गरिन्छ । जुन सङ्ख्या समग्र उद्यमीको करिब ६ प्रतिशत (५.८१%) हुन आउँछ । तर के कति सङ्ख्यामा वन उद्यमहरू सफल रूपमा सञ्चालन भइरहेका छन् भन्ने स्पष्ट तथ्याङ्कको अभाव रहेको छ । वन उद्यममा संलग्न व्यक्तिहरूका अनुसार नेपालमा संरक्षणमुखी वनको नीति तथा कानूनी प्रावधान र वन कर्मचारीहरूको नियन्त्रणमुखी सोच तथा व्यवहारका कारण वन उद्यमहरूको स्थापना तथा सफल सञ्चालन हुन सकेको छैन् र यही कारणले गर्दा वन उद्यमहरूमा वित्तीय सङ्घ संस्था तथा निजी लगानीकर्ताहरूको लगानी भित्रिन सकेको छैन ।

# कोशी पहाडी जिल्लामा वन उद्यमको सम्भाव्यता

कोशी पहाडी जिल्लामा रहेको वनको क्षेत्रफल तथा वन क्षेत्रको भौगालिक विविधताले यस क्षेत्रमा वन स्रोतको विविधता भएको पुष्टि गर्दछ । त्यसैगरी ती वन क्षेत्र व्यवस्थापनको ढाँचा यस क्षेत्रको अर्को महत्त्वपूर्ण पाटो हो । यसको अर्थ धेरै वन क्षेत्रहरू स्थानीय समुदायद्वारा व्यवस्थित छन् (करिब ६३.१ प्रतिशत) र त्यसमा पनि कूल वन क्षेत्रको ६२.६ प्रतिशत वन क्षेत्र सामुदायिक वनको रूपमा व्यवस्थापन भइरहेको छ । समुदायद्वारा व्यवस्थित वन क्षेत्र भनेको वन व्यवस्थापनका क्रियाकलापहरूमा स्थानीय समुदायहरूको सक्रिय सहभागिता छ भन्ने हो । यस व्यवस्थापनले उक्त वन क्षेत्रको स्रोतमा निर्भर घरधुरीहरूलाई प्रत्यक्ष लाभ दिन सजिलो बनाउँदछ । यसको एउटा महत्त्वपूर्ण अर्थ के हो भने कोशी पहाडी जिल्लाहरूमा वन समूह तथा ती वन समूहहरूमा आबद्ध घरधुरीहरूको सक्रिय सहभागिताका माध्यमबाट वन उद्यमहरूको स्थापना तथा सञ्चालन गरी उनीहरूको आय आर्जनमा वृद्धि गर्न सकिने प्रवल सम्भावना छ ।

वन उद्यमहरूको स्थापना तथा सञ्चालनले स्थानीय रोजगारी सिर्जना गर्दै स्थानीय जीविकोपार्जनमा सुधार गर्न मद्दत पुऱ्याउँदछ । यसले स्थानीय अर्थतन्त्रमा मात्रै नभई राष्ट्रिय अर्थतन्त्रमा पनि योगदान पुऱ्याउँदछ । उक्त कुरा यस क्षेत्रमा उपलब्ध काठ दाउरा, गैर काष्ठ वन पैदावार, तथा जडिबुटीहरूको विगत ११ आर्थिक वर्ष (२०५९ देखि २०७०) मा भएको बिक्री वितरणबाट सङ्कलन भएको राजस्वको मात्राले स्पष्ट सङ्केत गरेको छ । यद्यपि, यसरी सङ्कलन भएको राजस्वको मात्रा विभिन्न आर्थिक वर्षहरूमा थपघट भएको तथा सङ्कलन भएकै राजस्वको मात्रा पनि उपलब्ध वन स्रोतहरूको सम्भाव्यता तथा वास्तविक बिक्री वितरणको मात्राभन्दा निकै कम भएको कुरा स्थानीय सरोकारवालाहरू बताउँछन् । यसको अर्थ कोशी पहाडी जिल्लाहरूमा वन स्रोत बिक्री वितरणको प्रणालीमा सुधारको खाँचो देखिएको छ ।

घरेलु तथा साना उद्योग विभागको तथ्याङ्क अनुसार कोशी पहाडी जिल्लाहरूमा गत आर्थिक वर्ष २०७० सम्ममा कूल ३,३७५ उद्योगहरू दर्ता भएका छन् र तीमध्ये नवीकरण गरी अद्यावधिक भएका उद्योगको सङ्ख्या २,२५४ रहेको थियो । यसको अर्थ यस क्षेत्रमा दर्ता भएका तथा नवीकरण भई अद्यावधिक भएका उद्योगहरूको सङ्ख्या कम होइन । यसका अलावा वन स्रोतमा नै आधारित उद्योगहरूको यकिन तथ्याङ्क नभए पनि एक अध्ययनले देखाए अनुसार कूल १४४ वन उद्यम तथा २३६ लघु वन उद्यम गरी कूल ३८० वन उद्यमहरू कोशी पहाडी जिल्लाहरूमा रहेका छन् *(DVN and NORMS, 2013)* । वन उद्यमहरूको उक्त सङ्ख्यालाई नगन्य नै मान्नु पर्दछ । बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत विगत तीन वर्ष (२०६९ देखि २०७३) मा पनि कूल ११९ वन उद्यमलाई विभिन्न प्रकारका सहयोग (स्थापना, सञ्चालन, बजारीकरण,

प्रविधिको प्रयोग आदि) प्रदान गरिएको छ । तर, स्थापना भएका तथा सञ्चालन भइरहेका कोशी पहाडी जिल्लाहरूमा रहेका वन उद्यमहरूको अवस्था हेर्दा वन उद्यम सञ्चालनको सफलता तथा निरन्तरतामा थुप्रै चुनौती रहेको देखिन्छ ।

कोशी पहाडी जिल्लाहरूमा रहेका वन उद्यमहरूको अवस्था हेर्दा वन उद्यमको सफलताका लागि वन उद्यमीहरूमा उद्यमशीलताको विकास गर्ने तथा वन स्रोतको दीर्घकालीनताका लागि वन स्रोतको दिगो व्यवस्थापन गर्ने कुरा आवश्यक देखिन्छ । तर योभन्दा पहिले संरक्षणमुखी वन नीति तथा नियन्त्रणमुखिी वन कर्मचारीहरूको सोच तथा व्यवहारमा परिवर्तन हुन जरुरी देखिएको छ । यसका लागि वन उद्यमी तथा वन स्रोतसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूका बीच बृहत् छलफल गरी वन उद्यम भनेको के हो र यसको विकासका लागि विभिन्न सरोकारवाला तथा अधिकारवालाहरूको फरक फरक भूमिका, कर्तव्य वा दायित्व तथा अधिकारहरूका बारेमा स्पष्ट बुझाइको विकास गरी सोही अनुसारको नीति तथा कानूनको तर्जुमाका साथै अभ्यासको सुरुआत हुन आवश्यक छ । किनभने धेरैजसो उद्यमहरू स्थापना भए र केही समय सञ्चालन पनि भए तर तीमध्ये बहुसङ्ख्यक उद्यमहरू केही समयपछि बन्द भएको उदाहरणहरू भेटिन्छन् ।

वन उद्यमहरूको स्थापना, सञ्चालन तथा विकासका लागि कोशी पहाडी जिल्लाहरूमा एलएफपी तथा बहुसरोकारवाला वन परियोजनाले थुप्रै आर्थिक तथा प्राविधिक सहयोग गरिसकेको छ । तर ती सहयोगहरूको परिणाम भने सन्तोषजनक देखिदैन । जसले कोशी पहाडी जिल्लाहरूमा वन उद्यमहरू सम्भव नै नभएको हो त भन्ने गम्भीर प्रश्न जन्माएको छ । यस्ता उदाहरणहरूले वन उद्यमको स्थापना र विकासको मर्मलाई वन उद्यमी, अधिकारवाला, सहयोगी निकाय तथा सरोकारवालाहरूले सही रूपमा र समग्र रूपमा बुझ्न र व्यवहारमा उर्तान नसकेको हुन सक्दछ ।

## तीनजुरे हाते कागज उद्योगको स्थापना तथा सञ्चालनबाट भएको सिकाई

सङ्खुवासभा जिल्लाको तामाफोक गाविस स्थित तीनजुरे हाते कागज उद्योग नेपालको ग्रामीण क्षेत्रमा भएको उद्योग वा उद्यमशीलताको स्थापना तथा विकासका विषयमा भएको एक प्रतिनिधि उदाहरण हो । यस लेखमा तीनजुरे हाते कागज उद्योगको कागज उत्पादन गर्ने प्रक्रिया तथा अहिलेसम्मको उपलब्धि तथा चुनौतीहरूको व्याख्या गर्दै नेपालको ग्रामीण समाजमा उद्योग तथा उद्यमशीलताको विकास कसरी हुँदो रहेछ र यसले के कसरी स्थानीय जीविकोपार्जनमा योगदान पुऱ्याउँदो रहेछ भन्ने कुराका बारेमा छलफल गर्ने प्रयास भएको छ । यस उद्योगले स्थापनादेखि अहिलेसम्म विभिन्न सङ्घ संस्था तथा निकायहरूबाट प्राप्त गरेको विभिन्न सहयोगहरूको अवस्था हेर्दा ग्रामीण समाजमा उद्योगको स्थापना गरी सफल रूपमा सञ्चालन गर्नका लागि प्रशस्तै

लगानीको आवश्यकता पर्ने अनुमान लगाउन सकिन्छ । यद्यपि, उक्त उद्योगमा भएको लगानीबाट उत्पादन भएको कागजको बिक्री गरेपछि भएको आम्दानी वा मुनाफा तथा उक्त प्रक्रियामा सिर्जना भएको स्थानीय रोजगारीको अवस्थालाई विश्लेषण गर्दा सम्पूर्ण लगानीले स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याएको कुरा स्पष्ट देखिन्छ ।

सरसर्ती हेर्दा सङ्खुवासभा जिल्लाको तीनजुरे क्षेत्रमा एउटा हाते कागज स्थापना भई सञ्चालन भइरहेको मात्रै देखिन्छ । तर यस उद्योगका कारण स्थानीय समुदायमा विभिन्न खालका प्रभाव तथा परिवर्तनहरू परिरहेको छ । जस्तैः– उक्त उद्योगका कारण एकातिर १४ वटा सामुदायिक वन समूहआर्थिक तथा प्रशासनिक रूपमा क्रियाशील भइरहने मौका पाएका छन् भने अर्कोतिर यस उद्योगमा लगानी गर्ने व्यक्तिहरूका बीचमा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सामाजिक क्रिया अन्तरक्रियाहरू भइरहने वातावरण सिर्जना भएको छ । यसको अर्थ उक्त उद्योगले समाजका आर्थिक तथा सामाजिक क्रियाकलापहरूलाई क्रियाशील बनाउने काम गरिरहेको छ । जसले गर्दा उद्योगलाई सामाजिक उत्तरदायित्वको बोध तथा विकास गर्ने काम (Bigg and Misserschmidt 2005) लाई अनिवार्य तथा बाध्यकारी विषयको रूपमा स्थापित गर्ने आधार सिर्जना गर्न मद्दत गर्दछ । तर यस लेखमा उक्त उद्योगले के कसरी र कति मात्रामा स्थानीय रोजगारी सिर्जना गर्ने तथा स्थानीय अर्थतन्त्रको विकास गर्ने काममा योगदान पुऱ्याएको छ भन्ने कुराको मात्रै विश्लेषण गर्ने प्रयास गरिएको छ । यो भन्दा बढी कुराहरूको मिहीन विश्लेषण अरू कसैले गर्न सकेको खण्डमा ग्रामीण क्षेत्रमा रहेका यस्ता साना उद्योगहरूको विकास तथा प्रवर्धनमा के गर्न आवश्यक छ र कसरी गर्न सकिन्छ भन्ने कुरामा थप स्पष्टताको विकास हुन्छ ।

यस उद्योगमा भएको सम्पूर्ण लगानी, आम्दानी तथा यसबाट भएको रोजगारीको मिहीन विश्लेषण गर्न सकिएको छैन । यसको अर्थ यस उद्योगमा कति लगानी भएको छ र उक्त लगानीले कति उपलब्धि दिएको छ भन्ने कुराको यथेष्ट सामाजिक विश्लेषण गर्न सकिएको छैन । यस उद्योगको अध्ययन गर्ने अन्य अनुसन्धानकर्ताहरूले यस पक्षमा अध्ययन गर्न सकेको खण्डमा भविष्यमा यस उद्योगको माध्यमबाट हुने सामाजिक पक्षको मार्गचित्र तयार गर्न मद्दत पुऱ्याउनेछ ।

यस उद्योगमा कच्चा पदार्थ सङ्कलन गर्ने व्यक्ति वा समुदायको अनुभव, विचार, तथा बुझाइहरूको मिहीन तथा गहन विश्लेषण गर्ने कुरा त्यतिकै महत्त्वपूर्ण विषय हो । कच्चा पदार्थको खेती गर्ने, संरक्षण गर्ने, व्यवस्थापन गर्ने, सङ्कलन गर्ने, तथा बेचबिखन गरी आफ्नो व्यक्तिगत तथा पारिवारिक आम्दानीको वृद्धि गर्न चाहने कृषक वा विपन्न परिवारहरूको उक्त उद्योगप्रति के कस्तो धारणा छ र उनीहरू के भएको चाहन्छन् र कसरी भएको चाहन्छन् भन्ने कुराले उक्त उद्योगको भावी लक्ष्य तथा प्राथमिक कार्यक्रमको निर्धारण गर्दछ । तर यस लेखमा उक्त कुराको पनि विश्लेषण गर्न सकिएको छैन ।

यस उद्योगको सञ्चालन, विकास तथा दीर्घकालीनताका लागि देखिएका चुनौतीहरूलाई राम्रो अवसरका रूपमा परिणत गर्न सकिने प्रशस्त सम्भावनाहरूदेखिएको छ । तर ती सम्भावनाहरूलाई अभ्यासमा परिणत गर्नका लागि सबै सरोकारवालाहरूसँग छलफल गरी त्यसैका आधारमा तत्कालीन तथा दीर्घकालीन योजनाहरू निर्माण गरी तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्न थाल्नु पर्दछ । नेपाली हाते कागजको उत्पादनको प्रक्रियाले कोशी पहाडी क्षेत्रमा वन स्रोतमा आधारित तथा वन स्रोतसँग सम्बन्धित थुप्रै वन उद्यमहरू सञ्चालन गरी आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनहरू गर्ने काममा योगदान पुऱ्याउन सक्ने सम्भावना देखाएको छ । तर स्थापना भई विभिन्न कारणहरूले बन्द भएका उद्योगहरूको घटनाले भने यस बारेमा थप अध्ययन, अनुसन्धान तथा विश्लेषणको आवश्यकता सङ्केत गर्दछ ।

# निष्कर्ष

नेपाल वन स्रोत उपलब्धताको हिसाबले निकै सम्पन्न मुलुक भए तापनि उक्त स्रोतबाट हुनुपर्ने आर्थिक उपलब्धि तुलनात्मक रूपमा कम देखिन्छ । यसको एक प्रमुख कारण भनेको उपलब्ध वन स्रोतको दिगो व्यवस्थापन गर्दै ती स्रोतहरूको उचित बजारीकरण गर्न नसक्नु हो । यसका लागि वन स्रोतमा आधारित उद्यमहरूको स्थापना तथा सञ्चालन एक महत्त्वपूर्ण माध्यम हुन सक्दछ । वन उद्यमको स्थापना तथा सञ्चालन गरी स्थानीय रोजगारीको सिर्जना गर्ने तथा स्थानीय र राष्ट्रिय अर्थतन्त्रको वृद्धिमा योगदान पुऱ्याउने काम नेपाल सरकार लगायत नेपालको वन क्षेत्रका सरोकारवाला तथा सहयोगी निकायहरूको प्राथमिकताको विषय बन्दै आएको छ । तर यसको अपेक्षित नतिजा भने अझै न्यून देखिन्छ । यसको प्रमुख कारण भनेको संरक्षणमुखी वन नीति तथा कानून र नियन्त्रणमुखी वन संयन्त्र तथा कर्मचारीहरूको सोच तथा व्यवहार हो । यी कुराहरूमा रूपान्तरण नगरी वन उद्यमहरूको विकासको सम्भावना निकै कठिन देखिन्छ ।

कोशी पहाडी जिल्लाहरू वन स्रोत उपलब्धताका हिसाबले निकै सम्पन्न छन् । तर ती वन स्रोतहरूमा आधारित वन उद्यमहरूको स्थापना तथा सञ्चालन गरी स्थानीय रोजगारी सिर्जना गर्ने र आर्थिक विकासमा योगदान पुऱ्याउने खालका के कति कामहरू भएका छन् भन्ने विषयमा उपलब्ध तथ्याङ्कको विश्लेषण तथा केही स्थलगत अध्ययन र अवलोकन गर्दा उदाहरणीय कामहरूको कमी देखिन्छ । तर वन उद्यमको न्यून सफलता कोशी पहाडी जिल्लाहरूको मात्रै अनुभव भने पक्कै होइन । माथि उल्लेख गरिएका नीति तथा वन संयन्त्र बाहेक नेपालमा राजनैतिक अस्थिरता तथा आधारभूत विकास निर्माण, जस्तै यातायात तथा विद्युतका सुविधाहरूको अभावका कारण पनि वन उद्यमहरूको अपेक्षाकृत रूपमा विकास हुन नसकेको हो । यसका साथै कोशी पहाडी जिल्ला जस्ता ठाउँका ग्रामीण क्षेत्रमा बसोबास गर्ने र जीविकोपार्जनमुखी कृषि खेतीमा निर्भर रहेका समुदायका व्यक्तिहरूलाई तिब्र रूपमा विस्तार हुँदै गएको

पुँजीवादी बजार अर्थतन्त्रले उत्पादन गरेका वस्तुहरूसँग प्रतिस्पर्धा गर्ने खालका उद्योगहरू स्थापना गर्न सक्ने क्षमता नहुनु पनि असफलताको अर्को प्रमुख कारण हो । जसले गर्दा कोशी पहाडी जिल्लाहरूमा विभिन्न सङ्घ संस्था तथा विकासे परियोजनाहरूको सहयोगमा स्थापित वन उद्यमहरू सान्त्वना तथा दया मायामा आधारित बजारका भरमा सञ्चालन हुनु परेको छ ।

"उद्योग" शब्द आफैंमा एक जटिल र बृहत् अर्थ बोकेको शब्द हो । यसको दायरालाई चाहे अनुसार खुम्च्याउन र फराकिलो पार्न सकिन्छ । सामान्य रूपमा हेर्दा र बुझ्दा हामीले उद्योग भन्ने वित्तिकै ठूलो संस्था, धेरै मात्रामा वस्तुको उत्पादन गर्ने, ठूलो धनराशी खर्च वा लगानी गरी सञ्चालन भएको एक संस्थाको परिकल्पना गर्दछौं । यस लेखमा व्याख्या गरिएको हाते कागज उत्पादन गर्ने उद्योगको उदाहरणले कुनै पनि सानो उद्योगले सिर्जना गरेका आर्थिक अवसरहरू, सामाजिक अन्तरसम्बन्ध तथा यसले स्थानीय अर्थतन्त्रमा पुऱ्याएको योगदानको विश्लेषण गर्ने कामको आवश्यकतालाई उजागर गरेको छ । यस्ता उद्योगको स्थापना, विकास र प्रवर्धन नेपाली समाजको आर्थिक, भौगोलिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक पृष्ठभूमिको सन्दर्भमा आवश्यक तथा फलदायी हुन्छ भन्ने कुरा स्थापित गरेको छ ।

नेपालका कैयौं ठाउँहरूमा प्रशस्त आर्थिक सम्भावनाहरू बोकेका वन क्षेत्र, वन समूह तथा उपभोक्ताहरू निष्क्रिय भइरहेका छन् । देशमा अर्थतन्त्रको विकास र स्थानीय रोजगारीको सिर्जना गर्नका लागि यस्ता सम्भावित ठाउँहरूमा उद्योग तथा उद्यमीहरू ( स्थापना भएका र स्थापना गर्न सम्भव) को पहिचान गरी उनीहरूलाई चाहिने सहयोग गर्ने वातावरणको सिर्जना गर्नु अहिलेको आवश्यकता हो *(Ojha et al., 2000)* । त्यसैगरी स्थानीय स्तरमा रहेका विभिन्न प्रकारका वन स्रोतहरूमा आधारित लघु उद्यम तथा उद्यमीहरूको पहिचान गर्ने र उनीहरूको योगदानको अध्ययन तथा विश्लेषण गर्नु अर्को महत्त्वपूर्ण पाटो हो ।

कुनै उद्योग सफल रूपमा सञ्चालन हुनका लागि उद्योगप्रति पेशागत हिसाबले प्रतिबद्ध तथा दक्ष उद्यमीको विकास हुन जरुरी छ । कुनै व्यक्ति एक उद्योगप्रति प्रतिबद्ध बन्नका लागि उसलाई उक्त पेशाप्रति प्रोत्साहन गर्ने केही आधारहरू चाहिन्छ । एक प्रमुख आधार भनेको उसले उक्त उद्योगको स्थापना तथा सञ्चालन गरेपछि प्राप्त गर्ने वा आर्जन गर्ने आम्दानी नै हो । तर समुदायमा आधारित वन उद्यममा एकातिर वास्तविक उद्यमी को हुने भन्ने कुराको निर्णय हुन नै कठिन हुन्छ भने अर्कोतिर कोही व्यक्ति उद्योगको सञ्चालक समिति अध्यक्ष वा उद्योग व्यवस्थापक भएर काम गरे पनि माथि भनिए जस्तो उद्योगप्रति प्रतिबद्ध उद्यमी बन्न प्रोत्साहन गर्ने आर्थिक लाभ लिने कुरा विवादको विषय बन्दछ । यसैगरी दक्ष उद्यमीको विकास गर्ने काम अझ चुनौतीपूर्ण देखिन्छ । किनभने एक उद्यमलाई सफल रूपमा सञ्चालन गर्नका लागि कच्चा पदार्थको दिगो उपलब्धता, समय अनुसारको प्रविधिको विकास तथा प्रयोगका लागि आर्थिक लगानीको व्यवस्था, दक्ष तथा सिपालु कामदारको व्यवस्था, तथा ती

कामदारहरूको दिगोपना, उत्पादनको गुणात्मकता तथा गुणस्तरीयताको सुनिश्चितता, बजारसँगको विश्वासिलो सम्बन्ध, तथा यी सम्पूर्ण कुराहरूका लागि व्यावसायिक योजना निर्माण गर्ने तथा उक्त योजना अनुसार काम गर्ने क्षमता हुनुपर्ने जस्ता कुराहरू नितान्त आवश्यक पर्दछ । यी सम्पूर्ण कुराहरूको ज्ञान तथा क्षमता भएको दक्ष उद्यमीको विकास गर्ने काम एकातिर निकै चुनौतीपूर्ण हुन्छ भने अर्कोतिर यस्ता दक्ष उद्यमीले सामुदायिक उद्यममा दिगो रूपमा प्रतिबद्ध भई काम गर्ने सम्भावना न्यून हुन्छ ।

यस पुस्तिकामा व्याख्या गरिएको सङ्खुवासभा जिल्लाको नेपाली हाते कागज उत्पादन गर्ने उद्योग समुदायमा आधारित वन उद्यम हो । देशका विभिन्न ठाउँहरूमा विभिन्न स्वरूपमा सञ्चालित तथा सम्भावित समुदायमा आधारित उद्यमहरूको पहिचान, प्रवर्धन तथा विकासका लागि नीतिगत सुधारको आवश्यकता छ । उक्त नीतिगत सुधारले अन्ततः सम्पूर्ण वन कर्मचारीहरूमा समुदायमा आधारित वन उद्यमहरूलाई हेर्ने दृष्टिकोणका साथै व्यवहारका शैलीहरूमा परिवर्तन गर्दै यस्ता उद्यमहरूको स्थापना तथा सञ्चालनमा नियन्त्रणकारी भन्दा सहजीकरण गर्ने भूमिकाको वातावरण तथा अभ्यासको विकास गर्न सकोस् । यसकारण, समुदायमा आधारित वन उद्यमको स्थापना, सञ्चालन तथा विकासका लागि स्पष्ट तथा छुट्टै नीतिगत व्यवस्थाको आवश्यकता देखिन्छ । उक्त व्यवस्थाले समुदायमा आधारित वन उद्यम सञ्चालनको स्पष्ट संरचनागत खाका तयार गरी परिवर्तित बजारसँग प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्ने, वन स्रोतमा आश्रित गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जनको अवस्थामा सुधार गर्ने, र वन स्रोतको दिगो उपयोगको सुनिश्चितता गर्ने जस्ता कुराहरूमा सन्तुलन ल्याउन सकोस् । यसका लागि बाह्य सहयोगहरू (आर्थिक तथा प्राविधिक) को महत्त्वपूर्ण भूमिका भए पनि यस्ता सहयोगहरूले उद्यमीहरूमा सिर्जना गरेको परनिर्भरतामुखी चिन्तन तथा व्यवहारलाई कसरी अन्त्य गर्न सकिन्छ भन्ने विषयमा सजग हुनुपर्ने आवश्यकता छ । यसका लागि बाह्य सहयोग कसलाई, कहाँ, किन, कहिले, कति आवश्यक छ भन्ने कुराको सही ज्ञान हुनु पर्दछ ।

# सन्दर्भ सामग्रीहरू


**ANSAB.** 2009. Challenges and opportunities for Nepal's small and medium forest enterprises (SMFEs). Asia Network for Sustainable Agriculture and Bioresources (ANSAB), Kathmandu, Nepal.

**Bigg, Stephen, and Misserschmidt, D.** 2005. Social Responsibility in the Growing Handmade Paper Industry of Nepal. World Development Vol. 33, No. 11, pp. 1821–1843.

**DFRS.** 2015. State of Nepal's Forests. Forest Resource Assessment (FRS) Nepal, Department of Forest Resources and Survey (DFRS), Kathmandu, Nepal.

**Dutta, P.** 1994. Lokta (Daphne) Species: the Supply situation in Basantapur Area. Nepal UK- Community Forestry Project, Kathmandu, Nepal.

**DVN and NORMS.** 2013. District Baseline Development Report (Shankhuwasabha, Bhojpur and Terhathum Districts). Multi Stakeholder Forestry Program (MSFP), Kathmandu.

**HANDPASS.**2003. Lokta Production and Handmade Paper Making in Nepal- Problems and Way Forward'? Kathmandu (Unpublished).

**HMGN.**1988. Master Plan for Forestry Sector, Nepal. His Majesty's Government of Nepal (HMG)/ADB/FINNIDA, Kathmandu, Nepal.

**Jeanrenaud, J. P.** 1984a. Daphne (Lokta), Some Silvicultural Considerations. In Proceedings Workshop and Seminar on Lokta (Daphne) and Craft paper Making in Nepal. Department of Forest and UNICEF, Kathmandu.

**Jeanrenaud, J. P.** 1984b. Lokta (Daphne Spp) & Craft Paper- Making in Nepal. Department of Forest, Kathmandu, Nepal.

**Kunwar, S., Ansari A. S., and Luintel, H.** 2009. Non-Timber Forest Products Enterprise Development: Regulatory Challenges in Koshi Hill of Nepal. Journal of Forest and Livelihood, pp. 39-50.

**MoFSC.** 2013. Persistence and Change: Review of 30 years of community forestry in Nepal. Ministry of Forest and Soil Conservation, Government of Nepal, Kathmandu.

**MoFSC.** 2060 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2061 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2062 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2063 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2064 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2065 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2066 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2067 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2068 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2069 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC.** 2070 (BS). Hamro Ban. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**MoFSC/GoN.** 2013. Persistence and Change: Review of 30 years of community forestry in Nepal. Ministry of Forest and Soil Conservation, Government of Nepal, Kathmandu.

**MoFSC/GoN.** 2014. National Biodiversity Strategy and Action Plan (NBSAP) 2014-2020. Government of Nepal (GoN), Ministry of Forest and Soil Conservation (MoFSC), Kathmandu.

**Ojha, H.O; Subedi, B. P; Dangal, S. P.** 2000. Assessment and Sustainable Harvesting of Non- Timber Forest Products: Some Initiatives in Community Forestry in the Hills of Nepal. Asia Network for Sustainable Bioresources (ANSAB), Kathmandu.

**Paudel, D.** 2012. In Search of Alternatives: Pro-Poor Entrepreneurship in Community Forestry. The Journal of Development Studies, 48:11, 1649-1664.

**Pyakurel, D., & Baniya, A.** 2011. NTFPs: Impetus for Conservation and Livelihood support in Nepal. A Reference Book on Ecology, Conservation, Product Development and Economic Analysis of Selected NTFPs of Langtang Area in the Sacred Himalayan Landscape. WWF Nepal.

**उद्योग मन्त्रालय** । २०७० । औद्योगिक प्रवर्धन तथ्याङ्क । घरेलु तथा साना उद्योग विभाग । नेपाल सरकार, काठमाडौं ।

**नेपाल सरकार** । २०७१ । नेपाल सरकार राजपत्रको निर्णय, असोज ६ गते २०७१ साल । नेपाल सरकार, उद्योग मन्त्रालय । काठमाडौं ।

**राई, जैलबकुमार, र भण्डारी, कमल ।** २०७१ । सामुदायिक वनमा सुशासन सुदृढीकरणका लागि सहयोगी पुस्तिका । फरेष्टएक्सन नेपाल र आरआरएन, काठमाडौं ।

**राई, जैलबकुमार, ढुङ्गाना, कृष्ण, राई, उत्तरकुमार, र राई, इन्द्रकिशान** । २०७१ । कोशी पहाडी जिल्लाहरूमा नेपाली हाते कागज उत्पादन: वर्तमान अवस्था, चुनौती र सम्भावनाहरू । *हाम्रो वन सम्पदा, वर्ष १२(१),* पे.नं.५३-७१ ।



MSFP
Multi Stakeholder Forestry Programme
बहुसरोकारवाला वन कार्यक्रम

ForestAction

ISBN 978-9937-0-1233-1


## फरेष्टएक्सन नेपाल

बागडोल, ललितपुर
पोष्ट बक्स: १२२०७, काठमाण्डौं, नेपाल
टेलिफोन: ९७७-०१-५००१३६२, ५००११४४
इमेल: fa@forestaction.org
वेभसाइट: www.forestaction.org